


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)






# आज दोस्रो महासंग्राम

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले दोस्रो चरणमा प्रदेश नं १, ५ र ७ का ३५ जिल्लाका ३ सय ३४ स्थानीय तहमा असार १४ गते हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ।

निर्वाचन आयोगद्वारा मंगलबार आयोजित पत्रकार प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले सबै मतदातालाई निर्धक्क भएर मतदानमा सरिक हुन आग्रह गर्नुभयो। डा. यादवले भन्नुभयो- 'सबै मतदाताले एक दिन राष्ट्रका लागि समय प्रदान गरी दु:ख सहेर भए पनि मतदानमा सरिक भई आफूले रोजेको योग्य उम्मेदवारलाई मतदान गर्न अनुरोध गर्दछु।'

दोस्रो चरणको निर्वाचनका लागि ६२ हजार ४ सय ८ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्। निर्वाचनमा ४१ उम्मेदवार निर्विरोध निर्वाचित भइसकेका छन्।

दोस्रो चरणको स्थानीय तहको निर्वाचनका लागि निर्धारण गरिएको ८ हजार ३ सय ६४ मतदान केन्द्रमा गई मतदाताले बुधबार बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म मतदानस्थलमा प्रवेश गरी मतदान गर्नसक्ने आयोगले व्यवस्था मिलाएको छ। स्थानीय तहको निर्वाचन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष, नगरपालिका प्रमुख, उपप्रमुख र वडाध्यक्ष, वडा सदस्य, महिला वडा सदस्य र दलित महिला वडा सदस्यका लागि हुन लागेको हो।

निर्वाचनमा ६४ लाख ३२ हजार ७ सय ६५ मतदाताले मतदानमा सहभागी भई १५ हजार ३८ प्रतिनिधि निर्वाचित गर्नेछन्। यसका लागि देशभर ४ हजार ५ सय ८१ मतदानस्थलमा ८ हजार ३ सय ६४ मतदान केन्द्र निर्धारण गरिएको छ। मतदानमा सुरक्षाकर्मीबाहेक ६६ हजार ९ सय कर्मचारी खटिएका छन्। डा. यादवले निर्वाचनमा सुरक्षाको भरपर्दो प्रबन्ध मिलाइएको हुँदा ढुक्क भएर मतदान प्रक्रियामा सहभागी हुन र आफ्नो अमूल्य मत सात जना उम्मेदवारलाई प्रदान गर्न आग्रह गर्नुभयो।

कुनै कारणवश मतदाता परिचयपत्र प्राप्त गर्न नसकेमा वा प्राप्त गरेका परिचयपत्र हराएमा, नष्ट भएमा, नेपाली नागरिकताको प्रमाणपत्र, राहदानी, सवारीचालक अनुमतिपत्र, जग्गाधनी प्रमाणपत्र, सरकारी निकायबाट



- ६२ हजार ४ सय ८ उम्मेदवार भिड्दै
- ६४ लाख ३२ हजार ७ सय ६५ छन् मतदाता
- ३५ जिल्ला ३ सय ३४ स्थानीय तहमा हुँदै छ मतदान
- मतदानमा सरिक हुन निर्वाचन आयोगको अनुरोध
- बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म हुनेछ मतदान
- सुरक्षा व्यवस्था सुदृढ गरिएको जनाउ
- मतदाता परिचयपत्रका साथ अन्य परिचयपत्र पनि प्रयोग गर्न सकिने

तस्वीरसहित जारी भएको अन्य परिचयपत्रसमेतका आधारमा मतदान गर्न पाउने व्यवस्था गरिएको छ। मतदाता नामावली तथा मतदाता परिचयपत्रमा सामान्य त्रुटि पाइएमा स्थानीय तह निर्वाचन निर्देशिकाबमोजिम सानोतिनो भूलचुक मानी निजको नागरिकता प्रमाणपत्रको विवरणलाई मूल आधार लिई मतदान गर्न दिने व्यवस्था पनि आयोगले मिलाएको छ।

स्थानीय तह दोस्रो चरणको निर्वाचनमा एक महानगरपालिका, सात उपमहानगरपालिका, १ सय ११ नगरपालिका र २ सय १५ गाउँपालिकामा निर्वाचन हुँदै छ। निर्वाचनमा ४८ संस्थाका ६ हजार ७ सय ३३ पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गर्नेछन् भने आयोगले ३५ वटै जिल्लामा अनुगमनकर्ता र सूक्ष्म अनुगमनकर्ता खटाएको छ।

अपाङ्गता भएका, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, अशक्त वा बिरामी मतदातालाई मतदान गर्ने कार्यमा प्राथमिकता दिई उचित व्यवस्थापन मिलाउन र सहज ढङ्गले मतदानको प्रबन्ध गर्न निर्देशन दिइसकिएको जनाउँदै आयोगले भनेको छ, 'दृष्टिविहीन वा शारीरिक अशक्तता भएका मतदाताले आफैं मत सङ्केत गर्न नसकेमा एकाघरको परिवारका सदस्यले मतदान अधिकृतको स्वीकृति लिएर वा मतदान अधिकृतको सहयोगमा मतसङ्केत गर्न सक्नुहुनेछ।'

दोस्रो चरणको निर्वाचनमा आयोगले नेपालस्थित कूटनीतिक नियोगका सदस्यलाई तीन वटा प्रदेशका धनकुटा, विराटनगर, भैरहवा, पाल्पा, धनगढी र डडेल्धुरामा अवलोकन भ्रमणको समेत व्यवस्था मिलाएको छ।

आचारसंहिताको पूर्णपालना गरी मतदातालाई मताधिकारको सुनिश्चित हुने सहज वातावरण निर्माणका लागि सबैसँग अनुरोध गर्दै आयोगले मौन अवधिमा आफ्ना वेबसाइट तथा फेसबुक एवम् ट्वीटरलगायत सामाजिक सञ्जाल वा अन्य माध्यमबाट समेत निर्वाचनको प्रचारप्रसार नगर्न र मौन अवधिको पूर्णपालना गर्न ध्यानाकर्षण गराएको छ। नेपाल सरकार, मित्र राष्ट्र, दातृ निकाय तथा विकास साझेदार संस्था तथा अन्तर्राष्ट्रिय समुदायको निर्वाचनमा हुँदै आएको निरन्तर सहयोग र सद्भावप्रति पनि आयोगले धन्यवाद दिएको छ।

## मताधिकार प्रयोग गर्न अनुरोध

काठमाडौं, (नेस)



राष्ट्रपति विद्यादेवी भण्डारीले यही असार १४ गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा उत्साह र उमङ्गका साथ सहभागी भई संविधान प्रदत्त बालिग मताधिकारको प्रयोग गर्न आम मतदाताहरूमा अनुरोध गर्नुभएको छ।

राष्ट्रपतिले मंगलबार दिनुभएको सन्देशमा देश संघीय संरचनामा गएको परिप्रेक्ष्यमा नेपालको संविधानले २०७४ माघ ७ गतेभित्र उक्त संरचनाअन्तर्गत सबै निर्वाचन सम्पन्न हुनुपर्ने व्यवस्था गरेको स्मरण गराउँदै स्थानीय तह निर्वाचनको उत्तिकै महत्त्व रहेको बताउनुभएको छ।

उहाँले स्थानीय निर्वाचनले स्थानीय तहलाई अधिकार र दायित्वले सम्पन्न तुल्याई सामाजिक र आर्थिक समृद्धिको ढोका खोल्ने विश्वास व्यक्त गर्नुभएको छ।

'नेपाली जनताको लामो संघर्षको फलस्वरुप नेपालको संविधानसभाद्वारा निर्मित संविधान जारी भएपश्चात् हुन लागेको स्थानीय तहको निर्वाचनका अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई निर्वाचन शान्तिपूर्ण ढंगले सफल बनाउन आह्वान गर्दछु।' -राष्ट्रपतिले सन्देशमा भन्नुभएको छ।

## आफैले बोकेको बम पड्केर मृत्यु

कैलाली, (नेस)



धनगढी उपमहानगरपालिका-१ स्थित खानेपानी कार्यालयको क्षेत्रभित्र आफैले बोकेको हाल नाम नखुलेको विस्फोटक पदार्थ सोमबार अचानक पड्कँदा गम्भीर घाइते भएका सोही उपमहानगरपालिका-१२ बस्ने ३० वर्षीय सनराइज भन्ने चन्द्र सिंहको सेती अञ्चल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीबाट थप आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

मत हाल्न जाँदा छाता चाहिने भो पृष्ठ ९

## ५ वर्षभित्र राष्ट्रिय परिचयपत्र

### ट्राफिक प्रहरीले पाउँदै आएको कमिसन रोकियो

काठमाडौं, (नेस)

गृहमन्त्री जनार्दन शर्माले सबै नेपालीलाई पाँच वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गरिने बताउनुभएको छ।

पासपोर्ट, नागरिकता, लाइसेन्सजस्ता परिचयपत्र एकीकृत गर्दै 'एक व्यक्ति एक परिचयपत्र' प्रणाली लागू गर्नका लागि पाँच वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गरिने गरी काम अगाडि बढाएको मन्त्री शर्माले जानकारी दिनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

## शेयर ओरालोमा

रोबिन पौडेल, काठमाडौं

दोस्रो चरणमा हुन लागेको स्थानीय निकायको चुनावको अघिल्लो दिन नेप्से परिसुचकमा गिरावट आएको छ। लगातार तीन दिन बढेर सुधारको संकेत देखाएको नेप्से परिसूचक साताको तेस्रो दिन भने २ दशमलव ६३ अंकले घटेको हो।

परिसूचक गत साताको अन्तिम दुई दिन तथा आइतबार सकारात्मक देखिएको थियो। सार्वजनिक बिदा परेकाले सोमबार भने शेयर कारोबार भएको थिएन। मंगलबार शेयर बजार परिसूचक १ हजार ५ सय ६७ दशमलव ७२ बाट शुरू भई १ हजार ५ सय ६५ दशमलव शून्य ९ को बिन्दुमा आएर रोकिएको हो।

परिसूचक ओरालो लागेसँगै मंगलबार कारोबार रकममा पनि गिरावट आएको छ। मंगलबार शेयर बजारमा १ सय ५१ कम्पनीका १० लाख २८ हजार ७ सय ५० कित्ता शेयर ६१ करोड ९१ लाख ३४ हजार ६ सय ३९ रुपियाँमा कारोबार भए।

कारोबार रकम आइतबारभन्दा १६ दशमलव ३ प्रतिशतले कम हो। आइतबार बजारमा ७३ करोड ९४ लाख ४१ हजार ३ सय ३५ रुपियाँको कारोबार भएको थियो।

(क्रमश: पृष्ठ ९ मा)





## स्थानीय निर्वाचन विशेष

# आज जनताको पालो









दोस्रो चरणको स्थानीय तह निर्वाचनअन्तर्गत आज मुलुकका ३५ वटा जिल्लामा निर्वाचन हुँदै छ। तस्वीरमा विप्लव माओवादीद्वारा गरिएको बन्दको हेलिकोप्टरबाट निरीक्षण गरिँदै, बर्दियामा धमाधम मतपत्र लिँदै स्थानीय बासिन्दा, ताप्लेजुङ पहिरोले छेकिएका मतदाता र मत हाल्नका लागि मंगलबार डोटीतर्फ जाँदै गरेका मतदाता।
तस्वीर : विमल विष्ट/डोटी, विष्णु तिमल्सिना/बर्दिया, रवीन भट्टराई/ताप्लेजुङ र विनोदसिंह विष्ट/बैतडी।

## मतदान केन्द्र पुग्नै ६ घण्टा

### मत खसाल्न मतदान केन्द्र पुगेका मतदाता बेलुका घर फर्कन असम्भव

**धनवीर दहाल, रुकुम**

पूर्वी रुकुमको पुथा उत्तरगंगा गाउँपालिका भौगोलिक हिसावले निकै दुर्गम गाउँपालिकामा पर्दछ। पुथा उत्तरगंगाको साथै भुमे र सिस्ने गाउँपालिका पनि उत्तिकै दुर्गममा पर्छन्। पुथा उत्तरगंगा गाउँपालिकाका केही बस्तीहरू यस्ता छन्। जुन बस्तीबाट तोकिएको मतदान केन्द्रसम्म मात्र पुग्नलाई ६ घण्टा समय लाग्दछ। मतदाता मतदान गर्न मतदान केन्द्र पुगेर साँझ घर फर्कन अबेर भइसकेको हुन्छ। वृद्धवृद्धालाई झनै समस्या छ। पुथा उत्तरगंगा गाउँपालिकाको पेल्मामा रहेको मतदान केन्द्रमा साविकको रन्मामैकोट ५ बाट पुग्न झन्डै ६ घण्टा समय लाग्ने स्थानीय सरोज बुढाले बताउनुभयो। बुढाका अनुसार वृद्धवृद्धालाई झनै समस्या हुने गर्दछ। 'मतदान केन्द्र पुग्नलाई बिहानै हिँड्नुपर्छ, ६ घण्टामा पुगेर लाइन लागी मतदान गरी घर फर्कन त कुनै पनि हालतमा सकिँदैन', बुढाले भन्नुभयो- 'मतदान गरेर एक दिनमा फर्कन असम्भव छ।'

पुथा उत्तरगंगामात्र होइन रुकुमको सिस्ने गगाउँपालिकाको ठूलो सिस्नेबाट मतदान केन्द्र पाखापानी पुग्न पनि ३ घण्टा लाग्ने गर्दछ। यसै गरी भुमे गाउँपालिकामा पनि त्यस्तै समस्या छ। भूगोलको हिसावले सबै गाउँपालिकाभन्दा ठूलो रहेका ती गाउँपालिकाका मतदातालाई यस पटक मतदान केन्द्र निकै टाढा भएको छ। गाउँपालिकाकै केन्द्रका लागि पटक-पटक आन्दोलनमा रहेका तकसेराबासी र छुट्टै स्थानीय तहको माग गरिरहेका मैकोटबासीले पनि कम्तीमा मतदान केन्द्र पायक पर्ने ठाउँमा राख्न अनुरोध पनि गरेका थिए।

दोस्रो चरणको निर्वाचनमा रुकुमका ३ वटा स्थानीय तहका ३१ मतदानस्थलमध्ये ९ वटा मतदानस्थल अति दुर्गममा छन्। दोस्रो चरणमा निर्वाचन हुने ३ स्थानीय तहमा २४ हजार ४ सय ८१ मतदाता रहेका छन्। जसमा सबैभन्दा बढी भुमेमा ८ हजार ५ सय ५५, सिस्नेमा ८ हजार ३ सय ६८ र पुथा उत्तरगंगा गाउँपालिकामा ७ हजार ५ सय ५८ मतदाता रहेका छन्।

## सचिवलाई ठीक ठाउँमा राख्न निर्वाचन आयोगको आग्रह

काठमाडौं, (नेस)

निर्वाचन आयोगले आयोगका पूर्वसचिव गोपीनाथ मैनालीलाई व्यावसायिक तथा नैतिक अनुशासनभित्र राख्ने वातावरण सिर्जना गर्न सरकार समक्ष आग्रह गरेको छ।

सचिव मैनालीले निजामती प्रशासनको मर्यादाविपरीत, भ्रामक र आधारहीन प्रचारबाजी गरेको जनाउँदै आयोगले सरकार समक्ष उक्त आग्रह गरेको हो।

गरिमामय संवैधानिक आयोग र आयोगका पदाधिकारीको मानमर्दन हुने गरी हुँदै नभएको लाञ्छना लगाई जनसमुदायमा भ्रम फैलाएर निर्वाचन आयोगको निष्पक्षता, स्वतन्त्रता र गरिमामा सचिव मैनालीले आघात पुर्‍याएको आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सचिव सरुवाको विषयलाई लिएर आमसञ्चारका माध्यम तथा सामाजिक सञ्जालमा अनर्गल भ्रामक र तथ्यहीन समाचार प्रकाशन भएकामा आयोगको ध्यानाकर्षण भएको जनाएको छ। १ करोड ४० लाखभन्दा बढी मतदाता नामावली छपाई, मतदाता परिचयपत्रको व्यवस्थापन, मतदाता शिक्षालगायत कार्यक्रमलाई समयमै व्यवस्थापन गरी पहिलो चरणको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरिएको कुराको स्मरण पनि आयोगले गरेको छ।

स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न गर्न आयोगका सम्पूर्ण कर्मचारी अहोरात्र कठोर मेहनत, कुशलता र निष्ठापूर्वक खटिएको र असहज वातावरणमा पनि पहिलो चरणको निर्वाचनको जिम्मेवारी पूरा भएको आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

स्थानीय तहको दोस्रो चरणको निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाउँदै आयोगले बुधबार हुने निर्वाचनमा निर्धक्क भई मतदान गर्न मतदातालाई आग्रह गरेको छ।

## डोटीमा बन्दको प्रभाव शून्य

**विमल विष्ट, डोटी**

नेत्र विक्रम चन्द 'विप्लव' ले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले गरेको बन्दको डोटीमा कुनै असर परेन। यहाँका बजार तथा कलकारखानालगायत सवारीसाधन निर्वाधरूपमा चलेका थिए। बन्दमा कुनै पनि अप्रिय घटना हुन नदिन बिहानैदेखि यहाँका बजार तथा सडकहरुमा प्रहरीको बाक्लो उपस्थित रहेको थियो।

त्यस्तै, प्रहरीले यहाँका विभिन्न नाकाहरुकामा आफनो सुरक्षा चेक जाँचमा पनि निकै कडाई गरेको छ। डोटी जिल्लाका मतदानस्थललगायत राजमार्गमा १५/१५ मिनेटको दूरीमा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको मोबाइल टोलीले बिहानैदेखि गस्ती गरिरहेको जिल्ला सुरक्षा समितिका संयोजक तथा डोटीका प्रमुख जिल्ला अधिकारी गोकर्णप्रसाद शर्माले बताउनुभयो।

उहाँले भन्नुभयो- 'बन्दको कुनै पनि प्रभाव पर्न दिन्नौं, भएभरको सुरक्षा फौज सडकमा उतारेका छौं, कसैले चिन्ता लिनुपर्ने अवस्था छैन।' त्यस्तै हवाई सुरक्षा गस्तीका लागि नेपाली सेनाले सुदूरपश्चिम पृतना हेडक्वार्टर दीपायल राजपुरमा हेलिकोप्टर तयारी अवस्थामा राखेको सुदूरपश्चिम पृतना दीपायल राजपुरले जनाएको छ। पैदल गस्ती सँगसँगै हवाई गस्ती पनि मंगलबारबाट शुरु गरिएको छ।

## झापामा तयारी पूरा

**उत्तम नेपाल, भद्रपुर**

झापामा स्थानीय तह निर्वाचनको तयारी पूरा भएको छ। शान्ति सुरक्षासहित निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको र मतपेटिकासहित निर्वाचन सामग्री लिएर मतदान अधिकृतलगायत सबै कर्मचारी मतदान केन्द्र पुगिसकेको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख गोपाल आचार्यले बताउनुभयो। ११ असारदेखि सम्बन्धित मतदान केन्द्रबाट मतदाता परिचयपत्र वितरणकार्य शुरु गरिएको मुख्य निर्वाचन अधिकृत सुदर्शनराज पाण्डेले बताउनुभयो। १३ गतेसम्म मतदाता परिचयपत्र वितरण हुनेछ। अहिले धमाधम मतदानका लागि घेरावारा भइरहेको छ। पाण्डेका अनुसार मतदाताले बिहान ७ देखि अपराह्न ५ बजेसम्म आ-आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नेछन्।

मतदाताले स्थानीय तह सरकार निर्माणका लागि नगरपालिकामा नगर प्रमुख र उपप्रमुख, वडाध्यक्ष प्रत्येक वडामा ४ जना सदस्य तथा गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष तथा वडाध्यक्ष प्रत्येक वडामा ४ जना सदस्य चुन्न सक्ने निर्वाचन कार्यालय झापाका प्रमुख आचार्यले बताउनुभयो। जिल्लामा कुल २ सय ८३ वटा मतदान स्थल, ६ सय ३७ मतदान केन्द्र रहेका छन्।

झापामा दोस्रो चरणको निर्वाचनमा ७ सय २३ पदका लागि ३ हजार ३ सय ४० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। निर्वाचन कार्यालय झापामा कुल ३१ वटा पार्टी दर्ता भए पनि १७ वटा दलले मात्र आधिकारिक चुनाव चिह्न पाएका छन्। बाँकीले स्वतन्त्ररूपमा चुनाव लडेका छन्। पहिलो चरणको निर्वाचनमा १३ हजार ५ सय ५६ पदका लागि ४९ हजार ३ सय ३७ उम्मेदवार प्रतिस्पर्धामा थिए। पहिलो चरणमा ४९ लाख ५६ हजार ९ सय २५ मतदाता रहेका थिए। ८ नगरपालिका र ७ वटा गाउँपालिका गरी कुल १५ वटा स्थानीय तह रहेको झापामा ५ लाख १० हजार २ सय १६ जना मतदाता रहेका छन्। निर्वाचन कार्यालयले जिल्लाका प्रत्येक मतदातालाई भयरहित वातावरणमा आफूले चाहेको र खोजेको जनप्रतिनिधिलाई मतदान गर्न भनेको छ। कार्यालयले प्रत्येक राजनीतिक दल, तिनका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारलाई निर्वाचन आचार संहिता पालना गर्न आग्रह गरेको छ।

जिल्ला प्रशासन कार्यालय झापाले बुधबार हुने निर्वाचनमा ढुक्क भएर मतदान गर्न मतदातालाई आग्रह गरेको छ। निर्वाचनमा सुरक्षाको भरपर्दो व्यवस्था गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक शैलेश थापा क्षत्रीले बताउनुभयो। सुरक्षाकर्मीसहित जिल्लामा ८ हजार ८ सय २७ जना जनशक्ति परिचालन गरिएको छ। प्रहरी उपरीक्षक क्षत्रीका अनुसार झापाका सबै मतदानस्थलमा १ हजार ९ सय नेपाल प्रहरी, २ हजार १ सय म्यादी प्रहरी परिचालन गरिएको छ। यसबाहेक सशस्त्र प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धान, तथा सादा पोशाकमा समेत प्रहरी परिचालन गरिएको छ। झापामा स्थानीय तह निर्वाचनमा शान्ति सुरक्षाको व्यवस्था मजबुत भएको भन्दै प्रहरी उपरीक्षक क्षत्रीले प्रत्येक मतदातालाई आफ्नो अमूल्य मत कसैको लोभ, डर, त्रास र धम्कीमा नपरी आफूले चाहेको जनप्रतिनिधिलाई गोप्यरूपमा मतदान गर्न आग्रह गर्नुभएको छ। सशस्त्र प्रहरी बल नेपाल, सीमा सुरक्षा कार्यालय झापाले १ हजार बढी प्रहरी परिचालनको गरेको सशस्त्र प्रहरी उपरीक्षक आनन्द नेम्वाङले बताउनुभयो।



**पोकोमा मतपत्र :** पहिलो चरणको निर्वाचनमा विवादमा आएको भरतपुर नगरपालिकाको च्यातिएको मतपत्र मंगलबार राजधानी पठाइँदै। सर्वोच्च अदालतले सो मतपत्र झिकाएको हो।

## उम्मेदवारको घर छेउमा बम

भद्रपुर, (नेस)

झापामा नेकपा माओवादी केन्द्रका उम्मेदवारको घर छेउमा बम फेला परेको छ। दमक नगरपालिकाका मेयरका उम्मेदवार गगन पुरीको घर छेउमा बम भेटिएको हो। पुरीको घरदेखि १० मिटर पूर्वपट्टी बम भेटिएको थियो।

इलाका प्रहरी कार्यालय दमकका प्रमुख डीएसपी राजन लिम्बुले लगभग बिहान ५ बजे बम फेला परेको बताए। उनले नेपाली सेनाको डिस्पोजल टोलीले मंगलबार ८ बजे बम निस्कृय पारेको छ। यसै गरी माओवादी केन्द्र विर्तामोड नगरपालिका उपमेयरकी उम्मेदवार लक्ष्मी न्यौपाने सरूको घर छेउमा सोमबार बम फेला परेको थियो। न्यौपानेको निवासलाई लक्षित गरी बम राखिएको थियो।

## ढुक्क भएर मतदानमा सहभागी हुन आग्रह

बुटवल, (नेस)

दोस्रो चरणमा हुन लागेको स्थानीय तहको निर्वाचनको मिति आउन २ दिन मात्रै बाँकी रहँदा प्रदेश नम्बर ५ अन्तर्गतको प्रहरीले सुरक्षाको पूर्ण प्रबन्ध मिलाइएको र सुरक्षाका कारणले कसैले पनि सन्त्रास लिन नपर्ने प्रस्ट पारेको छ।

पश्चिम क्षेत्रअन्तर्गत ५ नम्बर प्रदेशका स्थानीय तहमा निर्वाचनको तयारीका बारेमा जानकारी गराउन प्रहरीले सोमबार बुटवलमा पत्रकार भेटघाट कार्यक्रम गरी निर्वाचनपूर्व, निर्वाचनको समयमा र निर्वाचनपश्चात् गर्नुपर्ने कामको सम्पूर्ण तयारी पूरा भएको प्रहरी नायव महानिरिक्षक मधुप्रसाद पुडासैनीले जानकारी गराउनुभयो।

प्रदेश नम्बर ५ अन्तर्गत लुम्बिनी अञ्चलका ६ जिल्लामा १ उप-महानगरपालिका, २१ वटा नगरपालिका र ३९ वटा गाउँपालिका गरी ६१ वटा स्थानीय तह छन्। त्यस्तै ९ सय १० वटा मतदानस्थल र ८ सय ७७ वटा केन्द्र छन्। त्यसमध्ये ३ सय ४६ वटा मतदानस्थललाई प्रहरीले अति संवेदनशीलको सूचीमा राखेको छ। त्यस्तै २ सय ४५ स्थान संवेदनशील र ३ सय ९१ वटा स्थानलाई सामान्यको सूचीमा प्रहरीले राखेको छ।

सुरक्षा समितिले निर्वाचन बहिस्कार गर्ने, तथा विरोध गर्ने, बाढी, पहिरोजस्ता कारणबाट हुने सक्ने सम्भावित क्षति हुन नदिनका लागि तीन प्रकारको सुरक्षा रणनीति बनाएर सोहीअनुसार पूर्वसूचना संकलन गर्ने र सोहीअनुसारको सुरक्षा पबन्ध मिलाइएको उहाँले बताउनुभयो। सुरक्षाको पूर्ण प्रबन्ध मिलाएको बताउँदै उहाँले आम मतदातालाई ढुक्क भएर निर्वाचनमा सहभागी हुन पनि आह्वान गर्नुभयो।

लुम्बिनी अञ्चलमा ७ हजार २ सय ८० प्रहरी तथा ७ हजार ८ सय ७५ म्यादी प्रहरी परिचालन गरिएको छ भने एउटा मतदानस्थलमा २३ जनासम्म प्रहरी परिचालन गरिएको उहाँले जानकारी दिनुभयो।

सुरक्षा सम्वेदनशीलताका आधारमा अति सम्वेदनशील स्थानमा प्रहरीले सूचना संकलन गर्ने र त्यसका आधारमा मोबाइल गस्ती परिचालन गरिएको तथा स्ट्र्याकिङलाई प्रभावकारीरूपमा परिचालन गर्ने रणनीतिअनुसार तयारी अवस्थामा राखिएको उहाँले जानकारी गराउनुभयो।

प्रहरीले सुरक्षा व्यवस्थालाई शान्तिपूर्ण बनाउनकै लागि निर्वाचनको विषयलाई लिएर असन्तुष्ट पक्षबाट भएको विरोधका कार्यक्रमलाई नियन्त्रण गर्ने क्रममा १४ जनालाई प्रहरीले मुद्दा चलाएको छ। त्यस्तै प्रहरीले निर्वाचनविरोधी समूह तथा निर्वाचन बहिस्कार गर्नेमाथि निगरानी बढाएको जनाएको छ।

त्यस्तै प्रहरीले मौन समयमा आचार संहिता उल्लंघन हुन नदिनका लागि विशेष सुरक्षाकर्मी परिचालन गरेको जनाएको छ। निर्वाचन सुरक्षालाई लक्षित गरेर सीमा सुरक्षा समितिले आइतबार बिहानदेखि १४ गते साँझ ७ बजे सम्मका लागि रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लाका सीमानाका सिल गरेको छ।

# सुनील थापा अब शेरबहादुर

काठमाडौंदेखि बलिउडसम्म छाएका अभिनेता सुनील थापा अब *शेरबहादुर*का रूपमा देखिने भएका छन्। *चिनो*को राते काइँलादेखि बलिउडको *मेरिकोम*को बक्सिङ गुरूका रूपमासमेत लोकप्रियता कमाएका अभिनेता थापा निर्माणाधीन फिल्म *शेरबहादुर*को शीर्ष भूमिकामा देखिन लागेका हुन्।

निर्देशक आर राजवंशीको डेब्यु निर्देशनमा बन्न *शेरबहादुर*को मंगलबार राजधानीमा आयोजित एक समारोहबीच शुभ मुहूर्त गरिएको छ। बलिउडको बायोपिक *मेरिकोम*बाट पुन: बलिउड पर्दामा देखिएका थापा सो फिल्मको चर्चापछि हिजोआज धेरैजसो बलिउडकै विभिन्न फिल्ममा व्यस्त छन्। ४ महिनाअघि मुम्बईमै रहँदा *शेरबहादुर* बन्ने अफर आएपछि नेपाल फर्कर कथा सुनी फर्किएको उलने बताए। 'शेरबहादुरको भूमिकाका लागि अफर आयो। नेपाल फर्किएर स्क्रिप्ट पढेपछि कथा मन पर्‍यो', सुनीलले सुनाए- 'शेरबहादुरको रोलले आम दर्शकलाई मेरो राते काइँला र बक्सिङ गुरूको चरित्रलाई पनि बिर्साइदिनेछ।' फिल्ममा आफू रिटायर्ड लाहुरेको भूमिकामा देखिन लागेको उनले बताए।

कार्यक्रममा निर्देशक राजवंशीले सेट निर्माण गरेर पूरै फिल्म सेटमै खिचिने बताए। 'धरानको लाहुरे परिवेशमा दुई युवायुवतीको प्रेम र त्यसमा आइपर्ने उतार-चढावलाई यसमा देखाइनेछ' -उनले भने।

कार्यक्रममा ख्यातिप्राप्त हास्य अभिनेता हरिवंश आचार्यले फिल्मको नाम अनौठो भएकाले आम दर्शकले मनपराउने बताए। मंगलबारबाटै सुटिङ शुरु गरिएको फिल्ममा सुनीलसँगै कर्मा, मेनुका प्रधान र रवीन्द्र झा प्रमुख भूमिकामा रहनेछन्। धिरज प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्म गौरीशंकर धुजु र धिरज राजवंशीले निर्माण गर्न लागेका हुन्।



# लभलेटर लेख्ने बेला संघर्ष !

बलिउड नायिका कंगना रानावत आफ्नो मधुर आवाजका लागि चर्चित छिन्। उनी सधैं विवादमा रहने नायिका हुन्। तर, उनलाई यी विवादले केही असर पारेको छैन। बरु उनी लगातार सफलताको खुड्किला पार गर्दै छिन्।

हालै उनी एक बलिउडको टक शोमा देखिइन्। जहाँ ३० वर्षीया उनले आफ्नो करिअरको संघर्षको बारेमा बताइन्। उनले भनेकी छिन् कि जुन उमेरमा उनले लभलेटर लेख्नुपर्ने थियो वा डेटिङ जानुपर्ने थियो, त्यो समयमा उनी आफ्नो काममा निकै व्यस्त हुने गर्थिन्। 'त्यो बेला महेश भट्टजस्ता व्यक्तिहरुसँग म आफ्नो करिअर बनाउनमा व्यस्त थिएँ।'

उनले भनेकी छिन्- 'मलाई कहिले पनि अरू बच्चाको जस्तो खेल्ने फुर्सद भएन। १७ सालको उमेरदेखि नै मैले मेहनत गर्न शुरु गरेकी थिएँ। त्यो बेला मेरो स्थिति कि गर कि मरको थियो।' यसको अलावा उनले *स्टार किड्स*को बारेमा पनि आफ्नो राय राखेकी छिन्। उनले स्टारका छोराछोरीलाई बलिउड फिल्ममा आउन सजिलो हुने बताएकी छिन्।





# पल र पूजालाई हतकडी

यही असार मसान्तबाट अल नेपाल रिलिजमा आउन लागेको फिल्म *म यस्तो गीत गाउँछु*मा यसका नायकनायिका हतकडी बानिएको अवस्थामा देखिएका छन्। यसका नायक पल शाह र नायिका पूजा शर्मालाई फिल्मको प्रचार सामग्री हतकडी लगाएको अवस्थामा देखिएको हो।

फिल्मको निर्माण संस्थाले सार्वजनिक गरेको ट्रेलर र गीतमा पल र पूजालाई हतकडी लगाएको लुकाएको थियो। तर, अन्य प्रचार सामग्रीबाट भने यो खुलेको छ। *प्रेम गीत*को सफलतापछि त्यसैको शीर्ष गीतलाई फिल्मको नाम दिई सुदर्शन थापाले *म यस्तो गीत गाउँछु* निर्माण गरेका हुन्। *मेरो एउटा साथी छ*देखि *प्रेमगीत*सम्म आइपुग्दा निर्देशक सुदर्शन थापा लभ स्टोरी फिल्ममा केन्द्रित भइरहेका छन्। यो फिल्म पनि प्रेमकथामै छ। 'फिल्मको कथा अगाडि बढ्दै जाँदा पल र पूजाको हातमा हतकडी लगाइएको दर्शकले देख्नुहुनेछ' -सुदर्शनले खुलाए। पूर्णरूपमा प्रेमकथामा बनेको फिल्मको संगीतले अहिले बजार पिटिरहेको छ। फिल्ममा संगीत अर्जुन पोखरेलले दिएका छन्।

# शुभले ल्याए मायाको एल्बम



गायक शुभ तामाङको दोस्रो गीति अडियो एल्बम *मलाई माया गर* राजधानीमा आयोजित कार्यक्रमका बीच गीतकार डा. भोला रिजालले सार्वजनिक गरेका छन्। विमोचन कार्यक्रममा बोल्दै डा. रिजालले शुभका गीत दर्शकका लागि कर्णप्रिय हुने चर्चा गरे।

एल्बममा ८ गीत संगृहित छन्। जसका ७ गीतमा उनकै संगीत र एक गीतमा राजनराज शिवाकोटीको संगीत छ। गीतमा डा. भोला रिजाल र दीपेन्द्र तामाङको शब्द छ।

२०५५ सालदेखि संगीतमा सक्रिय शुभले ललितकला क्याम्पसबाट संगीतमा बिम्युज गरेका छन्। उनले २०६० सालमा *शुभ* नामक पहिलो एल्बम सार्वजनिक गरेका थिए। 'मलाई संगीत क्षेत्रमा आउने सानैदेखिको सपना थियो। त्यो सपनालाई आज विपनामा परिणत गर्न पाउँदा खुसी लागेको छ' -शुभले भने।





सर्वत्र बजारमा उपलब्ध छ

## साधनाको नयाँ अंकका आकर्षणहरू

**धुलाम्मे काठमाडौंको अस्वस्थ जीवन**

विशेषत: राजधानीमा प्रदूषणयुक्त धूलोका कणहरू मन्द विषजस्तै फैलिराखेको अवस्था छ । यसले दम तथा फोक्सोको समस्या मात्र होइन, क्यान्सरजस्तो रोग निम्त्याउन सक्ने भएकाले बेलैमा धूलो सोस्ने आधुनिक प्रविधि भित्र्याएर वातावरण स्वच्छ बनाउनु जरूरी छ । काठमाडौंवासीको स्वास्थ्यलाई ख्याल गरी तयार पारिएको रिपोर्टिङ ।

**गर्भ बोक्दै सुटुक्क फाल्दै**

गर्भ बस्दैमा के हुन्छ र ? फाल्न मिलिहाल्छ नि ! भन्ने धारणा बढेर गएको छ । फलस्वरूप आफूखुसी गर्भपतनको औषधि सेवन गर्दा रगत बगेर बेहोस अवस्थामा अस्पताल पुग्नेहरू पनि छन् । सुरक्षित गर्भपतनबारे जानकारी हुँदाहुँदै पनि कतिपय महिला आफ्नै स्वास्थ्यमा खेलबाड गरिरहेका छन् । किन, के गर्ने त ? गर्भपतनसँग सम्बन्धित जिज्ञासाहरू मेटाउने बुनु थारूको खोजमूलक रिपोर्ट ।

**किशोरीहरू तल्लो पेट दुख्ने समस्याले हैरान**

महिनावारी भएका बेला कतिपय किशोरीहरू तल्लो पेट दुखेर हैरान हुन्छन् । किन दुख्छ त पेट ? यसलाई कसरी कम गर्न सकिन्छ ? स्त्रीरोग विशेषज्ञ डा. सुमनराज ताम्राकारद्वारा तयार पारिएको किशोरीहरूका लागि उपयोगी लेख ।

**अजम्मरी हुने उपायको खोजी**

विज्ञान र प्रकृतिको सबैभन्दा ठूलो लडाइँ जीवन र मृत्युको भयावह लडाइँसँग रहेको छ । प्रकृतिले एक न एक दिन सबैलाई मार्छ र विज्ञानले लामो समयदेखि अजम्मरी हुने उपाय खोजिरहेको छ तर सम्भव भएको छैन । पठनीय लेख ।

**विवाह नै हिस्टेरियाको उपचार हो त ?**

कतिपय स्थानमा किशोरीहरू बेहोस हुने, काम्ने, बर्बराउने गरेका समाचार हामीले पढे-सुनेका छौं । प्राय: किशोरीहरूमा यस्तो लक्षण हुने गरेको देखिन्छ । यो कस्तो रोग हो, कसरी लाग्छ, समाधान के हो ? के विवाह नै यो रोगको उपचार हो त ? किशोरी र अभिभावकहरूले पढ्नै पर्ने एक मनोविद्को लेख ।

**अनुहार सफा राख्न बाफको प्रयोग**

बाफको प्रयोगले छालाको फोहोरमैला निस्कने, छालाका प्वाल खुला हुने, रक्तसञ्चारमा वृद्धि हुने, कोषिकामा अक्सिजन पुग्ने हुँदा अनुहारमा निखार आउँछ । त्यसैले कहीँ पार्टीमा जाने तयारीमा हुनुहुन्छ भने एक-दुई दिनअघिदेखि नै अनुहारमा स्टिमिङ गर्ने सल्लाहसहितको ब्युटिसियनको लेख ।

**युरिक एसिडको बाथ**

रगतमा युरिक एसिडको मात्रा बढी भएमा यसले जोर्नीहरूमा खराब प्रभाव पार्छ । जोर्नीहरूमा युरिक एसिड क्रिस्टलको रूपमा जमेर जोर्नी सुन्निने र दुख्ने हुन्छ । यो किन र कुन उमेरमा हुन्छ, यसका बिरामीले के खाने, के नखाने, उपचार कसरी गर्ने ? बाथरोग उपचारमा अनुभवी डाक्टरको उपयोगी लेख ।

**जननेन्द्रियको आकारलाई लिएर चिन्ता**

**भोक जगाउन योग चिकित्सा**

**तनाव व्यवस्थापनमा खाना**

**मधुमेहीले के खाने, के नखाने ?**

साथमा तपाईका घरमा हाम्रा डाक्टर, इन्टेस्टिङ हेल्थ फयाक्टस, हेल्थ न्युज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।

# विचार

केही ज्ञान लिनका लागि शुरुमै आफूलाई अज्ञानी सम्झने गर।
–डिजरायाली

सोच, आजको दिन फेरि कहिल्यै आउँदैन।
–दाँते अलिघारे

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# निर्वाचनमा त्रास नफैलाऊ

दुई दशकपछि भइरहेको स्थानीय तहको निर्वाचनमा जनता निकै उत्साहित देखिएका छन्। घरदैलोमा नै जनप्रतिनिधि पाउने भनेपछि जनता निकै आशावादी देखिएका हुन्। तीनवटा प्रदेशमा पहिलो चरणमा निर्वाचन सम्पन्न भएर जनप्रतिनिधिहरुले काम थालिसकेका छन् भने तीनवटा प्रदेशमा स्थानीय तहको दोस्रो चरणको निर्वाचन आज हुँदै छ। बाँकी प्रदेश नम्बर २ मा असोज २ गतेको लागि निर्वाचनको मिति तोकिएको छ। अहिले दोस्रो चरणको निर्वाचनमा वर्षादको प्रवाह नगरी जनता निर्वाचनमा होमिएका छन् भने राजनीतिक दलहरु पनि उत्साहका साथ जनताको मत लिने तयारीमा छन्। निर्वाचनप्रति असन्तुष्टि जनाउँदै केही दलहरुले निर्वाचन बिथोल्ने प्रयास गरे पनि यो निर्वाचन भएरै छोड्ने देखिन्छ। निर्वाचन बिथोलेर जनतालाई आतंकित बनाउने काम सरासर गलत हो।

लोकतान्त्रिक प्रक्रियामा सबैभन्दा ठूलो अभ्यास निर्वाचन मानिन्छ। निर्वाचनमार्फत जनताको मत ल्याएर नै राजनीतिक दलहरुले अगाडि बढ्ने गर्छन्। देश र जनताका लागि राजनीति गर्ने उद्देश्य लिएका राजनीतिक दलहरु निर्वाचनमा जान डराउनुहुँदैन। अहिले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले मतदातालाई आतंकित र त्रसित बनाउन ठाउँ–ठाउँमा बम राख्ने र पड्काउने काम गरिरहेका छन्। यो जनताप्रतिको अपमान हो। कुनै राजनीतिक दलको सबैभन्दा ठूलो पुँजी जनताको मत नै हो। जनताको मतले नै राजनीतिक दलहरुलाई सानो–ठूलो बनाउने गर्छ। जनताको मतमार्फत आफ्ना एजेन्डा र उद्देश्य पूरा गर्न सकिन्छ। जायज मुद्दा र एजेन्डा स्थापित गर्न शान्तिपूर्ण बाटो एउटा मात्र विकल्प हो। जनतासमक्ष आफ्ना एजेन्डा बुझाउन नसक्ने अनि त्रास फैलाएर राजनीति गर्ने मूर्खताबाहेक केही होइन।

राजनीतिक दलहरुको कार्यक्रमलाई लक्षित गरेर बम विस्फोट गराउनु, राजमार्ग र निर्वाचनस्थलमा बम राखेर आतंक मच्चाउन खोज्नु हारको मानसिकता हो। धनगढीमा बम विस्फोट हुँदा विप्लव माओवादीका एक कार्यकर्ताको निधन भएको छ। बम विस्फोट गराएर भन्दा पनि जनताको अगाडि आफ्नो एजेन्डा राखेर जनमत लिनुपर्छ। विप्लव नेतृत्वको कम्युनिस्ट पार्टीले निर्वाचनलाई बिथोल्ने गरी निर्वाचनस्थल, प्रहरी चौकीनजिक बम विस्फोट गराउने उच्छृङ्खल कार्य रोक्नुपर्छ। जनताको मतको अपमान गर्ने जनताको पार्टी हुन सक्दैन। जनताको पार्टीले जनताको मत लिन डराउनुहुँदैन। त्यसैले आज भइरहेको स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा त्रास फैलाउने काम कसैबाट गरिनुहुँदैन।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# संविधानका धाराहरूमा खेलबाड



**बालकृष्ण मैनाली**

> पूर्वप्रधानन्यायाधीश सुशीला कार्की उमेरको हदबाट सेवा निवृत्त हुनु एक महिनाअगाडि नै अर्थात् उनी बहाल रहेकै अवस्थामा संवैधानिक परिषद्को बैठक बसी प्रधानन्यायाधीश नियुक्तिको नाम सिफारिस हुनुपर्ने थियो। यसरी संविधानले तोकेको समय र सीमाभित्र गर्नुपर्ने कार्य नगरी संविधान कार्यान्वयन गर्ने पक्षहरुबाटै संविधानको धारा गम्भीररुपमा उल्लंघन भएको छ। यसलाई सामान्य त्रुटि मान्न सकिँदैन।

नेपालमा संघीयताको फाइदा र बेफाइदाबारे आवश्यक छलफल नै नगरी विभिन्न वर्ग र जातजातिलाई गुमराहमा पारेर संघीयताको नाममा बलजफ्ती आन्दोलन गरियो। जनताले पनि यसपछि राम्रै व्यवस्थाको शुभारम्भ होला भन्ने ठाने। अनि अनाहकमा भएका हजारौं बलिदानको पीडालाई सहेर भए पनि आन्दोलनलाई जनताले अनुमोदन गरिदिए, ताकि संघीयता प्रवर्द्धनको सवालमा जेल-नेल खाएका नेताहरुले आफ्नो अहं भूमिका निर्वाह गर्नेछन्। जनताका प्रतिनिधिहरुले देशको समस्यालाई सार्थकरुपमा सम्बोधन गर्नेछन् र लागू गरिएको संविधानको इमानदारीपूर्वक कार्यान्वयन गर्नेछन् भन्ने जनताको विश्वासलाई दलका नेतृत्वहरुको विगतदेखि वर्तमानसम्मको भूमिकालाई नियाल्दा भने सन्तोष गर्नुपर्ने स्थान कहीं-कतै देखिँदैन। राज्यका तीनै अंगहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले देशको समस्यालाई सारगर्भितरुपमा सम्बोधन गर्न सकेनन्। जनतामा असन्तुष्टि चुलिँदै गइरहेको छ।

देशमा देखा परेका र पर्ने विकृतिविरुद्ध सार्थक सम्बोधन गर्ने जिम्मा लिएर जनताबाट अनुमोदित भएर गएका दलका नेतृत्वले सार्थक सम्बोधन गर्नुको साटो आफैं संविधानको धाराहरुलाई मिच्ने र बेवास्ता गर्ने गरेका छन्। आफैं संविधान बनाउने, आफैं संविधानका धाराहरु उल्लंघन गर्ने र आफैं कानुनको शासन र विधिको शासन भन्दै फलाक्दै हिँडने, यो जस्तो विडम्बना अरु केही हुन सक्दैन।

प्रसंग नयाँ प्रधानन्यायाधीश नियुक्तिको लागि गरिने नाम सिफारिससम्बन्धी हो। हालै संवैधानिक परिषद्को बैठक बसेको थियो। बैठकले न्यायपरिषद्बाट सिफारिस गरिएकामध्येहरुबाट प्रधानन्यायाधीशको नाम नियुक्तिका लागि सिफारिस गर्नुपर्ने विषय महत्वपूर्ण थियो तर विडम्बना नै मान्नुपर्छ, यस विषयमा प्रधानन्यायाधीश नियुक्तिको लागि सिफारिस गरिने सम्भावित नाममा शैक्षिक योग्यताको प्रश्नमा अध्ययन गर्नुपर्ने आवश्यकता परेको भन्ने प्रश्न उठाउँदै संसद्मा रहेको प्रतिपक्ष दलका अध्यक्षले अवरोध सृजना गरेपछि प्रधानन्यायाधीशको नाम सिफारिस हुन पाएन र आगामी बैठक यही महिनाको १५ गतेलाई सारियो। दोस्रो चरणको निर्वाचन सकिएको भोलिपल्टै संवैधानिक परिषद्को बैठक बस्ला, नबस्ला ? एकातिर यो सन्देह कायमै छ। तथापि निर्वाचनको भोलिपल्टै भए पनि संवैधानिक परिषद्को बैठक बस्नेछ र सो बैठकले नयाँ प्रधानन्यायाधीश नियुक्तिको नाम सिफारिस गर्नेछ। त्यसमा अब अलमल गर्नेछैन भन्ने कुराको ढुक्क भने भैसकेको अवस्थाचाहिँ छैन।

राज्यका महत्वपूर्ण तीन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच चुलिएको द्वन्द्वलाई समाधानको दिशातिर लैजानु सबैको जिम्मेवारी र दायित्वभित्र पर्ने कुरा हो। विशेष गरी यस विषयमा दलका नेतृत्वहरुको भूमिका द्वन्द्व समाधानमा अग्रणी बन्नुपर्थ्यो, दुर्भाग्यवश त्यस किसिमको संकेत अहिलेसम्म जनताले प्राप्त गर्न सकेका छैनन्।

प्रथम महिला प्रधानन्यायाधीशको कार्यकाल सन्तोषजनक रहेन। यस कुरामा कुनै विमति छैन। उनको कार्यकालभरि भए-गरेका काम-कारबाहीबारे विभिन्न कोणबाट समर्थन र विपक्षमा आलेख तथा सामाजिक सञ्जालमार्फत प्रतिक्रिया प्राप्त हुने क्रम अहिलेसम्म निरन्तर जारी नै छ। प्रधानन्यायाधीश तथा न्यायाधीश नियुक्तिको सम्बन्धमा हुने दलीय अहंताको प्रतिस्पर्धा अझ पनि जारी नै छ भन्ने संकेत आउन थालेको छ। यसको पछिल्लो उदाहरण गएको संवैधानिक परिषद्को बैठकबाट प्रधानन्यायाधीशको नाम नियुक्तिको लागि सिफारिस नहुनु हो। यस किसिमको कार्यले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई सकेसम्म कायममुकायममै राख्ने प्रपञ्च गरिएजस्तै त्यसैको बदला लिन वर्तमानमा हुने प्रधानन्यायाधीशलाई पनि सकेसम्म कायममुकायममै राख्न खोजेको त होइन भन्ने शंकालाई जन्म दिएको छ। किनभने वर्तमान कायममुकायम प्रधानन्यायाधीशको शैक्षिक योग्यताबारे धेरै अगाडिदेखि चर्चा-परिचर्चा भैसकेको अवस्थामा र यस विषयलाई सर्वोच्च अदालत स्वयंले पनि अन्य मुद्दाबाट निराकरण गरिसकेको विषयलाई पुनः उठान गरी अध्ययन गर्नुपर्ने भनी नियुक्ति सिफारिस अल्झाउनु भनेको जिम्मेवार प्रतिपक्षलाई सुहाउने कदम हुँदै होइन। यो कदमलाई न्यायपालिकालाई बलियो बनाउने कार्यदिशातिर अग्रसर भएको भनेर मान्न सकिँदैन।

देशमा विधिको शासनलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने हो भने पहिलो सर्त संविधान कार्यान्वयन गर्ने निकाय र दलका नेतृत्वहरुले हरेक क्षेत्रमा संविधानबमोजिम नै अग्रसर भएर संविधानलाई कार्यान्वयन गर्न पहल गर्नुपर्छ। अन्यलाई पनि संविधानअनुसार जान र प्रस्तुत हुन अभिप्रेरित गर्नुपर्दछ। संविधान उल्लंघन गर्ने सवालमा दलका नेतृत्वहरु स्वयं लाग्नुहुँदैन। यसपल्टको प्रधानन्यायाधीशको नाम सिफारिसमा ढिला गरिनुमा दलका नेतृत्वहरु जिम्मेवार रहेका छन्। दलका नतृत्वहरुले नै संविधानको धारा उल्लंघन गरेका छन्।

संविधानको धारा २८४(१) ले प्रधानन्यायाधीशको नियुक्तिमा नाम सिफारिसको लागि संवैधानिक परिषद्को व्यवस्था गरेको छ। एकजना अध्यक्ष र ६ जना सदस्य गरी जम्मा ७ जनाको टिमले प्रधानन्यायाधीशको नाम सिफारिस गर्नुपर्ने व्यवस्था संविधानमा विद्यमान रहेको छ। यस व्यवस्थाअनुसार प्रधानमन्त्री अध्यक्ष, प्रधानन्यायाधीश, सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, कानुनमन्त्री र प्रतिनिधिसभाका विपक्षी दलका नेता गरी जम्मा ७ जनाको संयन्त्रले प्रधानन्यायाधीश नियुक्तिको लागि नाम सिफारिस गर्ने कार्य गर्दछ।

संवैधानिक परिषद्को वर्तमान व्यक्तिगत प्रतिनिधित्व संरचनालाई हेर्दा प्रधानमन्त्री र कानुनमन्त्री एकैजना भएको अवस्था, राष्ट्रिय सभाको अध्यक्ष नभएको अवस्था, अनि आफ्नै नाम सिफारिस गर्नुपर्ने बाध्यतामा परेका कायममुकायम प्रधानन्यायाधीश, सभामुख, उपसभामुख र विपक्षी दलका नेता गरी जम्मा पाँचजना व्यक्ति मात्र संवैधानिक परिषद्मा प्रतिनिधित्व रहेको अवस्था विद्यमान छ। कायममुकायम प्रधानन्यायाधीशले आफ्नै नाम प्रधानन्यायाधीश नियुक्तिको लागि प्रस्ताव गर्न नमिल्ने हो भने जम्मा चारजनाको संवैधानिक परिषद्मा प्रतिनिधित्व रहेको छ। संवैधानिक परिषद्को बहुमत एकातिर हुँदा पनि प्रधानन्यायाधीशको नाम सिफारिस हुन नसक्नु भनेको न्यायपालिकामा अर्को दुर्भाग्यपूर्ण कार्य चित्रित हुन पुगेको छ। यसरी न्यायपालिकाको विषयमा अहंतालाई नै प्रश्रय दिई एकले अर्कालाई खुइलाउँदै जाने हो भने न्यायपालिकाको शाख र गरिमा कहाँ पुग्ला ? सोचनीय विषय बन्न पुगेको छ नेपालको न्यायपालिका।

प्रधानन्यायाधीश नियुक्तिको नाम सिफारिसमा संविधानको धारा २८४(३) को सम्बन्धित सरोकारवालाहरुले ठाडै उल्लंघन गरेका छन्। धारा २८४(३) मा संवैधानिक परिषद्ले प्रधानन्यायाधीश लगायत संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै यस संविधानबमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ भन्ने व्यवस्था गरिएको छ। संविधानको यस व्यवस्थाअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्की उमेरको हदबाट सेवा निवृत्त हुनु एक महिनाअगाडि नै अर्थात् उनी बहाल रहेकै अवस्थामा संवैधानिक परिषद्को बैठक बसी प्रधानन्यायाधीश नियुक्तिको नाम सिफारिस हुनुपर्ने थियो। यसरी संविधानले तोकेको समय र सीमाभित्र गर्नुपर्ने कार्य नगरी संविधान कार्यान्वयन गर्ने पक्षहरुबाटै संविधानको धारा गम्भीररुपमा उल्लंघन भएको छ। यसलाई सामान्य त्रुटि मान्न सकिँदैन। यस किसिमको कार्यले विधिको शासन भन्ने नारालाई बल पुऱ्याउँदैन।

संविधानको धाराहरुलाई आफूखुशी व्याख्या गर्ने सर्वोच्च अदालतबाट आफ्नो हितमा भएको फैसलालाई जिन्दावाद भन्ने र आफू प्रतिकूल भएको फैसलालाई मूर्दावाद भन्ने प्रचलनलाई हटाउनै पर्दछ। न्यायपालिकालाई दिगो राख्ने हो भने यस किसिमका छाडापनलाई नियन्त्रित गर्नै पर्दछ। त्यसै गरी न्यायपालिका सधैँभरि आफ्नो पक्षमा रहिरहोस् भन्ने अवधारणाबाट प्रेरित भैरहेका दलहरुले पनि यो भ्रमलाई त्याग्नै पर्छ। र, अब दलीय कोटाबाट नियुक्त भएकाहरुलाई पनि दलीय मोहबाट टाढा रहन दलीय संयन्त्रले निर्देशित गर्नै पर्दछ।

अदालतमा दलीय संयन्त्रबाट नियुक्ति पाएका न्यायाधीशहरुलाई स्वतन्त्ररुपमा काम गर्न दिने हो भने सबै दलहरुले आ-आफनो दलमा आबद्ध न्यायाधीशहरुका सबै किसिमका सदस्यताहरु र जिम्मेवारीहरुबाट हटाइएको कुरा सार्वजनिक गर्नुपर्दछ। सँगसँगै कुनै पनि मुद्दामा कुनै पनि न्यायाधीशलाई प्रचलित कानुनबमोजिम मात्रै न्यायनिसाफ गर्न स्वतन्त्र रहेको व्यहोराको दलहरुबाट अभिव्यक्ति सार्वजनिक भएमा मात्र दलीय कोटाबाट नियुक्त पाएका न्यायाधीशहरुको कानुनबमोजिम कार्य गर्ने मनोबलमा अभिवृद्धि हुन जान्छ भन्ने कुरामा संशय छैन।

(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)

## पाठक पत्र

### के हो राजपाको पारा ?

राष्ट्रिय जनता पार्टी (राजपा) का शीर्ष नेताहरुले सरकार र मुख्य दलले नै आफूहरुलाई निर्वाचनभन्दा बाहिर राखेको आरोप लगाएछन्। जुन दलका लागि पटक-पटक निर्वाचन सारेर हदैसम्मको लचकता अपनाइयो, उसैले बन्देज लगाए भन्दै हिँड्ने ? लाज पचेकाहरु। मलाई राजपाले मधेसी जनताको मतको अधिकारमा कुठाराघात गरेको जस्तो लागेको छ। मतदान गर्ने अधिकार वञ्चित गर्ने गरी राजपाले गरेको आफ्नो कार्यबारे ऊ गम्भीर हुनुपर्छ। अन्यथा राजपालाई मधेसी जनताले नै बहिष्कार गर्नेछन्। निर्वाचनमा आउन भनेको तर ढोकामा ताला लगाएर द्वैधचरित्र देखाएको बताउने उनीहरुको चरित्रमा नै शंका छ। अब मधेसी जनताले बुझिसकेका छन्। राजपा नेपालले यो विषयमा सोचोस्, नत्र एकादेशको कथामा सीमित हुन बेर छैन। राजपालाई मेरो व्यक्तिगत सुझाव।

*- राजेश श्रेष्ठ, भक्तपुर*

### जंगल अतिक्रमणविरुद्ध भक्तपुरको अभियान

भक्तपुरमा राजनीतिक दलहरुको सहयोगमा प्रशासन, वन, प्रहरी, अन्य निकाय र स्थानीय जनताले वन संरक्षण, संवर्द्धन, व्यवस्थापनका लागि वन अतिक्रमण हटाउन गरेको कार्य एकदमै सराहनीय छ। होटल र रिसोर्टहरुले भक्तपुरको नगरकोटको जंगल अतिक्रमण गरेकोले सो हटाउने कार्य राष्ट्रप्रतिको अति राम्रो काम हो। राष्ट्रको प्राकृतिक स्रोत निजी व्यक्तिहरुले नोक्सान र हरण गरेकोमा उनीहरुलाई कानुनको दायरामा ल्याउनै पर्छ।

२०५० सालमा भक्तपुर र ललितपुरको सिमानामा होटल रिसोर्टका नाममा वन नोक्सान गर्नेलाई कडा कानुनी कारबाही गरिएको थियो। आजभन्दा २३ वर्षअघि २०५१ सालमा मकवानपुरको दामनमा पानोरोमा रिसोर्टले जंगल नोक्सान गरेको कसुरमा सो रिसोर्टलाई लगभग १३ लाख जरिबाना र सोही बमोजिम दण्डस्वरुप ६ महिना कैद सजाय भएको स्मरण छ।

राष्ट्रको सम्पत्ति जोगाउने प्रयासमा राष्ट्रसेवक, जनप्रतिनिधि र सर्वसाधारण अघि बढून्। मेरो विचारमा यस काममा बुद्धिजीवी, प्रशासन, प्राविधिज्ञ, सञ्चारमाध्यम र स्थानीयहरुको बढ्दो चासो नेपालका लागि अति सकारात्मक लक्षण हो। धन्यवाद !

*- डा. सुरज श्रेष्ठ (प्राकृतिक स्रोत विज्ञ) नेपालगन्ज*

### हिमाली जिल्लालाई पनि हेर न

हिमाली र उच्च पहाडी ६ जिल्लाका तत्कालीन ४८ गाविस खाद्य असुरक्षाको उच्च जोखिममा देखिएको खबर समाचारमा आइरहेको छ। खाद्य सुरक्षा सञ्जालले विस्तृत अध्ययन गरी धादिङका ५, गोरखाका ११, कालिकोटका ३, मुगुका १०, हुम्लाका १० र बाजुराका ९ गाविसलाई उच्चतम खाद्य असुरक्षित अवस्था (चरण-३) मा वर्गीकरण गरेको रहेछ। ती गाविसमा करिब ८७ हजार १०० मानिस उच्चतम खाद्य असुरक्षित अवस्थामा रहेका र खाद्य तथा गैरखाद्य आवश्यकता पूरा गर्न उनीहरुलाई बाह्य सहायताको आवश्यकता रहेको कुरा पनि बाहिर आएको छ। त्यहाँका स्थानीयले सरकार भएको महसुस गर्ने गरी खाद्य सुरक्षाको ग्यारेन्टी हुन जरुरी छ। भौगोलिक विकटताको सिकार भएको हिमाली जिल्लालाई सरकारले पनि सौतेनी व्यवहार गर्नुहुँदैन।

*- रोशन पाठक, भक्तपुर*

### सडकको वैकल्पिक व्यवस्था गर्नुपऱ्यो

चितवनको नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत विभिन्न ठाउँमा पटक-पटक पहिरो खस्दा बाटो अवरुद्ध हुने गरेको छ। यो विषयमा सबै जानकार छन्। ठूला-बडा नेताहरु जहाजमा यात्रा गर्छन्। उनीहरुले दुःख झेल्नुपर्दैन। हामीलाई भने पहिरोले निकै तनाव दिएको छ। बिरामी भएर उपचारका लागि काठमाडौं जाँदा बीचबाटोमै मर्ने अवस्था छ। वैकल्पिक बाटोको अभावमा हामीले सास्ती बेहोर्नुपरेको छ।

यो सडकमा सरकारी निकायले झरा टार्ने तरिकाको मात्रै काम गरेको देखिन्छ। बाटो अवरुद्ध हुँदा जाममा परेर हामीले धेरै बिरामीलाई सधैंका लागि बिदा गर्नुपरेको तितो सत्य पनि छ। बर्सेनि करोडौं करोड रकम खन्याए पनि यो सडक सुधार भएको छैन। यस विषयमा नयाँ खालको दिगो योजना ल्याएर काम थाल्नु जरुरी छ। यासमा छिट्टै ध्यान जाओस्।

*- सोहम सुनार, बर्दिया*

### प्रहरी प्रशासन सुधारियोस्

नेपाल प्रहरीले आफ्नो काम आफ्नै पाराले गर्न नपाउँदा अराजकता बढेको छ। सुरक्षा व्यवस्थालाई आन्तरिकरूपमै बलियो बनाउन आवश्यक पर्ने सुरक्षा प्रणालीको विकासमा भन्दा प्रहरी सेवाको फैलावट र दंगदंगीलाई दुरुपयोग गरी अस्वाभाविक शक्ति आर्जन गर्ने दुराशययुक्त भावनाबाट प्रेरित भएको छ अहिलेको प्रहरी सेवा। प्रहरीको हित र संरक्षणभन्दा अपराधीको हित र संरक्षणमा आफ्नो हित जोडिएकाले नै प्रहरी प्रशासन चलाउने मौका पाउँदा यो समस्या सिर्जना भएको छ।

निष्पक्षरुपमा प्रहरीले काम गर्न नपाउनु अर्को समस्याको रुपमा छ। प्रहरी संगठनमा व्यवसायीकरणको मुद्दालाई प्राथमिकतापूर्वक स्थापित नै नगरिएका कारण यो क्षेत्र कमजोर बनेको छ। इमानदार प्रहरीहरु पटक-पटक आन्तरिक कारबाहीमा पर्ने र सरुवाको सिकार हुने गरेका छन्। यस विषयमा मेरो धारणा यति मात्रै हो कि प्रहरीको प्रशासन सुधार्नु जरुरी छ।

*- ऋषिराम पन्थी, बनेपा*

### अब यही देशमा केही गर्ने हो

मैले दुईवटा विषयमा डिग्री हासिल गरेको छु। मलाई अहिले जागिरको आवश्यकता छ। म निकै दुःख पाएको मान्छे पनि हुँ। मलाई मेरो पढाइको दयासमेत लागेर आएको छ। यतिका वर्षको लगानी खेर गएको देखेर म एक्लै टोलाउने समेत गर्दछु। मलाई मेरो रहरले पिरोल्छ, राम्रो जागिर खाने। म मध्यम परिवारको मान्छे भए पनि मेरो घरमा खेती किसानीले वर्षभरि खाएर अन्य खर्च बचाउन पुग्छ। तैपनि मलाई यो देशमा कुनै जागिर खाने रहरले साह्रै सतायो।

केही समयपछि यी सबै कुराले मोड लियो। यहाँ त केही हुँदैन, अब त विदेश गएर पो पैसा कमाइन्छ भन्ने भयो। मैले विदेश जाने सुर गरें। केही समयपछि एकजना विदेश गएर कुकुरले नपाउने दुःख पाएर फर्केको साथीसँग भेट भएपछि मात्र मैले आफैं केही गर्ने सोच बनाएँ। अहिले मैले आफ्नै व्यवसाय सञ्चालन गरेको छु। पाँचजना कर्मचारी पालेको छु। परम्परागत खेती किसानीलाई आधुनिकीकरण गरेर मैले यति प्रगति गर्न सफल भएको हुँ। मैले आधुनिक ढंगले पशुपालनलाई समेत स्थान दिएको छु। मै सबै युवालाई यही देशमा केही न केही गरेर स्वरोजगार हुन अनुरोध गर्छु।

*- यज्ञ शर्मा, स्याङ्जा*

## सामाजिक सञ्जाल



मानवअधिकार आयोगको लेटरप्याडमा अध्यक्षको फोटो किन राखेको ? विशिष्ट देखिन, ठालु हुन या चलन यस्तै छ। नबुझेको कुरो !

**jhalak subedi @makaikhole**



नदीमा पर्नु समस्या हैन, त्यहाँ पौडी खेल्न नसक्नु समस्या हो। जिन्दगीमा अप्ठ्यारो आउनु समस्या हैन, तिनीहरूलाई सामना गर्न नसक्नु समस्या हो !

**विपिन @IAmBippu**



व्यर्थै सीमा सुवेदीसँग जुहारी खेल्ने समय आफ्नै केही उपलब्धिमूलक काममा खर्चिने हो भने दिमागलाई पनि शीतलता, मनलाई पनि शान्ति।

**Prativa @GautamPrativa**

२०७४, असार
बुधबार
१४

जिल्ला अदालत, तत्कालीन पुनरावेदन, विशेष अदालत र सर्वोच्च अदालतमा दर्ता भएका अधिकांश मुद्दाहरु कम मात्रामा फछ्र्यौंट भएको देखिन आएको छ। मुद्दाहरु समयमा नटुंगिदा पीडितहरु निकै लामो समयसम्म अदालत धाउनुपर्ने बाध्यात्मक अवस्था छ। यद्यपि मुद्दाको किनारा १८ देखि २४ महिनासम्म लागिसक्नुपर्ने प्रावधान छ।



# नेपाल

## संक्षेप

### साझा बसमा ज्येष्ठ नागरिक र अपाङ्गलाई निःशुल्क

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिकाले साझा बस सञ्चालन गर्न ५ करोड रुपियाँको चेक हस्तान्तरण गरेको छ। कामपाले हिजो मंगलबार शेयरबापत उक्त रकम हस्तान्तरण गरेको हो।

राजधानीमा आयोजित एक कार्यक्रममा काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले साझा यातायातका अध्यक्ष कनकमणि दिक्षीतलाई सो रकम हस्तान्तरण गर्नुभएको हो। रकम हस्तान्तरण कार्यक्रममा बोल्दै कामपाका मेयर शाक्यले अब साझा यातायातले ज्येष्ठ नागरिक र अपाङ्गलाई निःशुल्क सेवा दिने जानकारी दिनुभयो।

उहाँले ७० वर्ष पुगेका ज्येष्ठ नागरिकका साथै क र ख बर्गका अपाङ्ले` साझाका जुनसुकै बस चढ्दा पनि भाडा तिर्नुनपर्ने जानकारी दिनुभयो। जेष्ठ नागरिकलाई परिचयपत्रको आधारमा बसभाडा निःशुल्क गर्ने व्यवस्था मिलाइएको हो। थप बस खरिद गर्न भएको सम्झौतामा साझा यातायातले जनतालाई थप सुविधा दिने व्यवस्था गरेको छ। कामपाको साझेदारीमा साझाले ३० वटा बस खरिद गरिसकेको छ।

### बहराइनबासीको सहयोग

काठमाडौं, (नेस)

बृहत् नेपाल सामाजिक संस्था बहराइनले लडेर घाइते भई उपचारको क्रममा मृत्यु भएका गोरखा थुमी निवासी घोकल गुरुङको परिवारलाई ६३ हजार २ सय ७ रुपियाँ सहयोग गरेको छ।

संस्थाका सदस्य ठाकुरप्रसाद खनालले सो रकम हस्तान्तरण गर्नुभएको हो। बहराइनमा बस्ने नेपालीले संकलन गरेको उक्त रकम घोकलका परिवारलाई आर्थिक सहयोग गरिएको हो। संस्थाले यस अघि पनि विभिन्न आर्थिक अवस्था कमजोर भएकाहरूलाई सहयोग गर्दै आएको र आगामी दिनमा समेत यसलाई निरन्तरता दिने जनाएको छ।

### अवैध भारुसहित पक्राउ

काठमाडौं, (नेस)

अवैधरूपमा ल्याएको भारतीय रुपियाँसहित बा१८च ६३६९ नम्बरको कारका चालक ओखलढुङ्गा, सिद्धिचरण नगरपालिका-११ बस्ने ४३ वर्षीय खुलमान राईलाई काठमाडौं महानगरपालिका-२६ नयाँ बसपार्कस्थित बीजी मल अगाडिबाट सोमबार प्रहरीले पक्राउ गरेको छ।

उक्त कारमा अवैधरुपमा भारतीय रुपियाँ ल्याएको भन्ने गोप्य सूचनाका आधारमा महानगरीय प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले तलासी लिंदा कारको सिटमुनि लुकाइछिपाइ राखेको १ हजार दरका ९ सय ९१ थान र ५ सय दरका २ सय २७ थान भारतीय रुपियाँ बरामद गरी उक्त गाडी र चालकलाई नियन्त्रणमा लिएको हो।

यस सम्बन्धमा प्रहरीबाट थप आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

### धनमाल चोरी

काठमाडौं, (नेस)

चन्द्रागिरी नगरपालिका-५ दाउरा डिपो बस्ने देवराज श्रेष्ठको घरमा आइतबार राति कोही नभएको अवस्थामा घरको ढोका फोडेर नगद १२ हजार ५ सय, टिभी, इन्भर्टर, मोबाइल र १० बोरा चामलसमेत गरी करिब १ लाख २३ हजार रुपियाँबराबरको धनमाल चोरी भएको छ।

चोरहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

### जलेर क्षति

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१७ ग्वार्खुमा मंगलबार आगलागी हुँदा करिब ६ महिनादेखि पार्किङ गरी राखिएका ललितपुर महानगरपालिका-९ च्यासल बस्ने बाबुराजा अवालेको बा१ ख ६८६७ नम्बरको मिनिट्रकको सिसा, सिटकभर र तार, ना१ क ४०७१ नम्बरको मिनिट्रकका सिसा, सिट र तार तथा बा७ च ८२४ नम्बरको कारको हेडलाइटको कभर जलेर क्षति भएको छ। आगलागीको कारण हाल खुल्न सकेको छैन। तत्काल प्रहरी टोली खटी गई आगलागी नियन्त्रणमा लिएर यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

## मुद्दैमुद्दा, टुंगिने कहिले ?

प्रशान्त वली, काठमाडौं

स्थानीय तहको निर्वाचनमा सम्बन्धित कार्यालयका कर्मचारी खटिँदा, भर्खरै न्यायाधीशहरू तोकिएर सम्बन्धित तहको अदालतमा पुग्ने क्रम शुरू हुँदा र विभिन्न चरणको आन्दोलनका कारण दर्ता भएका मुद्दाहरू कम मात्रामा फछ्र्यौंट भएको खुल्न आएको छ। यद्यपि लक्ष्यअनुसार अघि बढिरहेको सर्वोच्च अदालतले जानकारी दिएको छ।

पछिल्लो वर्ष अदालतमा दर्ता भएका मुद्दाहरू कम मात्रामा फछ्र्यौंट भएको एक तथ्याङ्कले देखाएको छ। जिल्ला अदालत, तत्कालीन पुनरावेदन, विशेष अदालत र सर्वोच्च अदालतमा दर्ता भएका अधिकांश मुद्दाहरू कम मात्रामा फछ्र्यौंट भएको देखिन आएको छ। मुद्दाहरू समयमा नटुंगिदा पीडितहरू निकै लामो समयसम्म अदालत धाउनुपर्ने बाध्यात्मक अवस्था छ। यद्यपि मुद्दाको किनारा १८ देखि २४ महिनासम्म लागिसक्नुपर्ने प्रावधान छ।

सर्वोच्च अदालतका अनुसार २०७१/०७२ मा २ लाख १ हजार ८ सय ४४ वटा दर्ता भएका मुद्दाहरूमध्ये १ लाख २३ हजार ९ सय ४८ वटा मुद्दाहरू फछ्र्यौंट भएका छन्। जसमध्ये ७६ हजार १ सय ४८ वटा मुद्दाहरूको जिम्मेवारी सरेको र १ लाख २५ हजार ६ सय ९६ वटा नयाँ मुद्दाहरू दर्ता भएको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

यद्यपि २०७२/ ०७३ मा १ लाख १८ हजार २ सय ५१ वटा मुद्दाहरू फछ्र्यौंट भएको सर्वोच्च अदालतका प्रवक्ता महेन्द्रनाथ उपाध्यायले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। जसमध्ये ७९ हजार ४ सय ३ वटा मुद्दाहरू जिम्मेवारी सरेका र १ लाख २७ हजार ९ सय ५८ वटा नयाँ दर्ता भएका मुद्दाहरू रहेको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

तुलनात्मक रुपमा किन कम मात्रामा मुद्दाहरू फछ्र्यौंट भएको भन्ने जिज्ञासामा सर्वोच्च अदालतका प्रवक्ता उपाध्यायले भन्नुभयो,- 'मुद्दाको स्वरुपअनुसार पनि ढिलो वा चाडो टुगिंने भन्ने हुन्छ। अर्को कुरा राजनीतिक अस्थिरता, तराई-मधेस आन्दोलनका कारण पनि कम मात्रामा फछ्र्यौंट भएको हुन सक्छ। कानुनअनुसारनै कुन मुद्दालाई प्राथमिकता दिने भन्ने हुन्छ। त्यसैअनुसार अघि बढिराखेका छौं।'

दुई वर्षको अवधिलाई मूल्याङ्कन गर्दा फछ्र्यौंट भएका मुद्दाहरूको संख्या तुलनात्मक रूपमा कम हो। दर्ता भएका मुद्दाहरूको संख्या बढेकाले फछ्र्यौंटको संख्या कम देखिन आएको सर्वोच्च अदालतले बताएको छ। सबैभन्दा बढी मुद्दाहरू पारिवारिक शीर्षकमा पर्ने गरेको बताइएको छ।

सर्वोच्च अदालतमा ११ हजार ८ सय ३५ वटा मुद्दाहरू नयाँ दर्ता भएका छन्। जसमध्ये ११ हजार १ सय ७५ मुद्दाहरू फछ्र्यौंट भएका छन्। पुनरावेदन अदालतमा ३५ हजार ४ सय ९५ वटा मुद्दाहरू नयाँ दर्ता भएका छन्। जसमध्ये ३२ हजार १ सय ६१ वटा मुद्दाहरू फछ्र्यौंट भएका छन्।

यसै गरी जिल्ला अदालतमा ७९ हजार ७ सय ६२ वटा मुद्दाहरू नयाँ दर्ता भएका छन्। जसमध्ये ७४ हजार २ सय १३ वटा मुद्दाहरू फछ्र्यौंट भएको प्रतिवेदनमा उल्लेख छ। विशेष अदालतमा २ सय २८, श्रम अदालतान १ सय २१, राजस्व न्यायाधीकरणहरूका १६८ र वैदेशिक रोजगार न्यायाधीकरणका १ सय ६८ वटा मुद्दाहरू फछ्र्यौंट भएका छन्। सबैभन्दा बढी मुद्दाहरू काठमाडौं जिल्ला अदालतमा परेका थिए। जसमा १९ हजार ३ सय ८६ वटा मुद्दा दर्ता भएको अदालतको वार्षिक प्रतिवेदनमा भनिएको छ।

पछिल्लो तथ्याङ्कअनुसार सबै अदालत तथा न्यायाधीकरणहरूमा ८९ हजार ७३ थान मुद्दा तथा रिट र निवेदन प्रतिवेदनको संख्या टुंगिन बाँकी रहेको छ। २०७२/०७३ मा मुद्दा तथा रिट, निवेदन र प्रतिवेदनसमेत सर्वोच्च अदालतमा २३ हजार ९ सय १४ थान, पुनरावेदन अदालतहरूमा १८ हजार ८ सय थान, जिल्ला अदालतहरूमा ४४ हजार ८ सय थान र अन्य अदालत तथा न्यायाधीकरणहरूमा १ हजार ५ सय १६ थान बाँकी रहेका छन्।

२०६८/०६९ मा १ लाख ५३ हजार ५ सय ५३ वटा मुद्दा दर्ता भएकोमा ८७ हजार ७ सय २८ वटा मुद्दा फछ्र्यौंट भएका थिए। २०६९/०७० मा १ लाख ६६ हजार १ सय ७६ वटा मुद्दा दर्ता भएकोमा ८६ हजार ९ सय १९ वटा मुद्दा दर्ता भएको सर्वोच्च अदालतले बताएको छ।

२०७०/०७१ मा १ लाख ८० हजार २६ वटा मुद्दाहरू दर्ता भएकोमा १ लाख ७ सय ६९ वटा मुद्दा फछ्र्यौंट भएको तथ्याङ्कमा उल्लेख छ। अदालतमा दर्ता भएका मुद्दामध्ये पुनरावेदन अदालतमा दर्ता भएका मुद्दाहरू १८ महिना र सर्वोच्च अदालतमा दर्ता भएका मुद्दाहरू अधिकतम् दुई वर्षमा टुगिंनुपर्ने प्रावधान छ।

१८ महिना नाघेका बाँकी मुद्दाहरू १८ हजार ४ सय ७५ थानमध्ये सर्वोच्च अदालतमा १३ हजार २ सय १२ थान, पुनरावेदन अदालतहरूमा १ हजार २ सय ८ थान, जिल्ला अदालतहरूमा ३ हजार ५ सय २३ थान थान र अन्य अदालत तथा न्यायाधीकरणहरूमा ५ सय ३२ थान टुगिंन बाँकी रहेका छन्।

२०७२/०७३ मा मुद्दा तथा रिटतर्फ कूल लगतको ५४ प्रतिशत, निवेदन, प्रतिवेदन र फुटकर निवेदनतर्फ कूल लगतको ९० प्रतिशत फछ्र्यौंट गर्ने वार्षिक कार्ययोजना बनाइएको थियो। तर, मुद्दा तथा रिटतर्फ ३१ दशमलव ४१ प्रतिशत, निवेदनतर्फ ६६ दशमलब ३४ प्रतिशत, प्रतिवेदनतर्फ ५० दशमलव १३ प्रतिशत र फुटकर निवेदनतर्फ २४ दशमलब ५७ प्रतिशत फछ्र्यौंट भएका छन्। कूल लगतको ३१ दशमलब ७८ प्रतिशत फछ्र्यौंट भएको बताइएको छ।

## फोहरबाट बिजुली निकाल्ने प्लान्टको उद्घाटन

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिकाले गत वर्ष तयार गरेको फोहोरबाट बिजुली निकाल्ने बायोमिथानेसन प्लान्टको मंगलबार उद्घाटन गर्दैगर्दा वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले अब काठमाडौंमा फोहोरबाट बिजुली निकाल्ने कामको थालनी भएको दाबी गर्नुभयो।

करिब एक वर्षदेखि परीक्षणका रुपमा सञ्चालन गरिएको प्लान्टको काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य र नेपालका लागि युरोपियन युनियनका राजदूत रेन्सजे टिरिन्कले मंगलबार संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो। कामपाको २० प्रतिशत र युरोपेली संघको ८० प्रतिशत गरी १ करोड ८२ लाख रुपियाँ लगानीमा तयार गरीएको प्लान्टबाट उत्पादित बिजुली टेकु ट्रान्सफर्मर स्टेसनमा वितरण गरिएको छ।

प्लान्टमा दैनिक ३ मेट्रिक टन जैविक पदार्थबाट दैनिक ३ सय किलोग्राम जैविक मल, १४ किलोवाट बिजुली र १३ हजार ५ सय लिटर प्रशोधित पानी उत्पादन हुने भएको छ। राजधानीमा उत्पादित फोहरको मात्रा घटाउन र फोहोरबाट बिजुली निकाल्न यस्ता प्लान्टहरूको आवश्यकता औंल्याइएको छ। सो प्लान्टबाट हाल १४ किलोवाट बिजुली निकालिएको छ। सो प्लान्टबाट मिथेन ग्यास उत्पादन भइरहेको छ भने सोही ग्यासबाट बिजुली उत्पादन शुरु भएको छ। बिजुली उत्पादनका लागि टर्वाइन जडान गरिएको छ।

प्लान्टको उद्घाटन गर्दै मेयर शाक्यले कामपालाई फोहोरमुक्त राजधानीका रुपमा विकास गर्न नयाँ योजनाको थालनी भएको बताउनुभयो। हामीले काठमाडौंलाई सुन्दर र सफा शहरका रूपमा परिकल्पना गरेका छौं, सोहीअनुसार नयाँ कामको थालनी भएको छ' -उहाँले भन्नुभयो। यो परियोजनाको सञ्चालनबाट वार्षिक सरदर २ हजार ५ सय टन बराबरको कार्वनडाइअक्साइड ग्यास उत्सर्जनमा कमी आउने अपेक्षा गरिएको जानकारी गराउँदै फोहोरबाट अन्य परियोजना सञ्चालन गर्ने सोच कामपाले अघि बढाएको बताउनुभयो।

प्लान्टको उद्घाटन कार्यक्रममा बोल्दै उपप्रमुख हरिप्रभा खड्गीले परम्परागत सोचमा परिवर्तन भए नयाँ ढंगबाट फोहोर व्यवस्थापन गर्नुपर्ने बेला आएको बताउनुभयो। उहाँले भन्नुभयो- फोहोरमुक्त राजधानी बनाउने अभियानको थालनी भएको छ। हामी सबैले सहयोग गर्नुपर्छ। युरोपेली संघ नेपालका लागि राजदूत रिन्जे टिरिन्कले विश्वसामू सुन्दर शहरका रुपमा अघि बढाउन फोहर व्यवस्थापन मुख्य चुनौती रहेको औंल्याउनुभयो। उहाँले भन्नुभयो- 'काठमाडौंलाई विश्वको सुन्दर शहर बनाउन संघले विभिन्न सहयोग गर्न तयार छ। कामपाका कार्यकारी अधिकृत ईश्वरराज पौडेलले फोहरलाई उर्जाका रूपमा विकास गरिनुपर्ने धारणा राख्नुभयो।

## दर्जनौं स्थानमा बम

काठमाडौं, (नेस)

देशका विभिन्न स्थानमा मंगलबार फेला परेका बिष्फोटक पदार्थ सुरक्षा निकायले निष्कृय गरेको छ।

नेपाल कम्युनिस्ट पार्टी विप्लव माओवादीका कार्यकर्ताले राखेको बम सुरक्षा निकायले निष्कृय पारेको जनाएको छ।

निर्वाचन बहिष्कार अभियानअर्न्तगत निर्वाचनको अघिल्लो दिन देशका विभिन्न भागमा सो पार्टीका कार्यकर्ताले बम राखेर वातावरण आतंकित बनाउने प्रयास गरेका थिए।

सुनसरी धरान उपमहानगरपालिका-१५ स्थित साङपाङ चोक, झापा दमक नगरपालिका-२ स्थित हिमालय उच्च माविको मुलगेट, मोरङ जहदागापा-५ स्थित मझारे पुल, मोरङ बुढीगंगा गाउँपालिका-४ स्थित कोशी ग्यास फ्याक्ट्रीको गेट, सोही गाउँपालिका-१ स्थित टंकी चोक, मोरङ उर्लाबारी नगरपालिका-८ अरनीको मावि र कञ्चनपुरको पुनर्बास नगरपालिका-३ स्थित फोहोर फाल्ने ठाउँमा बिष्फोटक पदार्थ फेला परेको थियो।

यसै गरी बाँके राप्ती सोनारी गाउँपालिका-५ टरुवास्थित कलभट, अछाम तुर्माखाँद गाउँपालिका-५ स्थित बाटो तथा कालिकेश्वरी मावि, दाङ घोराही उपमहानगरपालिका-१७ ट्राफिक चोक तथा सोही ठाउँस्थित जीवन गौतमको घर अगाडि, अछामको ढकारी गाउँपालिका-४ स्थित नवराज साउदको घर नजिक राखेको बमलाई सुरक्षा निकायले निष्कृय पारेको थियो।

त्यस्तै कञ्चनपुरको कृष्णापुर नगरपालिका-२ बनरापुर र कैलाली घोडाघोडी नगरपालिका-१ सुखड बजार नजिक पिपलको रुखको फेदमासमेत शंकास्पद अवस्थामा बिष्फोटक पदार्थ फेला परेको थियो। ती बिष्फोटक पदार्थ सुरक्षा निकायको टोलीले निष्कृय पारेको जनाएको छ।

मंगलबार साँझ उदयपुरको गाइघाटमा रहेको जिल्ला निर्वाचन कार्यालयमा बम बिष्फोट गराउने उद्देश्यले बम बोकेर गएका विप्लव माओवादीका २ कार्यकर्तालाई २ थान बमसहित प्रहरीले पक्राउ गरेको छ।

उनीहरूबाट प्रहरीले बरामद गरेको बम शक्तिशाली रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

## मेयर र उपमेयरलाई सम्मान

ललितपुर, (नेस)

प्याब्सन ललितपुरले ललितपुर महानगरपालिका, महालक्ष्मी र गोदावरी नगरपालिकाका मेयर र उपमेयरलाई सम्मान गरेको छ।

सोमबार ललितपुरमा आयोजित कार्यक्रममा उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले सम्मान गर्नुभएको हो।

सम्मानित हुनेहरूमा ललितपुर महानगरपालिका मेयर चिरीबाबु श्रेष्ठ, उपमेयर गीता सत्याल, गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन, उपमेयर मुना अधिकारी, महालक्ष्मी नगरपालिकाका मेयर रामेश्वर श्रेष्ठ र उपमेयर निर्मल थापा कार्की रहेका छन्। सम्मान कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले मुलुकको शिक्षा क्षेत्रको विकासका लागि निजी विद्यालयहरूको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो।

उहाँले भन्नुभयो- निजी विद्यालयको व्यवस्थापकीय पक्ष राम्रो भएर होला अधिकांश गरिब अभिभावकले गिट्टी कुटेर भए पनि आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाएका छन्। उहाँले कोरा शिक्षाले मात्रै शिक्षा क्षेत्रको विकास हुन नसक्ने उल्लेख गर्दै आमूल परिवर्तन आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा सांसद एवं लिटिल एञ्जेल्स स्कूलका संस्थापक उमेश श्रेष्ठ, प्याब्सनका वरिष्ठ उपाध्यक्ष डीके ढुंगाना, प्याब्सन ललितपुरका अध्यक्ष शिव कार्की, प्रिमियर स्कुलका व्यवस्थापक निर्देशक वसन्त थापाले निर्वाचित मेयर र उपमेयरलाई बधाई दिनुभएको थियो।

## सिनेमा कर्नर











माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्यसिद्धि हुने, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ हुनेछ ।
**वृष** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव ।
**मिथुन** : द्रव्यलाभ हुने, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ ।
**कर्कट** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक लगानी ।
**सिंह** : धनप्राप्ति, उपहार, पुरस्कार प्राप्ति, उत्तम भोजन, कार्य सफल ।
**कन्या** : अस्वस्थता, इष्टमित्रसाग विवाद, दुर्घटनाको सम्भावना छ ।
**तुला** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति ।
**वृश्चिक** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि ।
**धनु** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि हुनेछ ।
**मकर** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ ।
**कुम्भ** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलताको योग ।
**मीन** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति ।

# नेपाल

वातावरणमैत्री अभियानका लागि नमुना गाउँमा घरायशी गोबर ग्याँस प्लान्ट, सुधारिएको चुलो, शौर्य ऊर्जा प्रविधि, विद्युत् उत्पादनका लागि सुधारिएका पानी घट्ट, ग्रामीण क्षेत्रमा घरायशी, विद्युतीकरणका लागि पिको/माइक्रो-हाइड्रो एवं शौर्य शक्तिमा आधारित सुकाउने प्रविधिहरु छन्।

## भर्खर रोपाइँ शुरू



नेपाल समाचारपत्र

कुन्तावेंशी

यसवर्ष अलि ढिलो गरी मनसुन शुरू भयो। यसको प्रत्यक्ष असर किसानलाई परेको छ। अधिकांश सिँचाइ सुविधा नपुगेका जिल्लाहरूमा आकाशेपानीकै भरमा रोपाइँ गर्नुपर्ने बाध्यता छ। काभ्रे जिल्लामा पनि यस वर्ष भर्खरै मात्र रोपाईं शुरू भएको छ।

आधा असार सकिँदासम्म जिल्लामा २० प्रतिशत जति खेतमा मात्र रोपाइँ भएको छ। विगत वर्षहरूमा यस समयसम्ममा ४० प्रतिशत जमिनमा धान रोपाईं भइसकथ्यो। ढिलो वर्षा भएकाले यसवर्ष विगतको जस्तो हुन नसकेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। सिँचाइ सुविधा पुगेका खेतहरूमा भने समयमै रोपाइँ सकिने कार्यालयको अनुमान छ।

गतवर्ष धान रोपाइँ सकेर धान दिवस मनाएको सम्झना गर्ने जिल्लाका अधिकांश कृषक अहिले धान दिवस आइसक्दा पनि खेतबारीमै व्यस्त छन्। यस वर्ष उनीहरूलाई रासायनिक मलको अभाव पनि उस्तै परेको छ। कतिपय खेतमा चैतमा रोपेको धान काट्ने सिजन हुन लागेकाले त्यो धान भित्र्याइसकेपछि मात्र रोपाइँ गरिन्छ। केही ठाउँमा मकै रोपिएको छ। त्यसैले पनि असारको रोपाइँ केही समय ढिला हुने भएकै बेला पानी नपरेपछि सम्भव भएका जमिनमा समेत यतिबेला रोपाइँ भएको छैन। विशेष गरी मण्डनक्षेत्रका कुन्तावेंशी, चाखोला, ज्वानेटार, जोगिटार, सिपाघाटलगायतका धान उत्पादनका पकड क्षेत्रमा भर्खरै मात्र रोपाईं शुरू भएको स्थानीय कृषक कृष्णप्रसाद नेपालले जानकारी गराउनुभयो। उहाँका अनुसार असारको दोस्रो साता सकिँदासम्म धेरैजसो ठाउँमा रोपाइँ नै शुरू भएको छैन।

समयमा रोपाइँ गर्न नपाएपछि यस वर्ष धान उत्पादन घट्ने हो कि भन्नेमा किसानहरू चिन्तित छन्। गएको वर्ष मौसम अनुकूल भएका कारण देशमै धान उत्पादनमा उल्लेख्य वृद्धि भएको थियो। तर यस वर्ष देशभरिकै मौसम गत वर्षको जस्तो छैन। त्यसैले धान उत्पादन केही घट्न सक्ने कृषि अनुसन्धान परिषद्का इञ्जिनियर गौरीलाल श्रेष्ठले बताउनुभयो। 'तैपनि अहिले नै यसै भन्न सकिने अवस्था भने अलि छैन', उहाँ भन्नुहुन्छ- 'असारको अन्त्यसम्ममा रोपाइँ गर्न सकियो भने पनि उत्पादनमा खासै कमी आउँदैन।' त्यसैले अहिले नै किसानहरूलाई नआत्तिन उहाँको अनुरोध छ।

## माओवादीका कार्यकर्ताद्वारा गाडी तोडफोड

प्यूठान, (नेस)

नेकपा माओवादी केन्द्रका कार्यकर्ताले प्यूठानका एक व्यवसायीको टोयटा हाइलेक्स पिकअप गाडीमा गए राति तोडफोड गरेका छन्। नेकपा एमालेका तर्फबाट प्यूठान नगरपालिकाका मेयरका उम्मेदवारले मतदानका दिन प्रयोग गर्न 'पास' बनाएको बा९च ६५१४ नं. को गाडीमा तोडफोड भएको एमालले जनाएको छ।

गाडी मालिक बालाजु श्रेष्ठले आफ्नै घरमा रोकीराखेको गाडीमा नाराबाजीसहित आएका माओवादी कार्यकर्ताले तोडफोड गरेको जनाएका छन्। सोमबार साँझ प्यूठान नगरपालिका वडा नं. ४ मा खमल्दी बस्तीमा स्थानीयलाई भेला गरी मत प्रभावित पार्ने गतिविधि गरेलगत्तै बिजुवार मित्रमणि चोकमा माओवादी कार्यकर्ताहरूले प्रदर्शनसमेत गरेको एमालेको आरोप छ। 'माओवादीका केन्द्रीय कार्यालय सदस्य मणि थापासहितको टोलीले हुलदङ्गा गऱ्यो', एमाले प्यूठानका नगरपालिका निर्वाचन परिचालन कमिटीका संयोजक विजयविराज विष्टले भने- 'सुनियोजितरूपमा एमाले कार्यकर्तामाथि आक्रमणको प्रयास गर्दासमेत स्थानीय प्रहरी मुखदर्शक थियो।'

मौन अवधिको समयमा प्रचार कार्य गरेर आचार संहिता उल्लंघन गरेको आरोप एमालेको छ। माओवादी केन्द्र खमल्दीका कार्यकर्तालाई एमालेले पैसा बाँडेको भन्ने आरोप बारे बुझ्न सो ठाउँ पुग्दा माओवादी केन्द्रले सभा गरेको एमाले कार्यकर्ता नवीन श्रेष्ठले बताए।

## वातावरणमैत्री गाउँ बनाइँदै

मोतीराम तिमल्सिना, काभ्रे

वातावरणमैत्री गाउँ विकास अवधारणालाई सफल बनाउन ग्रामीण क्षेत्रहरूमा कार्बन उत्सर्जनलाई घटाउँदै विकास केन्द्रित गतिविधिहरूलाई अगाडि बढाउने उद्देश्यले सञ्चालन भएको जिल्लाका तीन वटा गाउँमा कार्बन न्यूनीकरण एवं विपन्न केन्द्रित दिगो वातावरणमैत्री गाउँ विकासका लागि सप्रमाण पैरवी कार्यक्रमको नमुना प्रस्तुत गरिएको छ।

जिल्लाको च्याम्ब्राङबेंसी, ढुंखर्कको लड्कु चनौटे र चलालको सिक्रे घ्याङ्गमा उक्त कार्यक्रम ३ वर्षदेखि सञ्चालन गरिएको छ। च्याम्ब्राङबेंसीमा गहुँ बीउ बिजन उत्पादन, माछा पालन, तरकारी खेतीमा सहयोग तथा विभिन्न प्रकारका कार्यक्रमले वातावरणमैत्री गाउँ बनाउन सहयोग पुऱ्याइएको छ भने चनौटे र चलालमा पनि कृषि उपजमा सहयोग पुऱ्याएको छ। जलवायु परिवर्तनका नकरात्मक प्रभावहरूलाई घटाउन तथा जिविकोपार्जनका राम्रा अवसरहरू प्राप्त गर्न ग्रामीण समुदायहरूलाई सशक्तरूपमा सहयोग पुऱ्याएको उपभोक्ता तुलप्रसाद दाहालले बताए।

वातावरणमैत्री अभियानका लागि नमुना गाउँमा घरायशी गोबर ग्याँस प्लान्ट, सुधारिएको चुलो, शौर्य ऊर्जा प्रविधि, विद्युत् उत्पादनका लागि सुधारिएका पानी घट्ट, ग्रामीण क्षेत्रमा घरायशी, विद्युतीकरणका लागि पिको/माइक्रो-हाइड्रो एवं शौर्य शक्तिमा आधारित सुकाउने प्रविधिहरू छन्। ग्रामीण प्रविधि केन्द्रद्वारा सञ्चालित जिल्लास्तरीय छलफल तथा समीक्षा कार्यक्रममा केन्द्रका वरिष्ठ निर्देशक हरिगोपाल गोर्खालीले कार्बन न्यूनीकरण एवं विपन्न केन्द्रित दिगो वातावरणमा सहज हुने बताए। कार्यक्रममा स्थानीय विकास अधिकारी कोमलप्रसाद धमलाले वातावरणमैत्री गाउँ बनाउन शुरू गरिएको अभियान अत्यन्तै सकारात्मक, राम्रो र उपयुक्त भएको बताए।

कार्यक्रममा धुलिखेल नगरपालिकाका प्रमुख अशोक व्याञ्जुले वातावरणमैत्री स्थानीय शासनका लागि भएका अभियानहरूलाई स्थानीय तहले सहयोग गर्ने र आगामी कार्यक्रमहरू वातावरणमैत्री हुने विश्वास दिलाए। कार्यक्रममा बेथाञ्चोक गाउँ पालिकाका अध्यक्ष प्रेमबहादुर तिमल्सिनाले वातावरणमैत्री र कार्बन न्यूनीकरणका लागि भएका प्रयासलाई अगामी दिनमा झनै बढोत्तरी गर्दै लैजाने बताए। कार्यक्रममा नेपाल पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष मोतीराम तिमल्सिना, जिल्ला कृषि विकास कार्यालयका प्रमुख दुर्गाप्रसाद पण्डित, ग्रामीण प्रविधि केन्द्रका उपनिर्देशक श्याम राई, कार्यक्रम अधिकृतद्वय शोभना महर्जन र सुवास लामिछाने, घट्टधनी संघका अध्यक्ष शिवशरण श्रेष्ठलगायतले वातावरणमैत्री गाउँका बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा नमुना गाउँका उपभोक्ता रामहर तिमल्सिना, रूपा तामाङलगायतले नमुना वातावरणमैत्री गाउँ बनाउन भएका प्रयास र उपलब्धिका बारेमा बताएका थिए।

## चट्याङ लागेर दुईको मृत्यु

गुल्मी, (नेस)

गुल्मीमा चट्याङ लागेर २ जनाको मृत्यु भएको छ। वर्षासँगै परेको चट्याङ लागेर धुर्कोट गाउँपालिका-६ स्थित ११ वर्षीय कमल थापाको मृत्यु भएको छ।

चट्याङबाट जिल्लाको मालिका गाउँपालिका-५ स्थित २७ वर्षीय प्रदीप थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक महेन्द्र नेपालले जानकारी दिए।

चट्याङ लागेर एक जना घाइते भएका छन्। मालिका गाउँपालिका-५ निवासी २० वर्षीय बिना भण्डारी घाइते भएको प्रहरीले जनाएको छ। घाइते भण्डारीको थप उपचारका लागि पाल्पा पठाइएको छ। मृत्यु हुने २ जनालाई घरमै बसेको बेला चट्याङ लागेको थियो।

## निर्देशनविपरीत द्वन्द्वपीडितलाई ७ करोड ६१ लाख

रोशन पराजुली, हेटौंडा

मकवानपुरमा निर्वाचन आयोगको निर्देशनविपरीत सरकारले द्वन्द्वपीडितलाई रकम वितरण गर्ने भएको छ।

द्वन्द्वपीडितका नाममा देशभरका लागि ८ अर्ब ७१ करोड छुट्याइएपछि मकवानपुरमा ७ करोड ६१ लाख ७५ हजार रुपियाँ आइपुगेको हो। मकवानपुरमा वैशाख ३१ गते पहिलो चरणमा स्थानीय चुनाव भइसकेको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई शान्ति मन्त्रालयअन्तर्गत राहत तथा पुन:स्थापना एकाइले रकमसहित अख्तियारी दिएको हो। चुनावको मुखैमा कांग्रेस-माओवादी केन्द्रको गठबन्धन सरकारले द्वन्द्वपीडितका नाममा आर्थिक सहायता निकासा गर्ने निर्णय गरेको थियो।

निर्वाचन आयोगले दिएको निर्देशनविपरीत सरकारले रकम निकासा गरेको हो। आयोगले चुनावपछि मात्र त्यसलाई कार्यान्वयन गर्न पत्राचार गरेको थियो। तर, सरकारले सुनेन। प्रमुख जिल्ला अधिकारीलाई तोकिएको रकम पीडितलाई उपलब्ध गराउन पत्राचार भइसकेको छ। १ सय ३५ द्वन्द्वपीडितका लागि असार मसान्तसम्ममा रकम वितरण गर्न परिपत्र आएको प्रशासनका लेखा अधिकृत अर्जुनप्रसाद ढकालले जानकारी दिए। उनका अनुसार १ सय २४ मृतक परिवारका लागि ७ करोड २० लाख, बेपत्ता/हराएका परिवारका लागि २९ लाख ७५ हजार र ११ जना पीडितलाई जीवननिर्वाह भत्ता दिइनेछ।

तथ्यांकअनुसार विस्थापित व्यक्ति/परिवारले मासिक २५ हजार राहत रकमका दरले ४८ लाख ७५ हजार पाइसकेका छन्। प्रशासनले असार मसान्तभित्र रकम नलिए बजेट फ्रिज हुनेहुँदा समयमै रकम बुझ्न पीडितलाई सूचित गरेको छ। मकवानपुरमा चुनाव भइसकेकाले असार १४ अघि नै रकम वितरण गरिने प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद शर्मा दुवाडीले बताए। 'असार १४ गते हुने स्थानीय तह दोस्रो चरण निर्वाचनका लागि मकवानपुरमा आचार संहिता लाग्दैन' -प्रजिअ दुवाडीले भने।

पीडितका नाममा उक्त रकम स्वीकृत गर्ने निर्णय पुष्पकमल दाहाल नेतृत्वको सरकारले फागुन २५ गते गरेको थियो। मृतक र बेपत्ता परिवारका नाममा निकासा हुने रकम अनियमितता हुने, तिनका नाममा माओवादी केन्द्रले कार्यकर्ताको भरणपोषण गर्ने आरोप यसअघि प्रतिपक्षी दलहरूले लगाउँदै आएका थिए। द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता सूचीमा परेका, विस्थापित, अपहरण, टुहुरा बालबालिकासहितका नाममा रकम प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णयलाई शान्ति मन्त्रालय मातहतको एकाइले बुधबार कार्यान्वयनमा लगेको हो। रकम वितरण गर्दा चुनावमा असर पर्ने र निर्वाचन आचार संहिताविपरीत हुने भन्दै तत्काल स्थगित गर्न कर्मचारीबाट आवाज उठे पनि मन्त्रालयले 'प्राविधिक समस्या' भन्दै रकम निकासा गर्न अख्तियारी दिएको हो।

यसअघि सर्वसाधारण मृतकमध्ये १३ हजार ४ सय २८ परिवारलाई प्रतिपरिवार ५ लाख रुपियाँ सरकारले वितरण गरिसकेको छ। त्यसमा प्रतिपरिवार थप ५ लाख थपी १० लाख दिने निर्णय भएको छ। मृतक सेना, प्रहरी, सशस्त्र प्रहरी, कर्मचारी, शिक्षक प्रत्येकलाई १० लाख वितरण गर्ने गरी जिल्लामा निकासा गरिएको छ।

द्वन्द्वकालमा मारिएका, बेपत्ता पारिएका पीडित परिवालाई रकम बाँड्दा कसैको विरोध नहुने आशा गरिए पनि त्यसो हुन सकेन। निर्वाचन आयोगले 'चुनावपछि कार्यान्वयन गर्नू' भने पनि रकम पीडितका हातमा पुग्दा निर्वाचनपछि नै हुने ठम्याइले सरकारले हाल रकम निकासा गरेको हो।

## मतदान केन्द्रनजिक विस्फोटन

गुल्मी, (नेस)

गुल्मीमा आइतबार राति दुई मतदान केन्द्रमा अज्ञात समूहले बम बिस्फोट गराएको छ।

मदाने गाउँपालिका ७ को दीपक माविको बुथनजिक र वडा नम्बर ६ को टिम्मुरखर्क निमावि बुथनजिकै आइतबार राति ११ बजेको समयमा बम बिस्फोट भएको निर्वाचनमा खटिएका ताराबहादुर राउतले जानकारी दिए।

मतदान केन्द्रबाट करिब २ सय मिटरमाथि जंगलमा रातिको समयमा जनतालाई आतंकित पार्ने उद्देश्यले गाउँनै थर्किने गरी कुनै चिज फड्किएको मतदान अधिकृत राउतले बताए। उनीहरूले राति केही न केही विस्फोटक पदार्थ पडकाएको तर बम वा अरू भन्ने अनुसन्धान भइरहेको सशस्त्र प्रहरी प्रमुख दिगविजय सुवेदीले बताए।

घटनास्थलमा हेरेर टोली फर्किएको छ उनले भने- 'पड्किएको ठाउँ वरिपरि कुनै केही देखिएको छैन यसबारे थप अनुसन्धान गर्छौं।' 'निर्वाचनलाई आतंक फैलाउने उद्देश्यले कुनै वस्तु ल्याएर पड्काएको हुनसक्छ', डीएपी सुवेदीले भने- 'बम नै हो भनेर भन्न मिल्दैन्।'

उनीहरूलाई तत्काल खोजी गरेर पक्राउ गर्न सबै मातहतलाई निर्देशन गइसकेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक भोला रावलले बताए। निर्वाचनलाई आतंक फैलाउने उद्देश्यले विप्लव समूहका कार्यकर्ताबाट भएको हुनसक्ने प्रहरी जनाएको छ।

## हेटौंडा बन्यो बालश्रममुक्त नगर

नेपाल समाचारपत्र

हेटौंडा

हेटौंडा उप-महानगरपालिकाका सबै वडा निकृष्ट बाल श्रममुक्त वडा घोषणा भएका छन्। सन् २००९ देखि उप-महानगरपालिकाले निकृष्ट बाल श्रममुक्त क्षेत्र घोषणा अभियान थालेको हो।

शुक्रबार हेटौंडा-१ नम्बर वडालाई निकृष्ट बाल श्रममुक्त घोषणासँगै हेटौंडा उप-महानगर देशका नगरमध्ये पहिलो निकृष्ट बाल श्रममुक्त घोषणा भएको हो। हेटौंडा उप-महानगरपालिका वडा नम्बर १ का वडास्तरीय निकृष्ट बाल श्रममुक्त अभियान समिति संयोजक शकुन्तला थापाको सभाध्यक्षतामा भएको कार्यक्रममा वडाका विभिन्न युवा क्लब, बाल क्लब, टोल विकास संस्थालगायतले चाइना क्वार्टरबाट ऱ्याली निकाली ज्योति आधारभूत विद्यालयमा पुगी सभामा परिणत भएको थियो।

कार्यक्रममा हेटौंडा उप-महानगर उपमेयर मीना लामाको प्रमुख आतिथ्यता थियो। करिब ८ वर्षदेखि हेटौंडा उपमहानगरलाई निकृष्ट बाल श्रममुक्त क्षेत्र घोषणा गर्ने अभियानमा रहेको उप-महानगरले सन् २०१४ को जुन १२ मा हेटौंडा उप-महानगरपालिका वडा नम्बर ११ बाट निकृष्ट बाल श्रममुक्त वडा घोषणा गर्न शुरू गरेको थियो।

उप-महानगरपालिकाका बालश्रममा परेका बालबालिकाहरूलाई पुन:स्थापना, शैक्षिक सहयोग र परिवारलाई आयमूलक क्रियाकलापका लागि बाल कल्याण समाज मकवानपुरले विभिन्न गैरसकारी संस्थाको समन्वयमा सहयोग गरिरहेको छ।

निकै लामो संघर्ष र मेहनतले उप-महानगरका सबै वडालाई निकृष्ट बाल श्रममुक्त घोषणा गर्न सफल भएको भन्दै बाल कल्याण समाज मकवानपुरका कार्यक्रम प्रमुख कमल फुयाल भन्नुहुन्छ- 'निकृष्ट बाल श्रममुक्त घोषणा हुनु खुसीको कुरा हो। यो घोषणामात्र नभएर कार्यान्वयनको पक्षमा छ। घोषणापश्चात् आगामी आर्थिक वर्षमा प्रत्येक वडामा सचेतना तथा कार्यान्वयनको विषयमा काम गर्ने कार्ययोजना छ। उहाँले घोषणापश्चात् पनि बाल कल्याण समाजले निरन्तर निगरानी र सचेतना कार्यक्रम गर्ने बताउनुभएको छ। जिल्ला बाल कल्याण समिति मकवानपुरका अधिकृत रवि हमालले निकृष्ट बाल श्रममुक्त क्षेत्र घोषणापश्चात् सबै क्षेत्रका सरोकार पक्षहरू आ-आफ्नो क्षेत्रबाट लाग्ने हो भने निकृष्ट बाल श्रममुक्त क्षेत्र घोषणाले सार्थकता पाउने बताउनुभयो।

बालश्रम गराउने व्यक्ति वा संस्थालाई कुनै पनि राजनीतिक तथा अन्य सामाजिक कुराहरूले ढाकछोप नगर्ने हो भने धेरै बालश्रमिकले बाल अधिकार प्रयोग गर्न पाउने उहाँको भनाइ छ। हमाल गैरसरकारी संस्थामात्र नभएर सम्बन्धित निकायले विशेषरूपमा काम गर्ने हो भने बालश्रम अन्त्य हुन सम्भव रहेको बताउनुहुन्छ।

निकृष्ट बाल श्रममुक्त क्षेत्र घोषणा गर्न विभिन्न समयमा उप-महानगरपालिकामा अनुगमन हुने गरेको थियो। अनुगमनले निरन्तरता पाउने हेटौंडा उप-महानगरपालिकाले जनाएको छ। उप-महानगरपालिकालाई असार २० गतेअगाडि नै निकृष्ट बाल श्रममुक्त घोषणा गर्ने तयारी गरिएको छ।

## पैसा बाँडेको आरोपमा कांग्रेस कार्यकर्ता पक्राउ

भद्रपुर, (नेस)

झापा गाउँपालिकामा कांग्रेसले पैसा बाँडेको आरोपमा एक कार्यकर्तालाई प्रहरीको जिम्मा लगाइएको छ। झापाको दक्षिणी क्षेत्रमा रहेको पुरानो सदरमुकाम झापा गाउँपालिकामा मौन अवधिको समयमा गाउँपालिकाको वडा नं. १ मा सोमबार राति ११ बजे कांग्रेस कार्यकर्ता मोहमद अलि हुसेनले मतदातालाई प्रलोभनमा पार्न रकम बाँडेको भेटिएको भन्दै एमाले, माओवादी र फोरम लोकतान्त्रिकका कार्यकर्ताले उनलाई नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका हुन्।

सोमबार बेलुकी ८ बजे इदको शुभकामना दिन भन्दै भोट माग्न कांग्रेस उम्मेदवार जयनारायण शाह निस्किएपछि एमाले, कांग्रेसबीच घम्साघम्सी भएको थियो। प्रहरी प्रशासनले त्यहाँको विवाद साम्य पारेर सबैलाई घर पठाएपछि स्थिति सामान्य बनेको थियो।

तर, दुई जना एमाले कार्यकर्ता विनोद तामाङ र डम्बर राई घर फर्किंदै गर्दा कांग्रेस समर्थकले उनीहरूमाथि कुटपिट गरेको एमालेले दाबी गरेको छ। प्रहरीका अनुसार उनीहरूको सुरुङ्गास्थित मेरी गोल्ड हस्पिटलमा उपचार भइरहेको छ।

झडपको क्रममा प्रहरीमाथि हातपात गर्ने एमाले कार्यकर्ता श्याम दर्नाल पनि पक्राउ परेको प्रहरीको भनाइ छ। हुसेन केही समयअघि मात्र कांग्रेसमा प्रवेश गरेका थिए। यस विषयमा सर्वदलीय बैठक बसी विस्तृत अनुसन्धान भइरहेको सो क्षेत्रमा खटिएका इन्सपेक्टर प्रकाश जबेगुले बताए।

२०७४ असार
बुधबार
१४

रसुवामा भूकम्पले भत्किएका विद्यालयको पुनर्निर्माण हुन थालेको छ। जिल्लामा भूकम्पले भत्किएका ९७ वटा विद्यालय जिल्लामा क्रियाशील गैरसरकारी संस्थाले विद्यालय भवन निर्माण थालेका हुन्।



# नेपाल

# काभ्रेमा विकासको गति सुस्त

**नेपाल समाचारपत्र**

काभ्रे

प्रदेश ३ को राजधानी बन्ने चर्चा पाएको र बनाउन लविङ शुरू गरिएको काभ्रेपलाञ्चोक जिल्ला सम्भावना भएर पनि बत्तीमुनिको अँध्यारो जस्तै भएको उद्योगी व्यवसायीहरूले बताएका छन्।

'सम्भावना नै सम्भावना भएको जिल्लामा उद्योग व्यवसायहरू सञ्चालन हुनसकेका छैनन्' -नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय कोषाध्यक्ष ज्ञानेन्द्रलाल प्रधानले बताए। काभ्रे उद्योग वाणिज्य सघंले जिल्लाका १३ वटा स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष उपाध्यक्ष, बनेपा नगरपालिकाका १४ वटाका वडा अध्यक्षहरू, नेपाल पत्रकार महासंघका अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघबाट निर्वाचित व्यक्तिहरूलाई बधाई तथा शुभकामनाका साथ सम्मान गरेको छ।

जिल्ला अध्यक्ष एवं भर्खरै केन्द्रीय सदस्यमा निर्वाचित सुरकृष्ण वैद्यले उद्योगी व्यवसायीहरूलाई राज्यले हेर्ने दृष्टिकोण फरक बनाउनुपर्ने बताएका थिए। काभ्रेपलाञ्चोक जिल्ला अथाहा सम्भावना बोकेको जिल्ला भएकाले सरकारका हरेक कार्यक्रमहरूमा सहभागिता भए पनि चासो कम दिएको बताए। कार्यक्रममा केन्द्रीय अध्यक्ष भवानी राणाले सरकारसँग हातेमालो गर्दै उद्योगी व्यवसायी मुलुकको आर्थिक सम्वृद्धताका लागि अगाडि बढ्ने बताइन्। एक खम्बे अर्थनीति उद्योगी व्यवसायी भएकाले व्यवसायीको सहयोगमा राज्यले आर्थिक सम्वृद्धता हासिल गर्ने भएकाले व्यवसायीमुखी कार्यक्रम ल्याउन सरकार र जनप्रतिनिधिलाई उनले सुझाव दिइन्।

कार्यक्रममा केन्द्रीय कोषाध्यक्ष ज्ञानेन्द्रलाल प्रधानले राजधानीबाट नजिक भएर पनि पछि परेको काभ्रेपलाञ्चोक जिल्लाका थुप्रै सम्भावना भए पनि सरकारसँग लविङ हुन नसकेको बताए। ६ लेनको सडक धुलिखेलसम्म निर्माण गर्न ढिलाई भइरहेको भन्दै त्यसको पहल गर्न, डोमेस्टिक एयरपोर्ट तत्काल निर्माणकार्य अगाडि बढाउन र उद्योगहरू सञ्चालनका लागि खाका र गुरूयोजना बनाउन सुझाव दिए। प्रदेश नम्बर-३ का अध्यक्ष दिनेश श्रेष्ठले सरकारले व्यवसायीलाई दोहोरो कर लिएर मारमा पारिरहेको बताउँदै फोहोरमैला व्यवस्थापन जस्ता कार्यक्रममा उद्योगी व्यवसायीलाई सहयोगी बनाउन सुझाव दिए। कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष मोतीराम तिमल्सिनाले जिल्लामा एकीकृत विकासका योजनाहरू र उद्योगधन्दा सञ्चालनमा विशेष ध्यान दिन सुझाव दिँदै प्रदेश नम्बर ३ को राजधानी काभ्रेपलाञ्चोकमै बनाउन पहल गर्न आग्रह गरे।

बनेपा नगरपालिकाका प्रमुख लक्ष्मीनरसिं बादेले बनेपालाई ऐतिहासिक नगर बनाउन भ्रष्टाचारमुक्त नगर र विकासबाट सम्वृद्ध नगर बनाउन सबैको साथ र सहयोगको अपेक्षा रहेको बताए। काभ्रे उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष दियेशरत्न शाक्य, उपाध्यक्ष प्रकाश मानन्धर, भुम्लु गाउँपालिकाका उपाध्यक्ष कल्पना श्रेष्ठ, महासचिव प्रताप वैद्यलगायतले काभ्रेपलाञ्चोक जिल्लामा भएको सम्भावना र जनप्रतिनिधिहरूले खेल्नुपर्ने भूमिकाका बारेमा मन्तव्य राखेका थिए।

# शुरू भयो बाढी–पहिरो

## पोखराको दुई ठाउँमा जमिन भासियो

**धन बस्नेत, पोखरा**

लगातारको वर्षाले पोखराको विभिन्न ठाउँमा भौतिक क्षति भएको छ। सोमबार साँझदेखि शुरू भएको झरी मंगलबार बिहानसम्म परेको थियो।

झरीले सोमबार मध्यरातमा गएको पहिरोले पोखरा लेखनाथ महानगरपालिका-२४ वनपालेका डिल्लीराम सुवेदीको घर पुरिएको छ। घरको पछिल्लो भागबाट पहिरो घरभित्र पस्दा घरधनी डिल्लीराम सुवेदी घाइते भएका छन्। उनको श्रीमती खरिका, छोरा दीपक, बुहारी लक्ष्मी र नातिनी युनिशा भागेर ज्यान जोगाए।

घरभित्र रहेको खाद्यान्न, लत्ताकपडा एवं भाडावर्तन पुरिएर नष्ट भएको छ। त्यसै गरी वर्षाका कारण पोखरा-बागलुङ सडकखण्डको पोखरा २५ सुइखेतमा गएको पहिरो गई बन्द भएको बाटो राति नै डोजरको सहयोगले खुलाई सञ्चालनमा आएको प्रहरीले जानकारी दिएको छ। कास्कीको अन्नपूर्ण गाउँपालिकाको नयाँपुलमा पहिरोले सडक भत्काउँदा एकतर्फी मात्रै सडक सञ्चालन भइरहेको प्रहरीले जानकारी दिएको छ।

लगातारको झरीले पोखरा लेखनाथ महानगरपालिका १६ बाटुलेचौ वडा कार्यालय नजिकै र पोखरा ३ नदीपुरमा जमिन भासिएको छ। यसले पोखराको भौगोलिक अवस्था निकै कमजोर भएको देखिएको छ। विगत २ वर्षअघि अर्मला आसपासका क्षेत्रमा पनि जमिन भासिँदै गएपछि बस्ती नै जोखिममा परेको थियो।

जमिन भासिएपछि बिजुलीको पोलसमेत ढल्किएको छ। ट्रास्फरमर राखिएका दुई पोलमध्ये एक ढल्ने अवस्थापमा छ भने अर्को ढल्किएको छ। पोल ढल्किँदा ट्रान्समिटरमा समेत क्षति पुगेको छ। क्षतिले बाटुलेचौरमा विद्युत् आपूर्ति बन्द भएको छ। पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर १६ का अध्यक्ष जीवन आचार्यले भासिएको जमिन पुर्नुपर्ने अवस्था रहेको बताए। उनले त्यसका लागि महानगरपालिकामा पहल भएको र विद्युत् बनाउन पनि विद्युत् कार्यालयलाई जानकारी दिइसकेको बताए। उनले पोखराको खानेपानीको पाइप पनि भ्वाङ परेकै ठाउँमा भएका कारण पोल गाड्न अप्ठेरो भएको जिकिर गरे।

त्यसै गरी गए राति भलपानीको कारणले गर्दा पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर ३ नदीपुरमा नरबहादुर नेपालीको घरअगाडिको भागमा भ्वाङ परेको छ। गए राति आएको अविरल वर्षासँगै भलपानीले उनको अगाडिपट्टीको भागमा जमिनमा भ्वाङ परेसँगै पिँढीको केही भागसमेत चर्किएको छ। त्यसै गरी पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर ३३ मा बाढीले एउटा टयाक्टर बगाएको छ। सेती नदीबाट बालुवा बोक्न प्रयोग गरिँदै आएको नारायण तिवारीको ग१त २०८८ नम्बरको टयाक्टर बगाएको हो।

## भूकम्पले भत्किएका विद्यालय निर्माण हुँदै

रसुवा, (नेस)

रसुवामा भूकम्पले भत्किएका विद्यालयको पुनर्निर्माण हुन थालेको छ। जिल्लामा भूकम्पले भत्किएका ९७ वटा विद्यालय जिल्लामा क्रियाशील गैरसरकारी संस्थाले विद्यालय भवन निर्माण थालेका हुन्।

भूकम्प गएको २ वर्ष बितिसक्दासमेत विद्यालय भवन निर्माण हुन नसक्दा विद्यार्थी टहरामा पढ्न वाध्य छन्। भत्किएका विद्यालयमध्ये नेपाल कृषि वन प्रतिष्ठानले ६ वटा विद्यालय भवन निर्माण शुरू गरेको छ।

एक्सन एड नेपाल र एसिया अनलुस नामक गैर सरकारी संस्थासँगको साझेदारीमा प्रतिष्ठानले ६ वटा विद्यालयको भवन निर्माण शुरू गरेको हो। जिल्ला शिक्षा कार्यालयको सिफारीसमा पुनर्निर्माण प्राधिकरणले स्वीकृत दिएको नौकुण्ड र उत्तरगया गाउँपालिकामा विद्यालय भवन बनाउने कार्य शुरू भएको संस्थाले जानकारी दिएको छ।

साविकको यार्सा, सरमथली र लहरेपौवा गाविसमा दुई-दुई वटा भवन निर्माण भइरहेको संस्थाका जिल्ला संयोजक कमलनाथ आचार्यले जानकारी दिनुभयो।

संस्थाले यार्सा सरमथलीमा रहेका ४ वटा विद्यालय एसिया अनलुसको साझेदारीमा टेन्डरमार्फत् निर्माण गरिरहेको छ। त्यस्तै यार्सास्थित आरुखर्क प्राविको भवन जिल्ला शिक्षा अधिकारीले शिलान्यास गरिसक्नुभएको छ।

साविकको लहरेपौवा गाविस-४ का वडा अध्यक्षका अनुसार नेपाल कृषिवन प्रतिष्ठानले एक्सन एड नेपालको साझेदारीमा सञ्चालन गरिरहेको समुदायको अगुवाईमा सामूदायिक पुनर्निर्माण कार्यक्रमअन्तर्गत समुदायले नै कार्य जिम्मेवारी लिने गरी करिब ८६ लाख बराबरका दरमा भूवनेश्वरी प्रावि र ढुंगे आधारभूत विद्यालय निर्माण गर्न लागेकोमा खुसी व्यक्त गर्दै संस्थालाई परेको स्थानमा आफू सहयोग गर्न तत्पर रहेको धारणा व्यक्त गर्नुभयो।

आगामी डिसेम्बरसम्ममा सबै कार्य सम्पन्न गर्नुपर्ने भएकाले जनसहभागिता तथा सहयोगबाट दुवै विद्यालयमा यातायात सुविधा उपलब्ध गराइसकेको र हाल जमिनमुनिका कार्यहरू भइरहेको इञ्जिनियर राजकुमार देवकोटाले जानकारी दिनुभयो।

# सदरमुकाम सुनसान

खोटाङ, (नेस)

स्थानीय तहको निर्वाचनमा मतदान गर्नका लागि सबै आ-आफ्ना गाउँ गएपछि खोटाङ सदरमुकाम दिक्तेलबजार सुनसान बनेको छ। विभिन्न सिलसिलामा सदरमुकाम बसोबास गर्दै आएका जिल्लाबासी तथा जिल्लाबाहिरका मानिस आज हुने निर्वाचनका लागि परिवारसहित आ-आफ्ना गाउँ गएपछि सदरमुकाम सुनसान बनेको हो।

निर्वाचनको मौन अवधि शुरू भएसँगै बजारका अधिकांश घर, पसल, व्यापारिक संस्था तथा कार्यालयहरू बन्द भएका छन्। रूपाकोट मझुवागढी नगरपालिका रहेको दिक्तेलबजारका स्थानीयसमेत आ-आफ्ना वडामा मतदान गर्न गएपछि हाल सदरमुकामका स्थानीयबासी मात्र दिक्तेलबजारमा भेटिन्छन्। मतदान सकिएपछि मात्र सदरमुकाममा मानिसको चहलपहल शुरू हुने स्थानीय बताउँछन्।

२ नगर तथा ८ गाउँपालिकाका ७९ वडा रहेको जिल्लामा यो निर्वाचनका लागि कुल १ लाख १५ हजार ६ सय ४२ मतदाता रहेका छन्। निर्वाचन केन्द्रित सुरक्षाका हिसाबले हालसम्म कुनै अप्रिय घटना नभएको जिल्लाका स्थानीय यो निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गर्न आतुर देखिन्छन्।

Government of Nepal
Ministry of Federal Affairs and Local Development
Department of Local Infrastructure Development and Agricultural Roads
**Suspension Bridge Division**
Shreemahal, Pulchowk, Lalitpur

**Re-Request for Proposal of Consulting Services**
**Date of Publication: 2074/3/14 B.S.**

**Name of Contract: Consultancy Services for Detailed Engineering Survey, Design, and Cost Estimate of Various Bridges**
**Identification No: EP- 3-32/073/74**

The Department of Local Infrastructure Development and Agricultural Roads, **Suspension Bridge Division,** Shreemahal Pulchowk, Lalitpur invites proposals to provide the consulting services. The main objective of the consulting services is to perform detailed engineering survey, design and cost estimation of variousTrail Bridges at Different Districts. Details of the services are provided in the Terms of Reference (TOR).

The consulting firms are advised to take note of the information provided hereunder for submission of their proposal.

1.1. Eligible and interested consulting firms may obtain detailed Request for Proposal (RFP) on submission of written request and upon payment of non-refundable cash fee of NRs. 500 (Five hundred only) for each RFP from Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur. The last date of RFP procurement is **2074/4/1** within office hours.
1.2. Proposals should be submitted to Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur on or **before 12 PM on 2074/4/2.**
1.3. The consulting firms shall submit technical and financial proposals under a two envelope system, a separate wax sealed envelope for each type of proposal (Technical and Financial) clearly mentioning the Package identification number on envelope. The two sealed envelopes shall be again enclosed in one wax sealed envelope clearly mentioning the Package identification number on that outer envelope.
1.4. The opening of submitted technical proposals will be held on **2074/4/2 at 1:00 PM** at Suspension Bridge Division (SBD) Shreemahal, Pulchowk, Lalitpur in the presence of interested consulting firms who submitted their proposals. Absence of any or all consulting firms at opening time will not hamper the opening procedure.
1.5. In case the last date of Procurement and submission falls on government holiday then procurement submission can be done on same mentioned time of next working day.
1.6. A single firm or JV firm cannot submit the RFP for more than two Packages.
1.7. Proposals must remain valid for 90 days after the submission date.
1.8. Consultant selection method will be Quality and Cost based selection (QCBS) and the consultants achieving the highest combined technical and financial score will be invited for negotiation. The marks to be given under each of the Technical proposal evaluation criteria are:

| | Maximum Points |
|---|---|
| 1. Specific experience of consulting firms related to the assignment | 10 |
| 2. Methodology and work plan | 35 |
| 3. Key personnel proposed | 50 |
| 4. Transfer of Knowledge and training | 5 |
| **Total points** | **100** |
| **Minimum technical score required to pass** | **60** |

1.9. All the rights as to whether to accept or reject the bid partially or fully are reserved to Suspension Bridge Division(SBD) Shreemahal, Pulchowk, Lalitpur.

| S.N | Package no. | District | No. of Bridges |
|---|---|---|---|
| 1 | EP-7/073/74 | Okhaldhunga and Sindhuli | 5 |
| 2 | EP-18/073/74 | Gulmi, Palpa, Parbat and Rupandehi | 5 |
| 3 | EP-29/073/74 | Achham | 4 |
| 4 | EP-30/073/74 | Doti and Kailali | 5 |
| 5 | EP-31/073/74 | Kanchanpur and Kailali | 5 |

**Lost And Found**

This is to inform that I have lost my migration certificate of Kathmandu University. The details of the certificate are as follows :

Student Name : **Grishma Raj Aryal**
University : **Kathmandu University**
Registration Number : **A008005-07**
Contact Number : **9841727337**

***Please contact the above number in case anyone finds the certificate.***

**हार्दिक बधाई**







नेपाल अतिरिक्त हुलाक कर्मचारी एशोसिएसन (नापोज)को तेस्रो राष्ट्रिय महाधिवेशनबाट **टंकप्रसाद हुमागाई** अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा वहाँलगायत निर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**लिला सत्याल**
अध्यक्ष तथा
**नेपाल अतिरिक्त हुलाक कर्मचारी एशोसिएसन परिवार, काभ्रे**

**नेपाल सरकार**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**हनुमानढोका दरबार संग्रहालय विकास समिति**
**हनुमानढोका, काठमाडौं**

**भाडामा दिने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७३/३/१४ )**

यस दरबार संग्रहालयको स्वामित्वमा रहेको जुद्ध शालिक तर्फको नयाँ भवनको पसल कवल १ वटा पसल नं. ६ पसल कवल भाडामा संचालन गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति (प्यान दर्ता) फर्म, कम्पनी, संस्थाहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । पसल कवल भाडामा लिन चाहनेले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म टेण्डर फर्म खरिद गर्न र १६ औं दिनको १२:०० बजे सम्म टेण्डर दर्ता गरी सक्नु पर्नेछ । सोही दिनको २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधि, कार्यालयका कर्मचारीको रोहवरमा बोलपत्र खोलिनेछ । टेण्डर दाताको अनुपस्थितमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र खोल्ने दाखिला गर्ने म्यादमा सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिनमा उक्त कार्य हुनेछ ।

१. पसल कवल भाडामा लिन चाहनेले रु.१०००/- (एक हजार) फिर्ता नहुने गरी तिरी ११:०० बजे देखि ३:०० बजे सम्म बोलपत्र फाराम खरिद गर्न सक्नेछन् ।
२. शिलबन्दी बोलपत्र पाउनका लागि निवेदन दिंदा शिलबन्दी बोलपत्र पेश गर्दा फर्म, कम्पनी, संस्था भए सो संस्था दर्ताको प्रमाणपत्र, आ.व. ०७२/७३ को कर चुक्त विवरण, नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । व्यक्तिहरुको हकमा प्यान दर्ता प्रमाण पत्र (०७२/७३ सम्म नविकरण भएको) र नागरिकताको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।
३. पसल कवल संचालन गर्ने अवधि ५ वर्षको हुनेछ । शिलबन्दी बोलपत्र दिंदा विडवण्ड वापत ३% ले हुने ५ वर्षको कबोल अंक १०% कट्टिको रकम समेत जोडि मान्यता प्राप्त बैंकमा रकम जम्मा गरेको १२० दिन सम्म मान्य र अवधि भएको बैंक जमानत पेश गर्ने वा यस संग्रहालयको सिद्धार्थ बैंक धर्मपथमा रहेको धरौटी खाता नं. ००४१५०९६०८९ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
४. बोलपत्र स्वीकृत भएमा सो को सूचना प्राप्त गरेको ७ दिन भित्र आफूले कबोल गरेको ५ वर्षको भाडा र प्रत्येक वर्षको १०% थप भाडा बृद्धि समेत जम्मा गरी मान्यता प्राप्त बैंकमा ५% धरौटी जम्मा गरेको ५.५ वर्ष सम्म म्याद भएको परफरमेन्स वण्ड वा यस संग्रहालयको सिद्धार्थ बैंकमा खोलिएको माथि उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएपछि ३ महिनाको अग्रिम भाडा समेत नगद धरौटि खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
५. शिलबन्दी बोलपत्र स्वीकृत भएपछि नियमानुसार सम्झौता गर्न आउनु पर्नेछ । सो समय भित्र सम्झौता गर्न नआएमा विडवण्ड वापत राखेको बैंक जमानत वा नगद रकम जफत हुनेछ ।
६. पसल कवल संचालन गर्दा पर्यटन प्रवर्द्धनलाई मद्दत पुर्याउने खालका हस्तकला, क्यूरियो, कपडा, आर्ट ग्यालरी आदि प्रकृतिका सामान राखी व्यवसाय संचालन गर्नु पर्नेछ । साथै क्याफे तथा खानेकुराको पसल संचालन गर्न पाइने छैन ।

2017, JUN
Wednesday
28

# विश्व

**अवसर**

किशोरावस्थामा दुईवटै खुट्टा गुमाएकी नित्चारी पेनिकचान्साक नामक यी महिलाले एउटा थाई अस्पतालमा मासिक २९ हजार डलर तलबसहितको जागिर पाएकी छिन्।



**आक्रमण**

बेलायती विज्ञापन कम्पनी डब्ल्यूपीपीलगायत विश्वका अन्य थुप्रै कम्पनीले आफ्नो कम्प्युटर प्रणालीमा साइबर आक्रमण भएको गुनासो गरेका छन्।




## विश्व २ मिनेट

### कोलम्बिया

#### हतियार हस्तान्तरण

बोगोटा, (एजेन्सी)

कोलम्बियाका फार्क लडाकूहरुले सरकारसमक्ष आफूहरुसँग रहेका निजी हातहतियार पनि हस्तान्तरण गरेको कोलम्बियास्थित संयुक्त राष्ट्र संघका अनुगमनकर्ताहरुले बताएका छन्। तिनीहरुले यो कार्य तोकिएको तिथिभन्दा एक दिन पहिले नै गरेको बताइएको छ। संयुक्त राष्ट्र संघका अनुसार कुल ७ हजार १ सय ३२ वटा हतियार सरकारी सूचीमा दर्ता भएको छ। साथै अनुगमनकर्ताहरुले राष्ट्रका विभिन्न स्थानमा लुकाइएका फार्कका ९ सयवटा हतियार पनि फेला परेको जनाएका छन्। गतवर्षको शान्ति सम्झौताको एक प्रमुख बुँदा हतियार विसर्जन पनि हो।

### चीन

#### उपचार असम्भव

बेइजिङ, (एजेन्सी)

शान्तिका लागि नोबेल पुरस्कार विजयी चिनियाँ मानव अधिकारवादी अभियन्ता लिउ सियाओवोको क्यान्सरको उपचार शल्यक्रिया, केमोथेरापी वा रेडियोथेरापीबाट हुन नसक्ने उनकी पत्नीले मंगलवार बताएकी छिन्। चीन सरकारबाट भइरहेको उनको क्यान्सर उपचारबारे उनका समर्थकहरुको चासोलाई ध्यानमा राखेर लिउ सियाले सो कुरा बताएकी हुन्। बृहत् प्रजातन्त्रको माग गरेको अभियोगमा ६१ वर्षीय लिउलाई सन् २०११ मा ११ वर्ष लामो कारावास सजाय तोकिएको थियो। चीनमा मानव अधिकारको प्रवर्द्धनका लागि महत्त्वपूर्ण योगदान दिएबापत सन् २०१० को डिसेम्बरमा उनलाई नोबल पुरस्कार दिने निर्णय गरिएको थियो।

### दक्षिण अफ्रिका

#### जेलमा स्टिपर्स

जोहनेसबर्ग, (एजेन्सी)

दक्षिण अफ्रिकाको सन सिटी नामक चर्चित जेलमा एक कार्यक्रमका लागि कैदीहरुले महिला स्ट्रिपर्स बोलाएपछि त्यसको छानविन भएको छ। सामाजिक सन्जालमा आएका तस्वीरमा जोहानेसबर्गको उक्त जेलमा कम पहिरनमा दुई महिला कैदी लुगा लगाएका पुरुषहरुसँग देखिएका थिए। सोमबार जेल अधिकारीहरुले तस्वीरको पुष्टि गरेको छ। प्रहरी कमिस्नर जेम्स स्मलबर्गरले यस मामिलामा छानबिन भइरहेको जानकारी दिए। यस घटनालाई लिएर कुल १३ जना अधिकारीलाई निलम्बित गरिसकेको र उनीहरुमाथि उदार हुन नसक्ने पनि उनले बताए।

### इरान

#### साउदी अरेबिया साझा शत्रु

तेहरान, (एजेन्सी)

इरानका सर्वोच्च धार्मिक नेता आयातुल्लाह खोमेनीले इदका अवसरमा दिएको सम्बोधनमा मुस्लिम जगतले बहराइन, यमन र काश्मिरका जनताको खुलेर समर्थन गर्नुपर्ने बताएको सञ्चारमाध्यमले जनाएको छ। आयोतुल्लाहले साउदी अरेबिया र सुन्नी अरब जगतलाई साझा शत्रु भएको बताउँदै वैश्विक मुस्लिम समुदायलाई एउटै मञ्चमा ल्याउने प्रयास गरेको बताएको छ। अरब खाडी राष्ट्रमा कतारमाथि प्रतिबन्ध लगाएका अरब देशहरुले इरानको सम्बन्धलाई पनि मुद्दा बनाएका छन्। उनीहरुले कतारमाथि इरानसँगको सम्बन्ध कम गर्न माग राखेका छन्।

# सिरियामा पुनः रसायनिक आक्रमणको चेतावनी

वासिङ्टन, (एजेन्सी)

संयुक्त राज्य अमेरिकाले सिरियामा अर्को रसायनिक आक्रमणको सम्भावित तयारीबारे आफूलाई जानकारी प्राप्त भएको भन्दै मंगलबार सिरियाली सरकारलाई सचेत रहन चेतावनी दिएको छ।

अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसले गत अप्रिलमा भएको रसायनिक हमलाअघिको जस्तो आशंकित गतिविधिहरु अहिले जारी रहेको बताएको छ। अप्रिलमा सिरियामा भएको रसायनिक आक्रमणमा दर्जनौं व्यक्तिको ज्यान गएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सिरियाको एक सैनिक अखडामाथि हवाई हमला गर्न अमेरिकी सेनालाई आदेश दिएका थिए।

रसायनिक आक्रमणको घटना दोहरिएको खण्डमा सिरियाली राष्ट्रपति बसार अल-असादले ठूलै मूल्य चुकाउनुपर्ने अन्तर्राष्ट्रिय राजनीतिक विश्लेषकहरुले बताएका छन्। ह्वाइट हाउसबाट जारी गरिएको एक विज्ञप्तिमा भनिएको छ- 'असाद शासकबाट हुने अर्को रसायनिक आक्रमणले थुप्रो संख्यामा सर्वसाधारणको ज्यान जाने खतरा बढेको छ। अमेरिकाको सिरियामा रहेको उपस्थितिको उद्देश्य त्यहाँ र इराकमा इस्लामिक स्टेट (आईएस) लडाकूहरु उन्मूलन गर्नु हो। तर, यदि असादले रसायनिक हतियार प्रयोग गरी आम नरसंहार गरेको खण्डमा उनले र उनका फौजले ठूलै मूल्य चुकाउनुपर्नेछ।'

तर अमेरिकी सञ्चारमाध्यमले अमेरिकी विदेश तथा रक्षा विभागका अधिकारीहरुले भने यसअघि यसबारे अन्य राष्ट्रिय सुरक्षा निकायहरुसँग छलफल नभएको भन्दै ह्वाइट हाउसको विज्ञप्तिप्रति आश्चर्य व्यक्त गरेका छन्।

संयुक्त राष्ट्र संघका लागि अमेरिकी राजदूत निक्की हेलीले यदि यस्तो आक्रमण भएको खण्डमा सिरियाका प्रमुख सहयोगी राष्ट्र रसिया र इरान पनि जिम्मेवार हुने चेतावनी दिएकी छिन्। अमेरिकी विज्ञप्तिप्रति सिरियाली सरकारले अहिलेसम्म कुनै पनि प्रतिक्रिया जनाएको छैन।

राष्ट्रपति असादले गत अप्रिलमा लडाकूहरुको नियन्त्रणमा रहेको उत्तर पश्चिमी शहर खान सेखोउनमा भएको स्नायु ग्यास आक्रमणमा आफ्नो फौजको हात नरहेको बताएका थिए।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय

**काठमाडौ उपत्यका सडक विस्तार आयोजना, वानेश्वर**

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धि सूचना**

(प्रकाशित मिति २०७४/०३/१४)

यस आयोजनाबाट मिति २०७४/०१/२८ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **सुचना नं. ०१/०७३/७४** वमोजिम तपसिलका ठेक्काहरुको लागि म्याद भित्र दर्ता भएका वोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा सार्वजनिक खरीद नियमावली २०६४ (पाँचौ संशोधन) को नियम ३१ (ङ) को उपनियम (४) र (५) प्रयोजनार्थ सारभूत रुपमा प्रभावग्राही वोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०७४/०३/२१ गते दिनको १२.०० वजे यस आयोजनामा खोलिने भएकोले सम्बन्धित वोलपत्रदाताहरुलाई उक्त मिति र समयमा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| ठेक्का नं. | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको नाम | ठेक्का नं. | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको नाम |
|---|---|---|---|
| 1.KVRIP/3371494/073/74/001 | 1) M/s. Pappu-Mahalaxmi-Worldwide JV., Kathmandu<br>2) M/s. Goldengood-Sherpa-P.S.-Kabir JV., Kathmandu<br>3) M/s. Swachchhanda-Panchakanya JV., Kathmandu<br>4) M/s. Diwa Nirman Sewa Pvt., Ltd., Satdobato, Lalitpur<br>5) M/s. Kanchharam-P.R.-Kamaljit JV., Balkumari, Lalitpur<br>6) M/s. Biruwa Construction Pvt., Ltd., Kathmandu<br>7) M/s. Lama-Samanantar JV., Kathmandu<br>8) M/s. Nepal Adarsha Nirman Co. (P) Ltd., Kathmandu | 5.KVRIP/3371494/073/74/005 | 1) M/s. Rautaha-Sap JV., Kathmandu<br>2) M/s. Mahalaxmi-Worldwide JV., Kathmandu<br>3) M/s. Swachchhanda-Panchakanya JV., Kathmandu<br>4) M/s. Sapana-P.R. JV., Balkumari, Lalitpur<br>5) M/s. Lumbini-Prera JV., Nayabato, Lalitpur<br>6) M/s. Lama-Samanantar JV., Kathmandu<br>7) M/s. Diwa Nirman Sewa, Lalitpur<br>8) M/s. Ashish-C.M.-Dragon JV., Kathmandu |
| 2.KVRIP/3371494/073/74/0 02 | 1) M/s. Swachchhanda Nirman Sewa PVt., Ltd., Kathmandu<br>2) M/s. Pappu-Mahalaxmi-Worldwide JV., Kathmandu<br>3) M/s. Diwa-Prera JV., Lalitpur<br>4) M/s. Lama-Samanantar JV., Kathmandu<br>5) M/s. Ashish-CM., Kathmandu<br>6) M/s. Raman Construction Pvt., Ltd., Janakpur | 6.KVRIP/3371494/073/74/0 06 | 1) M/s. Swachchhanda Nirman Sewa Pvt., Ltd., Kathmandu<br>2) M/s. Pappu-Mahalaxmi-Worldwide JV., Kathmandu<br>3) M/s. Kanchharam-P.R.-Uma & Company JV., Balkumari, Lalitpur<br>4) M/s. Lama-Samanantar JV., Kathmandu<br>5) M/s. Ashish-C.M. JV., Kathmandu<br>6) M/s. Raman-Mrit Sanjiwoni JV., Khasibazar, Kathmandu |
| 3.KVRIP/3371494/073/74/003 | 1) M/s. Swachchhanda Nirman Sewa Pvt., Ltd., Kathmandu<br>2) M/s. Pappu-Mahalaxmi-Worldwide JV., Kathmandu<br>3) M/s. Diwa-Prera JV., Lalitpur<br>4) M/s. Kanchharam-P.R.-Kamaljit JV., Balkumari, Lalitpur<br>5) M/s. Lama-Samanantar JV., Kathmandu<br>6.)M/s. Ashish-C.M. JV., Kathmandu | 7.KVRIP/3371494/073/74/008 | 1) M/s. Mahalaxmi-Worldwide-Gauri Ganesh JV., Kathmandu<br>2) M/s. P.S.-Sunkoshi-JV., Kathmandu<br>3) M/s. Rautaha-Sap-Siruwa JV., Kathmandu<br>4) M/s. Goldengood Sherpa-Kabir JV., Shantinagar, Kathmandu<br>5) M/s. Diwa Nirman Sewa Pvt., Ltd., Satdobato, Lalitpur<br>6) M/s. Kanchharam-P.R.-Kamaljit JV., Balkumari, Lalitpur<br>7) M/s. Lama-Samanantar JV., Kathmandu<br>8) M/s. Ashish-C.M.-Dragon JV., Kathmandu |
| 4.KVRIP/3371494/073/74/004 | 1) M/s. Swachchhanda Nirman Sewa Pvt., Ltd., Kathmandu<br>2) M/s. Pappu-Mahalaxmi-Worldwide JV., Kathmandu<br>3) M/s. Kanchharam-P.R.-Kamaljit JV., Balkumari, Lalitpur<br>4) M/s. Lama-Samanantar JV., Kathmandu<br>5) M/s.The Kanchanjangha-P.S.-Biruwa JV., Kathmandu<br>6) M/s. Ashish-C.M. JV., Kathmandu<br>7) M/s.Raman-Mrit Sanjiwoni JV., Khasibazar, Kathmandu | | |

*आयोजना प्रमुख*

**मोदीको अमेरिका भ्रमण**

# मोदी र ट्रम्पको अभिवादन शैली चर्चामा



वासिङ्टन, (एजेन्सी)

डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति बनेपछि पहिलो पटक भारतका प्रधानमन्त्री नरेन्द्र मोदी अमेरिका पुगेका छन्। दुई नेताहरुबीचको भेटघाटको शैलीलाई लिएर केही सञ्चारमाध्यमहरुले विशेष चर्चा गरेका छन्। भारतका प्रधानमन्त्री मोदी अन्य देशका नेताहरुसँग अँगालो हालेर अभिवादन गर्ने नेताका रुपमा चर्चित छन्।

तर ट्रम्पका बारेमा उनी हात मिलाउँदा 'पावर प्ले' अर्थात् मुठ्ठी कस्सिलो गरी समाउने तरिका चर्चित छ। ट्रम्प आफ्नो अगाडिका व्यक्तिसँग हात मिलाउँदा शुरुमा कडा रुपमा समाउने गर्छन् र फेरि उसलाई आफ्नो तर्फ तान्ने गर्छन्। यो विशेष शैलीलाई 'यांकशेक' पनि भन्ने गरिन्छ।

बडी ल्यांग्वेज विज्ञहरुको रायमा यसलाई राजनीतिक शक्ति प्रदर्शनका रुपमा लिइएको छ। सोमबार जब ती दुई नेताबीच भेटघाट हुँदा सबैको ध्यान यसै विषयमा केन्द्रित रहेको थियो। उनीहरु अँगालो हाल्छन् वा हात मिलाउँछन्।

प्रधानमन्त्री मोदीको शैली विश्व नेताहरुसँग निकटता देखाउने अभिप्रायसँग सम्बन्धित हो। जब उनीहरु भेट्छन्, पहिला हात मिलाउँछन् र त्यसको लगत्तै अँगालो हाल्छन्।

उनीसँग अँगालोमा अभिवादन गर्नेहरुको अनुहारमा कहिले काहीं अप्ठ्यारोपना झल्केको देखिन्छ। संयुक्त पत्रकार सम्मेलनको अन्तमा ट्रम्पले मोदीतर्फ हात बढाएका थिए तर मोदीले त्यसलाई बेवास्ता गरी सीधै उनीसँग अँगालो हाली गला मिलाउन पुगे। सम्भवतः ट्रम्प त्यसका लागि तयार थिएनन्। त्यसैले केही क्षणका लागि उनी असमन्जसमा परेको देखिए।

मोदीलाई अगाडि बढ्न इसारा गर्दै संयुक्त पत्रकार सम्मेलनबाट जाने क्रममा ट्रम्पले धेरैपटक मोदीको पिठमा हातले थपथपाएको देखिए।

**दुवैको संविधान 'वी द पिपल'बाट शुरु**

ट्रम्पसँगको भेटघाटमा मोदीले वार्ता अत्यन्त महत्त्वपूर्ण रहेको र दुवैको मूल्य, प्राथमिकता, चिन्ता र रुचिमा समानता रहेको बताए।

भारतको सामाजिक आर्थिक परिवर्तनका लागि मुख्य कार्यक्रममा भारतले अमेरिकालाई प्रमुख पार्टनर मानेको उनले बताए। मोदीले भने- 'मलाई विश्वास छ, मेरो न्यु इन्डियाको भिजन र राष्ट्रपति ट्रम्पको मेक अमेरिका ग्रेटको भिजनले हाम्रो सहयोगमा नयाँ आयाम उत्पन्न गर्नेछ।'

'आतंकवादसँग लड्नु र आतंकवादीहरुको सुरक्षित आश्रयस्थल नष्ट गर्नु हाम्रो सहभागिताको एक महत्त्वपूर्ण हिस्सा हुनेछ।' -उनले थपे।

मोदीसँगको भेटवार्तापछि ट्रम्पले भने- 'मैले सधैं भारत देश र भारतीयका लागि, उनीहरुको संस्कृति, धरोहर र पुर्खाका लागि मेरो मनमा आदर सम्मान रहेको भन्दै आएको छु।'

यसै वर्ष भारतले आफ्नो स्वतन्त्रता दिवसको ७०औं वार्षिकोत्सव मनाउन लागेको र यस अवसरमा अमेरिकाका तर्फबाट भारतीय नागरिकलाई आफूले बधाई दिन चाहेको ट्रम्पले बताए।

भारत र अमेरिकाको संविधान तीन सुन्दर शब्दबाट शुरू भएको धेरैलाई थाहा नभएको र ती शब्द 'वी द पिपल' भएको बताउँदै प्रधानमन्त्री मोदी र आफूले ती शब्दको महत्त्व राम्रोसँग बुझेको ट्रम्पले बताए।

# सिक्किमस्थित नाथुला पास नाकामा चीन-भारतबीच सैन्य तनाव



बेइजिङ, (एजेन्सी)

चीन र भारतबीच पुनः एकपटक सीमा विवाद उठेको छ। चीनले भारतमाथि सिक्किम र तिब्बत जोड्ने नाथुला पासमा आफ्नो भूमिमा घुसपैठ गरेको आरोप लगाएको छ।

चिनियाँ अधिकारीहरुले सीमामा तैनाथ भारतीय जवानहरुले चिनियाँ सीमामा हुने गरेका सामान्य गतिविधिहरुमा बाधा पुऱ्याएको बताएका छन्। अधिकारीहरुले भारतसँग आफ्नो सेना तत्काल नाथुला पासबाट फिर्ता गर्न भनेका छन्।

यसैबीच भारतले पनि हालैमात्र चिनियाँ सैन्य दस्ता घुसपैठ भएको आरोप लगाएको थियो। तिब्बतका हिन्दू तथा अन्य धार्मिकस्थलको यात्राका लागि भारतीय नाथुला पासको मार्ग प्रयोग हुँदै आइरहेको छ। यस इलाकामा दुवै देशबीच १९६७ मा झडप भएको थियो। त्यतिबेलादेखि नै यहाँ तनाव उत्पन्न भइरहन्छ।

ताजा घटनाक्रमलाई हालैका वर्षमा दुई देशबीच भएको सबैभन्दा गम्भीर विवादका रुपमा लिएको छ। चिनियाँ अधिकारीहरुले यसबाट शान्तिको वातावरण खतरामा पर्न सक्ने चेतावनी दिएको रोयटर्सले जनाएको छ।

चिनियाँ रक्षा मन्त्रालयले भारतमाथि एउटा सडक निर्माणमा बाधा पुऱ्याएको आरोप पनि लगाएको छ। चीनले उक्त सडक उसको सीमाभित्रै रहेको बताएको छ।

भारतीय सञ्चारमाध्यमले हालैका हप्तामा सीमामा दुवै देशका सैनिकबीच तनावको स्थिति रहेको, चिनियाँ सैनिक कथितरुपमा सिक्किममा सीमा पार गरी आएको र भारतीय सेनाका दुई अस्थायी बंकर ध्वस्त पारेको जनाएको छ।

यसअघि चीनले सिक्किम भएर कैलाश मानसरोवरको यात्रा गर्ने उक्त मार्ग बन्द गर्ने फैसला गरेको थियो।



{ जनप्रतिनिधिहरूको अभावमा वीरगन्जमा डुबान, धुलाम्य र हिलाम्य वातावरण मात्रै छैन कि फोहरको नगरीसमेत भनेर चिनिनुपर्ने बाध्यता रहेकाले विकासका लागि पनि जनप्रतिनिधि अति आवश्यक रहेको उनी बताउछन्।

### मतदान गर्न हतारिएका पर्साका नागरिकको प्रश्न

# हामीचाहिँ हेरेर मात्रै बस्ने ?

कृष्णउदास खनाल, वीरगन्ज

यदि सरकारले दोस्रोपटक पनि २ नम्बर प्रदेशको निर्वाचनको मिति नबढाएको भए बुधबार असार १४ गते पर्साका नागरिकले पनि आफ्ना जनप्रतिनिधि छान्नका लागि मतदान गर्दथे। राष्ट्रिय जनता पार्टी पनि निर्वाचनमा सहभागी बनोस् भन्दै सरकारले पर्सासहित मधेशका ८ जिल्लाको निर्वाचनको तिथि सारेर असोज २ गते पुर्‍याएको हो।

चुनावको तिथि सर्दा आफूहरूलाई नै ठूलो घाटा भएको तर्क वीरगन्जको माइस्थान चोकमा मंगलबार बिहान सतुवा(चनाले बनाइएको पिठोको सातु) खाँदै गरेका वीरगन्ज माइस्थानकै स्थानीय जोगेन्द्र साह भन्दै थिए। त्यसो त उनीसंगै सातु खाइरहेका अर्का स्थानीय चौलेन्द्र पण्डितले पनि असार १४ गते सम्झदै आफूहरू अरुले भोट खसालेको हेरेर चित्त बुझाउन बाध्य भएको बताए।

वीरगन्जको चोकचोकमा अहिले यस्तै तर्क र बहस भइरहेको पाइन्छ। वैशाख ३१ गते पहिलो चरणमा अनि दोस्रोपटक जेठ ३१, असार ९, अनि १४ र पछिल्लोपटक असोज २ गतेका लागि सरकारले स्थानीय तहको निर्वाचन २ नम्बर प्रदेशमा गर्ने निर्णय गरेपछि पर्सासहितका मधेसका नागरिक हालका लागि मतदान गर्नबाट वञ्चित भएका हुन्।

मतदान गर्ने दिन कुर्दाकुर्दै अरु प्रदेशमा विकासले तीव्रता पाउने हुँदा आफूहरू विकासका हिसाबले समेत समयमा चुनाव नहुँदा पछि परेको तर्क वीरगन्ज युवा समाजका अध्यक्ष कमल चौलागाईंको रहेको छ। 'निर्वाचन समयमा नहुनु भनेको हामी नै पछि पर्नु हो' -उनले भने। वीरगन्ज महानगरपालिकाको विकासका लागि निर्वाचन अति आवश्यक भइसकेको वीरगन्जका युवा घनश्याम शुक्लाले बताए।

जनप्रतिनिधिहरूको अभावमा वीरगन्जमा डुबान, धुलाम्य र हिलाम्य वातावरण मात्रै छैन कि फोहरको नगरीसमेत भनेर चिनिनुपर्ने बाध्यता रहेकाले विकासका लागि पनि जनप्रतिनिधि अति आवश्यक रहेको उनी बताउछन्।

वीरगन्ज महानगरपालिकाका वरिष्ठ इन्जिनियर प्रकाश अमात्यले आफूहरू नयाँ मेयरको स्वागतको तीव्र प्रतिक्षामा रहेको बताए। उनले मेयरसहित महानगरपालिकामा जनप्रतिनिधि हुंदा विकासमा आउने तीव्रता र कर्मचारीको भरमा नगरपालिका चल्दाको अवस्था निकै फरक रहेको अनुभव पनि सुनाए।

असार १४ गते नै जनप्रतिनिधिहरू छान्ने अवसर गुमाउनुपरेकोमा वीरगन्जका नगरवासीहरू खिन्न भएका छन्। उनीहरूको एउटै प्रश्न छ- 'अरुले भोट खसाल्छन् हामी चाहिं हेरेर मात्रै बस्ने ?' वैशाख ३१ र असार १४ गते उनीहरू अरु प्रदेशका नागरिकहरूले भोट खसालेको हेरेर मात्रै बस्न बाध्य भएपछि नागरिकहरूमा चिन्तासँगै आक्रोशसमेत पलाएको छ।

## ६ लाखले राजधानी छोडे

काठमाडौं, (नेस)

आज हुने स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा मतदान गर्न काठमाडौं उपत्यकाबाट करिब ६ लाख मानिस बाहिरिएका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अनुसार निर्वाचनमा मत हाल्नका लागि सर्बसाधारण त्यसतर्फ गएका हुन्।

प्रदेश १, ५ र ७ मा हुन लागेको स्थानीय तहको निर्वाचनमा सहभागी हुने क्रममा काठमाडौंबाट ती प्रदेशमा जाने यात्रुको चाप बढेको हो। निर्वाचन हुन लागेका विभिन्न प्रदेशबाट काठमाडौंमा आएर अध्ययन, जागिर तथा व्यवसाय गर्न बसेका अधिकांश मतदाता सम्बन्धित जिल्लामा जाने क्रम असार महिना लागेपछि नै शुरु भएको थियो।

# मत हाल्न जाँदा छाता

नेपाल समाचारपत्र

काठमाडौं

आज बुधबार निर्वाचन हुने अधिकांश भेगमा मौसमले साथ नदिने भएको छ। तराईबाहेक मुलुकका पूर्वी, मध्य र पश्चिमी पहाडी भेगका धेरै स्थानमा मध्यम र औषतभन्दा बढी वर्षा हुने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले मंगलबार साँझ विशेष बुलेटिन सार्वजनिक गर्दै बुधबार अधिकांश भेगमा वर्षा र मौसमी प्रभाव पर्ने बताएको छ। आज निर्वाचन हुने ताप्लेजुङ, ओखलढुंगा, गुल्मी, रोल्पा, रुकुम, प्यूठान, बाजुरा, डोटी, बझाङ, डडेलधुरालगायतका पहाडी भेगमा भने १ सय मिलिलिटरको हाराहारीमा वर्षा हुने मौसम विभागले प्रक्षेपण गरेको छ।

यसबाहेक अन्य पहाडी भेगमा पनि बुधबार र बिहीबार ५० मिलिलिटरका हाराहारीमा वर्षा हुने विभागको ठहर छ। काठमाडौं र पोखरा आसपासका क्षेत्रमा पनि विगतका दिनहरूभन्दा केही बढी वर्षा हुने मौसमविद्हरूको अनुमान छ। कुनै क्षेत्रमा निरन्तर १ घन्टा आसपासमा ६० मिलिलिटर र सोभन्दा बढी वर्षा भएमा विज्ञहरू औषतभन्दा बढी वर्षाको रूपमा बुझ्ने गर्छन्। यसपटक यही सोमबारदेखि मुलुकभर मनसुन सक्रिय भएपछि पश्चिमी पहाडका केही भेगमा सोमबार राति भारी वर्षा भएको थियो। तर मौसमविद्हरूले बुधबार निरन्तर र भारी वर्षाको सम्भावना नरहेको बताएका छन्।

# राप्रपालाई नियोजित ढंगले पराजित गरिएको दाबी

नेपाल समाचारपत्र

हेटौंडा

स्थानीय निकायको पहिलो चरण निर्वाचनमा अपेक्षाकृत नतिजा निकाल्न नसकेको राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले स्थानीय तह निर्वाचनमा आफ्नो पार्टीलाई नियोजित ढंगले पराजित गर्ने काम भइरहेको दाबी गरेका छन्।

राप्रपा मकवानपुरले मंगलबार गृहनगर हेटौंडामा गरेको जिल्ला कार्यकर्ता भेलामा अध्यक्ष थापाले राप्रपा कमजोर हुँदा देशको स्वाधीनता र हिन्दुत्व कमजोर हुने भन्दै राष्ट्रियता, प्रजातन्त्र र हिन्दुत्वका लागि राप्रपा बलियो हुनु जरुरी रहेको दाबी गरे।

स्वदेशी शक्ति र विदेशी एजन्ट नियोजित ढंगबाट राप्रपालाई हराउने काममा सक्रिय रहेको उनले बताए। अध्यक्ष थापाले निश्चित दल, व्यापारी, बुद्धिजीवी र विदेशी एजेन्टले राप्रपामाथि निरन्तर प्रहार गरिरहेको दाबी गरे।

'राप्रपा श्रीखण्डको बिरुवा हो, यसलाई हुर्काउन गाह्रो हुन्छ,' भन्दै उनले त्यसैले हरेश नखाएर मेहनत गर्न कार्यकर्तासंग आग्रह गरे। आफूहरू स्वाधीनता र निष्ठाको लडाइँमा रहेको भन्दै थापाले भने- 'उच्च मनोवलसाथ अगाडि बढौं, गन्तव्यमा पुगिन्छ।' उनले पार्टीसंग जनमत भए पनि त्यसलाई भोटका रूपमा रुपान्तरण गर्नु पहिलो चुनौती देखिएको बताए। जस्तोसुकै राजनीतिक व्यवस्था आए पनि राष्ट्रवादको सिद्धान्त कहिल्यै नमर्ने उनले टिप्पणी गरे।

उनले योजनावद्ध ढंगबाट नेतृत्व र पार्टीको चरित्र हत्या गर्ने काम भएको भन्दै यसबारे जनतालाई बुझाउन कार्यकर्तासंग आग्रह गरे। उनले राप्रपा बलियो भए हिन्दूराष्ट्र र राजतन्त्रको अभियान सफल हुने भएकाले नियोजित ढंगबाट राप्रपालाई कमजोर बनाउने काम भएको बताए।

उनले पहिलो चरणको निर्वाचनमा राप्रपाले अप्रत्यासित नतिजा व्यहोर्नु परे पनि दोस्रो र तेस्रो चरणमा सुधार हुने विश्वास व्यक्त गरे। उनले निर्वाचनमा पराजित भए पनि आफ्नो एजेन्डा नहारेको भन्दै चन्द्रसूर्य रहुञ्जेल हिन्दूराष्ट्रको एजन्डा बोकिरहने बताए। उनले आफूले अहिले पनि नहारेको भन्दै अभियान टुंगोमा पुर्‍याउने दाबी गरे।

## भरतपुरको सुनुवाइ २३ गते

काठमाडौं, (नेस)

चितवनको भरतपुर महानगरपालिका वडा नं १९ मा मतगणनाका क्रममा च्यातिएका मतपत्रसहित आवश्यक कागजात सर्वोच्च अदालतमा आइपुगेको हुँदा यही असार २३ गतेका लागि पेसी तोकिएको छ।

सर्वोच्च अदालतको आदेशबमोजिम च्यातिएका मतपत्रसँगै मतगणना स्थगित मुचुल्का, मतगणना स्थगन गर्ने मुख्य निर्वाचन कार्यालयको सूचना, निर्वाचन आयोगलाई बुझाइएको प्रतिवेदन पनि अदालतमा पेस गरिएको छ।

## पूर्वजर्नेलमाथि आक्रमण

काठमाडौं, (नेस)

घरमा काम गर्ने कामदारको मृत्युको विषयमा गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै नेपाली सेनाका पूर्वजर्नेल तथा माओवादीका पूर्वसांसद कुमार फुदोङलाई स्थानीयले कुटपिट गरेका छन्।

आक्रोशित स्थानीयले आक्रमण गर्दा पूर्वजर्नेल पुदोङको टाउकोमा गम्भिर चोट लागेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जानकारी दिएको छ।

उनले दिएको अभिव्यक्तिको बिरोधमा उत्रिएका स्थानीयले उनीमाथि आक्रमण गरेपछि प्रहरीलाई उद्धार गर्न हम्मेहम्मे परेको थियो। आइतबार बिहान पूर्वजर्नेल फुदोङको घरमा काम गर्न बसेकी रन्जु ठकुरीको रहस्यमय मृत्यु भएको विषयमा फुदोङले गैरजिम्मेवार ढंगले अभिव्यक्ति दिएको भन्दै स्थानीयले छानविन गर्न माग गरेका थिए। मृत अवस्थामा फेला परेकी ठकुरीको शरीरमा निलडाम फेला पर्दासमेत पूर्वजर्नेल फुदोङले पोखरीमा डुबेर मरेको भन्दै छानबिनको माग गर्नु वाइह्यात भएको बताएका थिए।

## राजधानीमा स्वाइन फ्लुका बिरामी भेटिए

काठमाडौं, (नेस)

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा एक जना महिलामा स्वाइन फ्लु (एचवान एन वान भाइरस) देखा परेको छ। उपचारका लागि अस्पतालमा भर्ना भएकी कुलेश्वर निवासी ३८ वर्षीय महिलाको ल्याब परीक्षणका क्रममा स्वाइन फ्लु पुष्टि भएको हो।

सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार बिरामीको रगत तथा खकार नमूना जाँच केन्द्रीय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गर्दा संक्रमण पुष्टि भएको हो। उनको अहिले विशेष निगरानीमा उपचार भइरहेको डा. पुनले बताउनुभयो।

यसवर्षको गर्मी महिना शुरु भए यता पहिलोपटक स्वाइन फ्लु देखा परेको हो। यस रोगबाट जोखिम हुने समूहमा गर्भवती, ५ वर्षमुनिका बालबालिका, दम, खोकीको समस्या भएका, मधुमेह, एचआइभी एड्सजस्ता समस्या भएका व्यक्ति जोखिम समूहमा पर्ने भएकाले समयमै उपचार गर्नुपर्छ।

विश्व स्वास्थ्य संगठनले स्वाइन फ्लु यतिबेला महामारी नभएर सामान्य फ्लुका रुपमा परिणत भइसकेकाले आत्तिनुनपर्ने जनाएको छ। स्वाइन फ्लु उपचार गरे निको हुन्छ र अहिलेसम्म मानिसबाट मानिसमा सरेको नपाइएकोले पनि त्यति धेरै आत्तिनु पर्दैन। यो रोग विशेष गरी जाडो याममा बढी फैलने अर्थात् मौसम परिवर्तन हुने समयमा फैलने भए पनि गर्मी याममा पनि यदाकदा देखिने गरेको छ डा. पुनले बताउनुभयो। यो रोग हावाको माध्यमबाट प्रभावित व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ भने विशेष सुगुरबाट मानिसमा सर्ने भएकाले सरसफाइ, रोगीको हेरविचारमा प्रयोग भएका सामग्रीको निर्मूलीकरणमा ध्यान दिनुपर्ने डा.पुन बताउनुहुन्छ।

यसको लक्षण घाटी दुख्ने, पखाला लाग्ने, ज्वरो आउने, वाक लाग्ने, रुघा लाग्ने जस्ता रहेको छ। जोगिनका लागि भीडभाडमा नजाने, जानै पर्दा माक्स प्रयोग गर्ने, हात नमिलाउने, एक मिटर टाढा बस्ने, झोल पदार्थ बढी मात्रामा खाने गर्नुपर्ने चिकित्सकको सल्लाह छ।

## भीरबाट लडेर एकको मृत्यु

पर्वत, (नेस)

पर्वतको तिलहारमा भीरबाट खसेर एक महिलाको ज्यान गएको छ। मोदी गाउँपालिका वडा नम्बर ६ बस्ने ओमबहादुर कामीको श्रीमती २९ वर्षीया रिता राई विकको सोमबार भीरबाट खसेर मृत्यु भएको हो।

धान रोप्ने मेलामा गएकी विक शौचालय जाने क्रममा भीरबाट खसेर घाइते भएकी र उपचारका लागि पर्वत जिल्ला अस्पताल ल्याउँदा मृत घोषित गरिएको थियो।

आगलागीबाट दुई घरमा क्षति

पर्वतको मोदी गाउँ पालिका वडा न १ भूकताङले बस्ने गंगाबहादुर पुनको कच्ची घरमा मंगलबार आगलागी हुँदा ५ लाखबराबरको क्षति भएको छ। घरमा गाईभैंसीलाई कुँडो पकाउने क्रममा अचानक आगलागी हुन गई घर पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

## पेट्रोल पम्पमा आगलागी

भक्तपुर, (नेस)

भक्तपुरको लोकन्थलीमा रहेको सिद्धार्थ फ्युल सेन्टरमा मंगलबार साँझ आगलागी भएको छ। बा ७ ख २७५० नम्बरको ट्यांकरबाट फ्युल भण्डारण गर्ने क्रममा एक्कासि आगो लागेको प्रहरीले जनाएको छ।

आगोलागीलगत्तै सेन्टरमै भएको ४ वटा अग्नी नियन्त्रण यन्त्र र दमकलको सहायताले आगो केहीबेरमै नियन्त्रणमा आएकाले खासै क्षति हुन नपाएको प्रहरीको भनाइ छ। ट्यांकर र भण्डारण केन्द्रभित्र आगलागी नभएको र पेट्रोल खन्याउने पाइपमा मात्र आगलागी भएको महानगरीय प्रहरी बृत्तथिमिका प्रहरी नायब उपरीक्षक श्यामबाबु ओलियाले बताउनुभयो।

आगोलागीलगत्तै भण्डारण केन्द्रमा बिस्फोट हुने भयले स्थानीय त्रसित भएका थिए। आगो निभाउने र हेर्ने स्थानीयको भीडका कारण अरनीको राजमार्गअन्तर्गतको सो क्षेत्रको ट्राफिक व्यवस्थापनसमेत केही समय अस्तव्यस्त बनेको थियो।

पेट्रोल खन्याउने क्रममा कसैले छेउमै बसेर चुरोट पिएका कारण वा स्पार्क लिक भएर आगलागी भएको हुन सक्ने स्थानीयबासीले आशंका गरेका छन्। आगलागीबारे प्रारम्भिक अनुसन्धान शुरू गरिएको प्रहरीले जनाएको छ।

## विद्यालयलाई एक लाख सहयोग

काभ्रे, (नेस)

समाजसेवी एवं पत्रकार, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष भगवती तिमल्सिनाले अमेरिका भ्रमणका बेला विद्यालयको प्रशासनिक कक्ष सुधारका लागि संकलन गर्नुभएको रकम विद्यालयका प्रधानाध्यापकलाई हस्तान्तरण गर्नुभएको छ।

हनुमान मावि धुलिखेलको ५५औं वार्षिकोत्सव कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामचन्द्र हुमागाईंलाई नगद १ लाख तिमल्सिनाले हस्तान्तरण गर्नुभएको हो। विद्यालयको कार्यालय रहेको कोठाको व्यवस्थापन र विद्यालयका शिक्षकहरु बस्ने कोठालाई व्यवस्थित गर्न तिमल्सिनाले अमेरिका बसाइका बेला संकलन गरेको रकम हस्तान्तरण गर्नुभएको हो।

सोही विद्यालयको विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षसमेत रहेकी तिमल्सिनाले विद्यालयको शैक्षिक गुणस्तरलाई कायम गर्न उक्त रकम संकलन गरी हस्तान्तरण गरेको बताउनुभयो।

वार्षिकोत्सव कार्यक्रममा धुलिखेल नगरपालिकाका मेयर अशोक ब्याञ्जूले सामुदायिक विद्यालयहरुलाई काठमाडौं विश्वविद्यालयजस्तै अब्बल बनाउने योजना अघि सारेको बताउनुभयो। मेयर ब्याञ्जुले धुलिखेललाई शिक्षा, स्वास्थ्य र पर्यटनमा अगाडि बढाउने गुरुयोजना अघि सारिएको बताउनुभयो। उहाँले केयुसँग आफूले कुराकानी गरेको समयमा सामुदायिक विद्यालय सुधार्न आफूहरुले योजना अघि सारेको बताउनुभयो।

कार्यक्रममा उपमेयर बिमला शर्मा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद तिवारी, पूर्वअध्यक्ष ईश्वरी ओझा, भगवती तिमल्सिना, विद्यालयका प्रधानाध्यापक रामचन्द्र हुमागाईंले बोलेका थिए। कार्यक्रममा एसईई परीक्षामा उच्च अंक ल्याउने विद्यार्थी, राम्रो पढाउने शिक्षकहरु सम्मान गरिएको थियो।

## विप्लवका जिल्ला इन्चार्ज पक्राउ

हेटौंडा, (नेस)

बुधबारका लागि घोषित स्थानीय तह दोस्रो चरणको निर्वाचन बिथोल्न सक्ने आशंकामा नेकपा विप्लवका मकवानपुर जिल्ला इन्चार्ज ज्वाला र सचिवालय सदस्य मजदुर नेता सोम घलान पक्राउ परेका छन्। मकवानपुर प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

स्थानीय तह निर्वाचन खारेज अभियान चलाइरहेको नेकपालाई सरकारले उच्च निगरानी गरिरहेको छ। निर्वाचनका बेला मकवानपुरमा भएको विभिन्न घटनालाई जोडेर उनीहरुलाई पक्राउ गरिएको प्रहरीस्रोतले बताएको छ। पार्टीको नारायणी ब्युरो इञ्चार्ज चिरण पुनले विज्ञप्ति प्रकाशन गरी उनीहरुलाई बिनाशर्ता अविलम्ब रिहा नगरे यसबाट उत्पन्न हुनसक्ने परिस्थितिको जिम्मेवार वर्तमान सत्ता र त्यसका 'मतियार' नै हुने दाबी गरेका छन्।

ज्वाला पक्राउ भएलगत्तै नेकपाका जिल्ला सेक्रेटरी राम घलानले बिनाकारण नेता/कार्यकर्ता प्रहरीले समातेर 'राम्रो काम नगरेको' प्रतिक्रिया दिएका छन्। उनले तुरन्त रिहा गर्न प्रहरीलाई आग्रह गरेका छन्।

चुनाव विरोध कार्यक्रममा संलग्न रहेको आरोपमा प्रहरीले देशैभर नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका करिब २ सय कार्यकर्तालाई पक्राउ गरिसकेको छ।

# सेनाको सक्रियतामा पदमार्ग मर्मत

चिरञ्जीवी मास्के

दोलखा

नेपाली सेनाको रणभीम गणले दोलखाको कालिञ्चोक गाँउपालिकामा रहेको प्रसिद्ध धार्मिक स्थल कालिञ्चोक मन्दिर जाने पदमार्ग मर्मत तथा स्तरोन्नती गरेको छ।

भूकम्पपछि जोखिम भएको उक्त पदमार्ग मर्मत तथा स्तरोन्नति गरी कालिञ्चोक गाँउपालिकालाई हस्तान्तरण गरिएको रणभीम गणका गणपति झवेन्द्र रेस्मीमगरले बताए। कालिञ्चोक मन्दिर क्षेत्रमा भएको पदमार्ग हस्तान्तरण कार्यक्रममा नेपाली सेनाको ९ नम्बर बाहिनी अड्डाका बाहिनीपति सहायक रथी जीतबहादुर गुरुङले कालिञ्चोक गाँउपालिकाका प्रमुख विनकुमार थामी र उपप्रमुख कालिका पाठकलाई प्रमाणपत्र हस्तान्तरण गरेका थिए।

घ्याङडाँडाबाट कालिञ्चोक मन्दिरसम्म पुग्ने उक्त पदमार्ग भूकम्पले क्षति भएपछि धेरै पर्यटकहरू जोखिम मोलेर कालिञ्चोक मन्दिर पुग्ने गरेका थिए भने कतिपय पर्यटक बीच बाटोबाटै फर्कन बाध्य हुने गरेका थिए। कालिञ्चोक मन्दिरको प्रस्थान विन्दु कुरीबाट ठाडो उकालो लाग्ने बाटो भन्दा घ्याङडाँडाबाट मन्दिर पुग्ने बाटो छोटो र सहज रहेको स्थानीय होटल व्यवसायीहरू बताउँछन्। उक्त बाटोको मर्मत तथा स्तरोन्नतिपछि कालिञ्चोक मन्दिर पुग्ने पर्यटकलाई निक्कै सहज भएको स्थानीय होटल व्यवसायी चन्द्र लामाले बताए।

पदमार्ग मर्मत तथा स्तरोन्नतिका लागि जिल्ला विकास समिति दोलखाले ५ लाख ५० हजार, दोलखाका उद्योगी व्यवसायीले ६० हजारबराबरको निर्माण सामग्री र रणभीम गणले ६५ हजारबराबरको निर्माण सामग्री खरिद तथा श्रमदान गरेको गणपति रेस्मी मगरले बताए।

रणभीम गणले घ्याङडाँडाबाट कालिञ्चोक मन्दिरसम्मको करिब २ किलोमीटर पदमार्गमा मेसीनरी वाल, फलामे भऱ्याङ, सिढी निर्माण गरेको रणभीम गणले जनाएको छ।

पदमार्ग हस्तान्तरण कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै नेपाली सेनाको ९ नम्बर बाहिनी अड्डाका बाहिनिपति सहायक रथी जीतबहादुर गुरुङले विकास निर्माणमा साझेदारी गर्ने नेपाली सेनाको लक्ष्यअनुसार रणभीम गणले धार्मिक पर्यटकीय स्थल कालिञ्चोकमा पदमार्ग मर्मत तथा स्तरोन्नति गरेर प्रशंसनीय काम गरेको बताए। उनले नेपाली सेना सधैं विकास र समृद्धिको पक्षमा रहेको र नेपाली जनतासंग विकासमा साझेदारी गर्न तयार रहेकोसमेत बताए।

कालिञ्चोक गाँउपालिकाका प्रमुख विनकुमार थामीले स्थानीय जनप्रतिनिधिले विकास निर्माणमा नेपाली सेनालगायत सबै पक्षसंग समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे। कार्यक्रममा स्थानीय विकास अधिकारी शङ्कर नेपाल र रणभीम गणका गणपति झवेन्द्र रेस्मीमगरले पनि विकासमा सबै पक्षको साझेदारी आवश्यक रहेने बताएका थिए।

### शेयर...

परिसूचक नकारात्मक हुँदा मंगलबार कारोबारमा आएका ८ मध्ये ५ समूहका परिसूचकमा रातो रङ पोतिए। घट्नेमा जलविद्युत समूह सर्वाधिक ९ दशमलब ७६ अंकले घट्यो। त्यस्तै वित्त समूह ६ दशमलब ७८, उत्पादनमूलक समूह ५ दशमलब शून्य ४, बैंकिङ समूह ३ दशमलब ४७ र होटल समूह ३ दशमलब ४ अंकको गिरावट आए।

मंगलबार बीमा समूहमा सबैभन्दा धेरै ५ दशमलब ४२ अंकको सुधार आयो। त्यस्तै विकास बैंक र अन्य समूह पनि क्रमश: शून्य दशमलब ५९ र शून्य दशमलब २९ अंकले बढे।

मंगलबार सबैभन्दा धेरै हिमालयन जनरल इन्स्योरेन्सको कारोबार भयो। कम्पनीका ३० हजार ५ सय ८२ कित्ता शेयर ५ करोड १४ लाख ५३ हजार ६ सय ८४ रुपियाँमा कारोबार भए। कारोबार रकमका आधारमा लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी र स्ट्यान्डर्ड चार्टर्ड बैंक क्रमश: दोस्रो र तेस्रो स्थानमा रहे।

आइतबारको कारोबारमा सबैभन्दा धेरै कमाउनेमा राष्ट्रिय बीमा कम्पनीका संस्थापक लगानीकर्ता रहेका छन्। कम्पनीको शेयर मूल्य ६ दशमलव शून्य ९ प्रतिशतले बढ्दा वर्ल्ड मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडका लगानीकर्ताले सर्वाधिक ९ दशमलव ६७ प्रतिशत गुमाए।

### ५ वर्षभित्र...

मंगलबार गृहमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले कारागार नियमावली संशोधन गर्दै कैदीबन्दीको राशन, सिदा, नाबालक सिदा, सुत्केरी खर्च तथा दाहसंस्कार खर्च समयानुकुल बढाउँदै कैदीले समेत श्रम गर्नसक्ने व्यवस्था मिलाउने तयारी भइरहेको जानकारी दिनुभयो।

अपराधको प्रकृति, कैदी बन्दीको अनुशासन, कैद भुक्तान अवधि आदि हेरी प्रहरी प्रशासन कै निगरानीमा कैदीहरूले तोकिएको विकास निर्माणको काम गर्न पाउने व्यवस्था मिलाउन लागेको मन्त्री शर्माले जानकारी दिनुभयो।

ट्राफिक नियम उल्लंघन गरेवापत ट्राफिक प्रहरीलाई राज्यले उपलब्ध गराउँदै आएको १५ प्रतिशत कमिसन हटाएको उहाँले घोषणा गर्नुभएको छ। उहाँले गृह प्रशासन सुधार गर्न ८२ बुदें मार्गचित्रको बारेमा समेत मन्त्री शर्माले जानकारी गराउनुभएको थियो।

उहाँले पटकपटक सरुवा र बढुवाका लागि विवादमा पर्दै आएको नेपाल प्रहरीका उच्च अधिकारीदेखि प्रहरी जवानलाई बढुवाका लागि शक्तिशाली व्यक्ति र निकायको ढोका चाहार्न बाध्य हुनुपर्ने अवस्था अन्त्य गर्न आफू सक्रिय भएकाले ढोकाढोकामा नजानसमेत आग्रह गर्नुभयो।

...बढुवा, क्षमता विकास र सरुवाका लागि समयतालिका र निश्चित मापदण्ड तयार गरी अनुमान योग्य प्रणालीको विकास गर्न आफूले गृहकार्य गरिसकेको र बढुवाको स्पष्ट नीति बनाइ पद खालि भएको एक महिनाभित्र बढुवाको प्रक्रिया अघि बढाउने व्यवस्था मिलाउने तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो।

संयुक्त राष्ट्रसंघबाट खटिने मिसनहरूमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका कर्मचारीको सहभागीता बढाउन आवश्यक पहल गर्दै मिसन पठाउने जनशक्ति छनोटका लागि पारदर्शी मापदण्ड बनाउने मन्त्री शर्माले बताउनुभयो ।

राजधानीको ठमेल, दरबारमार्ग तथा पोखराको लेकसाइडजस्ता स्थानका बजार २४ घण्टा खुल्ला गर्ने गृहकार्य अन्तिम चरणमा पुगेको बताउँदै उहाँले भन्नुभयो- 'प्रहरी कर्मचारीलाई ड्युटी आवरभन्दा बढी समय काममा नलगाउन आवश्यक अध्ययन गरेर निर्णयमा पुगिनेछ।'

# अर्थ

{ चुक्ता पुँजीमा संस्थापक शेयरको अंश ५१ प्रतिशत कायम रहने गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रस्तावसमेत पारित गरेको छ।


ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| वितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असार १४, जुन २८ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।८४ | १०३।४४ |
| युरो १ का रु. | ११५।७० | ११६।३७ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३१।१६ | १३१।९२ |
| स्विस फ्रन्क १ का रु. | १०६।४० | १०७।०२ |
| अस्ट्रेलियन डलर १ का रु. | ७८।२८ | ७८।७४ |
| क्यानाडियन डलर १ का रु. | ७७।७६ | ७८।२२ |
| सिङ्गापुर डलर १ का रु. | ७४।२२ | ७४।६५ |
| जापानी यन १० का रु. | ९।२१ | ९।२७ |
| चिनियाँ युआन १ का रु. | १५।०९ | १५।१८ |
| साउदी अरब रियाल १ का रु. | २७।४२ | २७।५८ |
| कतारी रियाल १ का रु. | २७।२८ | २७।४४ |
| थाई भाट १ का रु. | ३।०३ | ३।०५ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।०० | २८।१६ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९८ | २४।१२ |
| दक्षिण कारियन वन १०० का रु. | ९।०५ | ९।१० |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | ११।८३ |
| डनिस क्रानर १ का रु. | १५।५६ |
| हङकङ डलर १ का रु. | १३।१८ |

**नोटः** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# लक्ष्मी बैंकले ३८ प्रतिशत बोनस शेयर दिने

काठमाडौं, (नेस)

लक्ष्मी बैंकको १६औं वार्षिक साधारणसभा मंगलबार सम्पन्न भएको छ। सञ्चालक समितिका अध्यक्ष शम्भुप्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्नुको साथै आर्थिक वर्ष २०७२/७३ को बैंकको वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गरेको छ।

साधारणसभाले चालू आवसम्मको सञ्चित मुनाफाबाट २०७३ आसार मसान्तमा कायम शेयर पुँजीको ३८ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पनि पारित गरेको छ। सो बोनस शेयर २०७३ असार मसान्तपश्चात प्रोफेसनल दियालो विकास बैंकलाई प्राप्ति गरेवापत शेयरधनीलाई जारी गरिएको शेयर तथा शतप्रतिशत हकप्रद शेयरपश्चात हाल कायम पुँजीको १८ दशमलव २९ प्रतिशत हुन आउने बैंकले बताएको छ।

साथै सभाले बैंकको चुक्ता पुँजीमा संस्थापक शेयरको अंश ५१ प्रतिशत कायम रहने गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रस्तावसमेत पारित गरेको छ। सभाले सर्वसाधारण शेयरधनीको तर्फबाट विश्वकरण जैन तथा स्वाति रुङ्टालाई सञ्चालक समितिमा निर्वाचित गरेको छ।


नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...



## हकदावीको सूचना

ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका, वडा नं. १३ मा बस्ने श्री ज्यान ब. श्रेष्ठको नाति, श्री अष्ट ब. श्रेष्ठको छोरा श्री जितेन्द्र प्रकाश ब. श्रेष्ठको मिति २०७३/११/०२ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ००१०५०१०१६२७०२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती जानी श्रेष्ठले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौं
फोन नं. :- ४२४२५३०, ४२२८२२९
फ्याक्स :- ४२२६३४९, ४२२८९२७



बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**बैंक अफ काठमाण्डू लिमिटेडको ७५ औं शाखा संचालनमा**

ग्राहक महानुभावहरूको सुविधालाई ध्यानमा राख्दै यहि असार १४, २०७४ बाट बैंक अफ काठमाण्डू लिमिटेडले आफ्नो ७५ औं टिमुरे शाखा, गोसाइकुण्ड गाँउपालिका वडा नं. २, रसुवा जिल्लाबाट कारोबार संचालन सुरू गरेको व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सम्पर्क नं.:०१-६९२४८३०



**CAPITAL MEDIA GROUP (CMG)** is a media group consisting of **Capital FM 92.4** in Kathmandu, **Radio Sarangi 93.8** in Kaski and **Radio Sarangi 101.3** in Morang. CMG, to enhance its broadcast and expand its multimedia media platforms requires competent and qualified media persons to work in the following positions.

VACANCY
capitalFM 92.4 cent percent yours...

**Sr. Radio Presenter/Reporter (Male/Female) - 2**

Requirements: Bachelors degree preferably in Mass Communication and Journalism or any other social sciences. Minimum 5 years experience in radio journalism (reporting, radio production and presentation). Expertise of finding issues, news collection and editing. Good hand on social media with basic knowledge of multimedia/online platforms. Excellent verbal and nonverbal communication skills in Nepali, appealing radio voice. Technical skills of audio and video production as well as photography will be an added advantage.

**Radio Presenter/Reporter (Male/Female) - 5**

Requirements: Bachelors degree preferably in Mass Communication and Journalism or any other social sciences. Minimum 3 years working experience in radio journalism (field reporting, radio production and presentation). Excellent verbal and nonverbal communication skills in Nepali language, appealing radio voice. Basic knowledge of social media/ multimedia/online platforms. Technical skills of audio and video production and photography or any of the mentioned.

**Jr. Radio Presenter/Reporter (Male/Female) - 3**

Requirements: +2 degree preferably in Journalism. Minimum 1 year experience in radio journalism (reporting, radio production and presentation). Excellent verbal and nonverbal communication skills in Nepali language, appealing radio voice. Technical skills of audio and video production as well as photography or any of the mentioned.

**Broadcast Technicians (Male/Female) - 2**

Requirements : +2 graduate in any stream. Minimum 3 years experience in radio broadcasting. Good knowledge of technical issues of radio (FM station) broadcasting. Expertise of audio recording, editing and mastering and ON-air broadcast as well as outdoor broadcasting. Skills of video editing and graphics will be added advantage.

**Camera Person cum Video Editor (Male/Female) - 1**

Requirements : +2 graduate in any stream. Minimum 1 years experience in relevant field. Good knowledge of videography & camera operation. Skill of video editing, mixing & basic graphics, knowledge of different video formats and video editing software.

**Social Media and Content Management Associate (Male/Female) - 1**

Requirements : +2 graduate in any stream. Experience in content development and publishing on websites and other online platforms. Understanding of social media platforms (Facebook, Twitter, Instagram, YouTube, etc.) and content management in each platforms. Skills of graphic designing, photo editing and video editing will be preferred.

Candidate must be able to work at odd hours, under pressure and multicultural environment. Ideal candidates for all the mentioned posts should be willing to work in modern newsroom culture and for the promotion of ethical journalism.
Deserving and interested candidates are requested to send their CV and a Cover letter to **vacancy.cfm@gmail.com** within **2nd July 2017, Sunday**. Mention position applied for as "*Application for the post of...*" on the subject of email.

**We offer competetive & attractive salary as per the government rules.**


# महिन्द्राद्वारा प्राविधिकलाई तालिम

काठमाडौं, (नेस)

नेपालका लागि महिन्द्रा गाडीको आधिकारिक विक्रेता अग्नि ग्रुपअन्तर्गत बालाजु अटो वर्क्सले स्थानीय प्राविधिकका लागि प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रमको मुख्य लक्ष्य महिन्द्रा जेनुइन स्पेयर पार्टस् तथा लुब्रिकेन्टको सहि उपयोग तथा उत्कृष्ट सर्भिसिङ सम्बन्धी सीप विकास गराई उनीहरूमा प्राविधिक रूपमा सक्षम बनाउनु रहेको कम्पनीले बताएको छ। यसमार्फत् प्राविधिकले ग्राहकको आवश्यकतालाई झनै उचित ढंगले समाधान दिन सक्ने बताइएको छ।

कार्यक्रम नेपालका लागि महिन्द्रा एन्ड महिन्द्राका कन्ट्री म्यानेजर चैतन्य कगलकार, भारतका लागि महिन्द्रा एन्ड महिन्द्राका आफ्टर-सेल्स् कन्ट्री म्यानेजर तपस पटनाइक तथा अग्नि इन्कर्पोरेटेडका असिस्टेन्ट डिरेक्टर वरदान बस्नेतको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

# बीमा अधिकर्ता तालिम सम्पन्न

काठमाडौं, (नेस)

बीमा समिति र कृषि विकास कार्यालय दोलखाको संयुक्त आयोजनामा एकदिने बीमा अभिकर्ता तालिम सम्पन्न भएको छ।

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक श्रीमान कार्कीले बीमासम्बन्धी कानुनी व्यवस्था, बीमा व्यवसायको वर्तमान अवस्था र चुनौतीदेखि यस क्षेत्रको विकास र विस्तारमा बीमा अभिकर्ताहरूले निर्वाह गर्नुपर्ने भूमिका विषयमा आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रममा झण्डै ६५ जना अभिकर्ताको सहभागिता रहेको थियो। यसप्रकारको कार्यक्रम बीमा समिति संलग्न भएर गरेको १०औं रहेको समितिका कार्यकारी निर्देशक श्रीमान कार्कीले बताउनुभयो। पछिल्लो पटक कृषि विकास मन्त्रालयले बाली तथा पशुपंक्षी बीमालाई समितिको समन्वयमा हरेक जिल्लामा यस किसिमको अभिकर्तासम्बन्धी तालिम दिँदै आएको छ।

## SHARE MARKET

27 JUNE SUNDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 11352.00 | 425.00 | 420.00 | 422.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 1429.00 | 558.00 | 545.00 | 552.00 | -2.00 |
| 3 | Arun Finance Limited | 700.00 | 196.00 | 193.00 | 193.00 | -7.00 |
| 4 | Arun Kabeli Power Ltd. | 2938.00 | 439.00 | 427.00 | 429.00 | -9.00 |
| 5 | Arun Valley Hydropower Dev Co. Ltd. | 4715.00 | 268.00 | 262.00 | 268.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2186.00 | 1489.00 | 1460.00 | 1487.00 | 21.00 |
| 7 | Bank of Kathmandu Ltd. | 14092.00 | 465.00 | 453.00 | 455.00 | -2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 280.00 | 265.00 | 260.00 | 261.00 | -2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 2525.00 | 304.00 | 303.00 | 303.00 | 0.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 110.00 | 6200.00 | 6198.00 | 6199.00 | -125.00 |
| 11 | Butwal Power Company Limited | 2350.00 | 633.00 | 630.00 | 630.00 | -10.00 |
| 12 | Central Finance Co. Ltd. | 276.00 | 175.00 | 175.00 | 175.00 | 0.00 |
| 13 | Century Commercial Bank Ltd. | 6600.00 | 371.00 | 365.00 | 366.00 | -1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1869.00 | 1555.00 | 1536.00 | 1541.00 | -2.00 |
| 15 | Chilime Hydropower Company Limited | 2249.00 | 835.00 | 810.00 | 815.00 | -4.00 |
| 16 | Citizen Bank International Limited | 10485.00 | 385.00 | 380.00 | 382.00 | 1.00 |
| 17 | Citizen Investment Trust | 1981.00 | 4110.00 | 4035.00 | 4070.00 | -30.00 |
| 18 | Civil Bank Ltd | 19696.00 | 247.00 | 240.00 | 240.00 | -7.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 273.00 | 1308.00 | 1273.00 | 1308.00 | 13.00 |
| 20 | Deprosc Development Bank Limited | 3145.00 | 1310.00 | 1280.00 | 1285.00 | -15.00 |
| 21 | Deva Bikas Bank Limited | 7497.00 | 275.00 | 270.00 | 275.00 | 1.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 141.00 | 223.00 | 215.00 | 215.00 | -5.00 |
| 23 | Everest Bank Limited | 17064.00 | 1426.00 | 1400.00 | 1400.00 | -15.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 613.00 | 918.00 | 883.00 | 900.00 | -1.00 |
| 25 | Excel Development Bank Ltd. | 1112.00 | 630.00 | 620.00 | 630.00 | 19.00 |
| 26 | First Micro Finance Dev Bank Ltd. | 4283.00 | 1028.00 | 1010.00 | 1020.00 | 9.00 |
| 27 | Forward Comm Micro Bittiya Sanstha Ltd. | 30.00 | 1724.00 | 1658.00 | 1724.00 | 98.00 |
| 28 | Garima Bikas Bank Limited | 2972.00 | 296.00 | 294.00 | 296.00 | -4.00 |
| 29 | Global IME Bank Limited | 14329.00 | 382.00 | 377.00 | 377.00 | -4.00 |
| 30 | Green Development Bank Ltd. | 340.00 | 640.00 | 631.00 | 635.00 | -5.00 |
| 31 | Guheshowori Merchant Bank & Finance Co. Ltd. | 850.00 | 269.00 | 259.00 | 260.00 | 1.00 |
| 32 | Gurans Life Insurance Company Ltd. | 2897.00 | 1055.00 | 1022.00 | 1025.00 | -25.00 |
| 33 | Gurkhas Finance Ltd. | 1025.00 | 192.00 | 186.00 | 186.00 | -3.00 |
| 34 | Hamro Bikas Bank Ltd. | 350.00 | 246.00 | 243.00 | 243.00 | -8.00 |
| 35 | Hamro Bikas Bank Ltd. Promoter Share | 5700.00 | 140.00 | 140.00 | 140.00 | 0.00 |
| 36 | Himalayan Bank Limited | 2930.00 | 895.00 | 885.00 | 886.00 | 3.00 |
| 37 | Himalayan Distillery Limited | 250.00 | 788.00 | 785.00 | 788.00 | 15.00 |
| 38 | Himalayan General Insurance Co. Ltd | 30582.00 | 1730.00 | 1670.00 | 1680.00 | 14.00 |
| 39 | ICFC Finance Limited | 4010.00 | 282.00 | 278.00 | 278.00 | -6.00 |
| 40 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 7643.00 | 199.00 | 195.00 | 197.00 | -1.00 |
| 41 | Janaki Finance Ltd. | 99.00 | 261.00 | 258.00 | 258.00 | 2.00 |
| 42 | Janata Bank Nepal Ltd. | 34328.00 | 273.00 | 261.00 | 261.00 | -9.00 |
| 43 | Janautthan Samudayic Lagh Bikas Bank Ltd. | 127.00 | 3130.00 | 3055.00 | 3130.00 | 35.00 |
| 44 | Jebils Finance Ltd. | 310.00 | 257.00 | 252.00 | 257.00 | 1.00 |
| 45 | Jyoti Bikas Bank Limited | 3803.00 | 217.00 | 210.00 | 210.00 | -7.00 |
| 46 | Kabeli Bikas Bank Limited | 200.00 | 545.00 | 545.00 | 545.00 | -3.00 |
| 47 | Kailash Bikas Bank Ltd. | 3020.00 | 329.00 | 323.00 | 325.00 | -4.00 |
| 48 | Kalika Microcredit Development Bank Ltd. | 360.00 | 1700.00 | 1700.00 | 1700.00 | 0.00 |
| 49 | Kanchan Development Bank Limited | 960.00 | 315.00 | 303.00 | 303.00 | -10.00 |
| 50 | Kankai Bikas Bank Ltd. | 9289.00 | 564.00 | 544.00 | 554.00 | 5.00 |
| 51 | Karnali Development Bank Limited | 436.00 | 306.00 | 300.00 | 300.00 | 0.00 |
| 52 | Khanikhola Hydropower Co. Ltd. | 496.00 | 220.00 | 207.00 | 208.00 | -1.00 |
| 53 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 100.00 | 2840.00 | 2805.00 | 2840.00 | 30.00 |
| 54 | Kumari Bank Limited | 17754.00 | 328.00 | 320.00 | 324.00 | 2.00 |
| 55 | Lalitpur Finance Ltd. | 55.00 | 175.00 | 175.00 | 175.00 | -2.00 |
| 56 | Laxmi Bank Limited | 6597.00 | 392.00 | 389.00 | 392.00 | 4.00 |
| 57 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 2076.00 | 1885.00 | 1860.00 | 1867.00 | -21.00 |
| 58 | Laxmi Value Fund-1 | 47716.00 | 12.70 | 12.40 | 12.70 | 0.20 |
| 59 | Life Insurance Co. Nepal | 359.00 | 2020.00 | 2011.00 | 2020.00 | 10.00 |
| 60 | Lumbini General Insurance Co. Ltd. | 46803.00 | 1020.00 | 948.00 | 983.00 | 53.00 |
| 61 | Machhapuchhre Bank Limited | 33478.00 | 362.00 | 353.00 | 360.00 | -2.00 |
| 62 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 459.00 | 1230.00 | 1210.00 | 1220.00 | -5.00 |
| 63 | Manjushree Finance Ltd. | 3325.00 | 162.00 | 154.00 | 154.00 | -4.00 |
| 64 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1125.00 | 2330.00 | 2270.00 | 2277.00 | -8.00 |
| 65 | Mirmire Microfinance Development Bank Ltd. | 875.00 | 2260.00 | 2205.00 | 2249.00 | -11.00 |
| 66 | Miteri Development Bank Limited | 2610.00 | 533.00 | 524.00 | 524.00 | -10.00 |
| 67 | Mithila LaghuBitta Bikas Bank Ltd. | 145.00 | 1308.00 | 1300.00 | 1300.00 | -8.00 |
| 68 | Muktinath Bikas Bank Ltd. | 5648.00 | 955.00 | 935.00 | 940.00 | -12.00 |
| 69 | Muktinath Bikas Bank Ltd. Promoter Share | 560.00 | 490.00 | 490.00 | 490.00 | 0.00 |
| 70 | Nabil Bank Limited | 3543.00 | 1499.00 | 1485.00 | 1491.00 | 2.00 |
| 71 | NABIL Bank Limited Promotor Share | 11480.00 | 1105.00 | 1087.00 | 1089.00 | 4.00 |
| 72 | Nabil Equity Fund | 19664.00 | 9.94 | 9.80 | 9.94 | 0.14 |
| 73 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 90.00 | 3250.00 | 3235.00 | 3235.00 | -65.00 |
| 74 | National Life Insurance Co. Ltd. | 1431.00 | 2270.00 | 2235.00 | 2246.00 | -14.00 |
| 75 | National Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 1294.00 | 1294.00 | 1294.00 | 61.00 |
| 76 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 704.00 | 2350.00 | 2300.00 | 2300.00 | -40.00 |
| 77 | NB Insurance Co. Ltd. | 1438.00 | 1015.00 | 1000.00 | 1000.00 | -20.00 |
| 78 | Neco Insurance Co. Ltd. | 11577.00 | 1000.00 | 970.00 | 980.00 | -17.00 |
| 79 | Nepal Bangladesh Bank Limited | 12961.00 | 400.00 | 392.00 | 395.00 | -3.00 |
| 80 | Nepal Bank Limited | 100117.00 | 342.00 | 335.00 | 339.00 | -3.00 |
| 81 | Nepal Credit And Commercial Bank Ltd | 30038.00 | 372.00 | 358.00 | 365.00 | -12.00 |
| 82 | Nepal Doorsanchar Comapany Limited | 11890.00 | 663.00 | 650.00 | 663.00 | 1.00 |
| 83 | Nepal Grameen Bikas Bank Ltd. | 1610.00 | 755.00 | 746.00 | 750.00 | -9.00 |
| 84 | Nepal Insurance Co. Ltd. | 3959.00 | 1465.00 | 1440.00 | 1449.00 | -1.00 |
| 85 | Nepal Investment Bank Limited | 19157.00 | 754.00 | 735.00 | 745.00 | 2.00 |
| 86 | Nepal Inv Bank Ltd. Promoter Share | 16390.00 | 639.00 | 630.00 | 630.00 | 0.00 |
| 87 | Nepal Life Insurance Co. Ltd. | 7437.00 | 2075.00 | 2040.00 | 2075.00 | 5.00 |
| 88 | Nepal Life Insurance Co. Ltd. Promoter | 4000.00 | 1390.00 | 1390.00 | 1390.00 | 0.00 |
| 89 | Nepal SBI Bank Limited | 6916.00 | 940.00 | 927.00 | 930.00 | -2.00 |
| 90 | Nerude Laghubita Bikas Bank Limited | 1937.00 | 1289.00 | 1270.00 | 1270.00 | -15.00 |
| 91 | Ngadi Group Power Ltd. | 484.00 | 285.00 | 277.00 | 285.00 | 5.00 |
| 92 | NIBL Pragati Fund | 7575.00 | 9.80 | 9.70 | 9.70 | -0.20 |
| 93 | NIBL Samriddhi Fund 1 | 5000.00 | 11.95 | 11.95 | 11.95 | -0.05 |
| 94 | NIC Asia Bank Ltd. | 11037.00 | 444.00 | 435.00 | 442.00 | 3.00 |
| 95 | Nirdhan Utthan Bank Limited | 527.00 | 1975.00 | 1960.00 | 1975.00 | 25.00 |
| 96 | NLG Insurance Company Ltd. | 1479.00 | 1460.00 | 1452.00 | 1455.00 | -5.00 |
| 97 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1898.00 | 2750.00 | 2690.00 | 2730.00 | -9.00 |
| 98 | NMB Bank Limited | 9724.00 | 547.00 | 540.00 | 544.00 | -3.00 |
| 99 | NMB Hybrid Fund L-1 | 7847.00 | 9.85 | 9.73 | 9.80 | -0.01 |
| 100 | Oriental Hotels Limited | 10.00 | 672.00 | 672.00 | 672.00 | -13.00 |
| 101 | Pokhara Finance Ltd. | 2800.00 | 241.00 | 236.00 | 240.00 | -4.00 |
| 102 | Prabhu Bank Limited | 21352.00 | 402.00 | 395.00 | 400.00 | 0.00 |
| 103 | Prabhu Bank Limited Promoter Share | 35084.00 | 187.00 | 187.00 | 187.00 | -3.00 |
| 104 | Prabhu Insurance Ltd. | 808.00 | 1038.00 | 1030.00 | 1030.00 | 0.00 |
| 105 | Premier Insurance Co. Ltd. | 2141.00 | 1650.00 | 1640.00 | 1641.00 | -14.00 |
| 106 | Prime Commercial Bank Ltd. | 11403.00 | 409.00 | 405.00 | 408.00 | 3.00 |
| 107 | Prime Life Insurance Company Limited | 3968.00 | 2584.00 | 2550.00 | 2550.00 | -20.00 |
| 108 | ProgressiveFinance Limited | 40.00 | 231.00 | 231.00 | 231.00 | -4.00 |
| 109 | Prudential Insurance Co. Ltd. | 530.00 | 1420.00 | 1415.00 | 1420.00 | 0.00 |
| 110 | Purnima Bikas Bank Ltd. | 105.00 | 304.00 | 299.00 | 299.00 | -5.00 |
| 111 | Rastriya Beema Company Limited | 80.00 | 13480.00 | 13200.00 | 13200.00 | -16.00 |
